
शान्ति, स्वतन्त्रता र विकासका लागि सञ्चार
अग्निचक्र
राष्ट्रिय मासिक
मुख्य पार्टीमा आन्तरिक द्वन्द्व
अग्ला राजनको पीडा
क्रान्ति जारी छ
- गणेशमान पुन

वर्ष २, अंक १   का.जि.प्र.द.नं. ३२/०६६/६७




**सम्पादक/प्रकाशक**
*Editor/Publisher*
लक्ष्मीनारायण भट्टराई
**L.N. Bhattarai**

**प्रमुख सल्लाहकार**
*Principal Advisor*
दुर्गाप्रसाद आचार्य
**Durga Pd. Acharya**

**सल्लाहकार**
प्रा.डा.अञ्जनीकुमार शर्मा
पं. मेघनाथ भट्टराई
रामकुमार राई
नत्थुप्रसाद वासकोटा
पुण्यप्रसाद आचार्य
नवीनकुमार पौडेल
मोहनप्रसाद आचार्य
गोपाल दाहाल

**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**निर्देशक**
गोपाल घिमिरे

**अभिभावक/ व्यवस्थापक**
**सिजुवा समाज नेपाल**
विनोद पौडेल

**संवाददाता**
विनोदमणि भट्टराई / दुर्गामणि सुवेदी

**पि.आर.ओ.**
सरोज पौडेल / प्रेम प्रसाई

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एलाइड न्युजपेपर डिस्ट्रिब्युटर्स नरदेवी
(उपत्यकाबाहिर)

**कम्प्युटर लेआउट**
एक्स्ट्रा प्रिन्ट आउट प्रा.लि., डिल्लीबजार
फोन : ०१-६२२४६११

**मुद्रण**
शुभदृष्टि छापाखाना प्रा.लि.
बिजुलीबजार, काठमाडौं

**कार्यालय** : ताहाचल, काठमाडौं
**सम्पर्क नं.** ९८५१०४०३३०, ९८४१३०८८३४
Email: news@agnichakra.com.np
agnichakramasik@gmail.com

# सम्पादकीय..................

## बाढी–पहिरो पीडितलाई राहत सामग्री पुऱ्याऊ

*बाढी पहिरोका कारण अकालमा मानिसहरूको ज्यान जाने क्रम रोकिएको छैन । विगत वर्षहरूमा जस्तै यसवर्ष पनि देशका विभिन्न ठाउँमा आएको बाढी पहिरोले ४० जनाको ज्यान गइसकेको छ । गृहमन्त्रालयको दैवी प्रकोप व्यवस्थापन शाखाका अनुसार बाढीबाट १५ र पहिरोबाट २५ जनाको ज्यान गइसकेको जनाएको छ । बाढी पाहिरोले दर्जनौं बस्ती विस्थापित भएका र लाखौं मूल्य बराबरको भौतिक सम्पत्ति नष्ट भएको छ । असारसम्मको स्थितिलाई मूल्याङ्कन गर्दा पनि मुलुकमा बाढी पहिरोले भयावहको स्थिति सिर्जना गरेको छ । अझै साउन र भदौमा आउने झरीले कतिको ज्यान लिने हो ? 'साउने झरी झैं रुन्छ मेरो मन' भन्ने झरीसँग तुलना गरिएर बनाइएको गीतले पनि साउनमा बढी पानी पर्ने सहजै अनुमान लगाउन सकिन्छ । यसले पनि बाढी पहिरो अझ बढाउने नै छ ।*

*मुलुकका विभिन्न ठाउँमा आएको बाढी पहिरोले गर्दा हजारौं घरपरिवार विस्थापित भएका छन् । सुनसरी खोलाको बाढीले गर्दा विस्थापित भई इनरुवास्थित अस्थायी शिविरमा बसेका पीडितहरूले रित्तो थाल ठटाउँदै जुलुस निकाले । गाँस, वास र कपासको माग गर्दै उनीहरूले यस्तो जुलुस निकालेका हुन् । तर उनीहरूलाई दुई किलो चिउरा र भुजाबाहेक अरू केही दिइएको छैन । यसैगरी मोरङ विराटनगरस्थित सिंघिया खोलामा बाढी आएपछि विस्थापित भएकामध्ये बालबालिका र वृद्धवृद्धा गरी १४ जना झाडापखाला, ज्वरो तथा रुघाखोकीको सिकार बनेका छन् । अछामलगायत मुलुकका विभिन्न ठाउँमा आएको बाढी पहिरोले विस्थापित भएकाहरूको अहिले यस्तै बिल्लीवाठ भएको छ ।*

*जनसङ्ख्याको तीव्र वृद्धिका कारण भइरहेको अव्यवस्थित बसोबास, वनजङ्गल विनास, नदी आसपासका क्षेत्रको अतिक्रमण, कमजोर र जोखिमयुक्त भौगोलिक अवस्थिति आदि इत्यादिले गर्दा दैवीप्रकोप दिनप्रतिदिन बढ्दै गएको छ । जनसङ्ख्या वृद्धिसँगै वनजङ्गल विनास पनि तीव्र गतिमा भइरहेको छ । 'हरियो वन नेपालको धन ' भन्ने कुरा अहिले नारामा मात्रै सीमित हुन पुगेको छ । त्यसैले पनि बाढी पहिरोको प्रकोप वर्षेनी बढ्दै गएको हो ।*

*दैवी प्रकोपलाई पूरै नियन्त्रण गर्न नसकिए पनि कम गर्न भने सकिन्छ । वृक्षारोपण गरेर भू-क्षय कम गर्न सकिन्छ । यसखाले जनचेतना आम जनतामा जगाउनु जरुरी छ । सरकारले पनि बाढी प्रकोपको ताण्डव मच्चिसकेपछि उद्धार र राहत प्रदान गर्नुको सट्टा दैवी प्रकोप नियन्त्रण गर्ने उपायहरू खोज्नु पर्दछ । बाढी पहिरोमा परी विस्थापित हुन पुगेका व्यक्तिहरूलाई पनि उचित राहतको व्यवस्था गर्नुपर्दछ । राज्यले नाना, खाना र छानाको व्यवस्था गर्नुपर्छ, स्थानीय प्रशासनले राहतको नाउँमा कनिका छर्ने काम गरेर मात्रै हुँदैन राहत सामग्री पर्याप्त सम्बन्धित ठाउँमा पुऱ्याउनु पर्छ । प्रकोपको ताण्डव मच्चिनुभन्दा पहिला रोकथाम र मच्चिसकेपछि उद्धार र राहत प्रदान गर्नु सरकारको कर्तव्य हो। यसलाई प्रथमिकतामा राखिनुपर्छ । ० ०*

# पाठकपत्र

## वाह ! रेखाको इशारामा तीन जना

'अग्निचक्र' राष्ट्रिय मासिकको २०६७ असार अङ्क पढेको थिए । जहाँ मैले पेज नं. ५ मा प्रस्तुत गरिएको यसभित्र ... मा नायिका रेखा थापाको पोजिसन देखेर हरेको हेर्‍यै भए । केहीबेर रेखाको फोटोमा टोलाइरहेपछि उनीमाथि लगातार तीन जना भद्र भलाद्मी र नाम कहलाएका आ-आफ्नो क्षेत्रमा पोख्त व्यक्तित्वहरूलाई देखेर झन मख्ख परेँ म । रेखाले घुँडा र हातलाई जमिनमा मुठी पारेर सेक्सी नजरमा दिएको आकर्षक स्टाइल यति राम्रो थियो कि बयान गरी साध्य छैन । रेखाको थपक्कैमाथि सफल बैंकर तथा अर्थविद् गोपाल घिमिरे अनि त्यसमाथि कलाकार तथा सञ्चारकर्मी डा. घनश्याम खतिवडा अनि सधैँभरि प्रकृतिका गुणगान गाउने सामुदायिक वन उपभोक्ता महासङ्घका अध्यक्ष भोला भट्टराईको फोटो साह्रै नै सुहाएको थियो । त्यसमा पनि भट्टराईको "जल, जमिन र जङ्गल कुनै पार्टी विशेषको नियन्त्रणमा हुनु हुँदैन ।" डा. खतिवडाले "शैक्षिक योग्यता सँगसँगै चलचित्र अध्यापन गराउँछौ ।" र गोपाल घिमिरेको "कोरिया प्रतिको आकर्षण" शीर्षकको रूपमा प्रस्तुत गरिएको देख्दा सम्पादक/प्रकाशक एल.एन. भट्टराईज्यूदेखि अत्यन्तै खुसी भएँ म । समय, वस्तु, परिस्थितिअनुसारको लेख, रचना, अन्तर्वार्ता र समाचार प्रस्तुत गर्नु र त्यसमा पनि पत्रिकाभित्र समावेश भएका विषयवस्तुमध्ये छानेर जम्मा चारवटालाई लाइनै मिलाएर सेटिङ गरेको देख्दा सम्पादक ज्यूको पत्रकारितामा खारिएको अनुभव हो कि जस्तो मलाई लाग्यो । जे होस् ०६७ असार अङ्कबाट म दङ्ग परेँ अनि कलम चलाए । कृपया प्रकाशित गरिदिनु होला, मेरो मनभित्रको उमङ्गलाई भन्न चाहन्छु सम्पादकज्यूलाई ।

– **नरेश के.सी.**, कीर्तिपुर, काठमाडौँ

## भविष्यवाणीमा अग्निचक्र

म रोजगारीको सिलसिलामा कतार आएर आफ्नो काम गरिरहेको छ महिना भएको थियो । कतारमा नेपालीको उपस्थिति देखेर म एक किसिमले दङ्गै परेको थिएँ । नेपाली भेटघाट हुँदा र भव्य उपस्थिति देख्दा आफ्नो घर गाउँ र परिवारको चिन्ता केही हदसम्म कम भएको महसुस गरेको थिएँ । मेरो क्लास फ्रेन्ड मुकुन्द गौतम पनि कतारमै थियो । ऊसँग भेट्ने कार्यक्रमअनुसार म ऊकहाँ गए । उसको कोठामा दुःख, सुखका गफ गर्दै जाँदा उसको सिरानी छेऊमा मैले "अग्निचक्र राष्ट्रिय मासिक" देखेँ । बाहिरी कभरमै मैले "कुर्सी तानातान" लेखिएको र वरिपरि प्रचण्ड-बाबुराम, झलनाथ-के.पी. र रामचन्द्र- शेरबहादुर अनि उनीहरूका बीचमा खाली कुर्सी देखे । त्यो स्पष्ट सङ्केत र व्यङ्ग्य प्रधानमन्त्री पदको लागि भएको कुर्सी तानातान हो भन्ने अड्कल सहजै काट्न सकिन्थ्यो । 'अग्निचक्र'ले प्रस्तुत गरेको त्यो सिन मैले आज पाठक प्रतिक्रियामा पत्र लेख्ने बेलासम्म पनि यथावतै थियो अर्थात् प्र.म. बन्न कसैले पनि सकेका थिएनन् र चाँडै त्यो होला भन्ने अवस्था पनि छैन किनकि प्र.म. को लागि भएका सबै प्रयासहरू असफल भएको दृश्य सबै सामु छर्लङ्गै छँदैछ । त्यसैले "खाली कुर्सी" 'अग्निचक्र'ले प्रस्तुत गरेअनुसार खाली भैरहेको देख्दा 'अग्निचक्र'को भविष्यवाणी साँच्चीकै मिल्दो रहेछ भन्ने कुरा प्रस्ट भयो । मेरो साथी मुकुन्दले 'अग्निचक्र' (तत्कालीन लभश्री) मासिकको फागुन ०६६ को अङ्कमा मनिषा कोइरालाले सम्पादक एल.एन. भट्टराईज्यूसँगको अन्तर्वार्ताबाटै नेपाली केटासँग बिहे गर्ने कुरा बताएअनुसार साँच्चै नै नेपाली केटासँग मनिषाको बिहे पनि भयो भन्ने कुरा मुकुन्दले भन्थ्यो । त्यसकारण 'भविष्यवाणीमा अग्निचक्र' शीर्षक राखेर मैले पत्र पठाएको छु । 'अग्निचक्र'को उत्तरोत्तर प्रगति होस् भन्दै एक पटक हाम्रा ३३ कोटी देवीदेवतालाई सम्झँदै कलम बन्द गर्दछु ।

– **वासुदेव ढकाल**, कतार




## नेपालको गौरव केदारनाथ

मिति २०६७ साल असार ३० गते म हाम्रो गाउँको साथी रमेश अधिकारीको बिहेमा मोरङको इटहरा जन्ती गएको थिएँ । इनरुवाबाट इटहरी-विराटचोक-पथरी-उर्लाबारी हुँदै इटहरा पुग्दाखेरी पूर्वको रमाइलो गाउँ-बस्ती र सम्म परेको रमणीय भू-भाग साह्रै नै लोभलाग्दो छ । इनरुवाबाट पश्चिम जाँदा केही वैराग लागे तापनि पूर्व जाँदाचाहिँ मन नै उत्साहित हुने गर्छ किन किन । जन्तीले खाना खाइसकेका थिए । म बिहेघरबाट बाहिर हाइवे बाटोतर्फ यसो घुम्न के निस्केको थिए, एकजना १३-१४ वर्षको भाइले हातमा एउटा रङ्गीन पत्रिका बोकेको देखे र मलाई त्यो हेरुँ-हेरुँ लाग्यो किनकि मैलो सानो रातो ब्याकराउण्डमा पहेँलो अक्षरले "चारहजार वर्षपछिको रहस्य" देखेको थिए । मैले त्यो भाइसँग पत्रिका केहीबेर पढ्न मागे । त्यो भाइले हाँस्दै भने दाइ यो पत्रिका हाम्रो छिमेकी गाउँ सिजुवा-५, कादुपाडामा घर हुनु भएका लक्ष्मीनारायण भट्टराईले सम्पादक/प्रकाशक भएर निकाल्नु भएको हो भन्दै मेरो हातमा थमाइदिए । मैले उत्सुकताका साथ हेरेँ । टोपबहादुर रायमाझी, मनमोहन भट्टराई, राजेन्द्र श्रेष्ठ, डा. अञ्जनीकुमार शर्मा र दुर्गाप्रसाद आचार्यहरूको नाम र शीर्षक कभरमै देखेँ । भित्र पल्टाएँ । सबै राम्रो लाग्यो । त्यसमा पनि चारधाममध्येको एक केदारनाथको शिर हाम्रै देशमा भएको कुरा पृष्ठ ७ मा सम्पादक-ज्यू आफैँले लेख्नु भएको "चार हजार वर्षपछि फेला परेको केदारनाथको शिर" बाट प्रस्ट भएँ । त्यो पढिसकेपछि नेपालीको गौरव र भाग्य बढेको कुरा मैले महसुस गरेँ । यस्तै प्रकारका खोजमूलक रचनाहरू 'अग्निचक्र'ले प्रस्तुत गरिरहोस् भन्ने सुझाव दिन चाहन्छु ।

– **चिरञ्जीवी गुरागाई**, इनरुवा, सुनसरी

## पाठकवर्गमा अनुरोध

**'अग्निचक्र' मासिक तपाईँलाई कस्तो लाग्यो ? यसमा प्रकाशित विषयवस्तुमा केन्द्रित रहेर प्रतिक्रिया लेखी पठाउनुहुने अपेक्षा गर्दछौं । साथै, यस पत्रिकामा तपाईं कस्तो सामग्री चाहनुहुन्छ ? सुझावका साथै लेख रचनाका लागि पनि स्वागत गर्दछौं ।**

**हाम्रो ठेगाना** :

**जी.पी.ओ. बक्स नं ८९७३**

**एनपीसी २९९, काठमाडौं ।**

**सम्पर्कः ९८५१०४०३३०,९८४१३०८८३४**

**Email :** agnichakramasik@gmail.com
news@agnichakra.com.np

# यसभित्र...

## त्रि.वि. पनिकाको व्यवहारले विद्यार्थी आक्रोशित

पृष्ठ ९





## अधिकार र अवसर मागेर होइन क्षमताको आधारमा खोसेर लिन सक्नुपर्छ

पृष्ठ १६-१८

## राष्ट्रियताको लागि राजसंस्था आवश्यक छ

पृष्ठ २६-२७




सुर्ती सेवन र क्यान्सर ...१० - ११
बैंकहरू एकआपसमा गाभिनु जरुरी छ ....१५
पं. मेघनाथ भट्टराईको सिर्जना ... १९
राष्ट्रको मेरुदण्ड भनेकै शिक्षा हो... २० -२१
गुणस्तरीय शिक्षामा कटिबद्ध ओस्कार कलेज ...२१
पेचिलो बन्दैछ राजनैतिक सङ्घर्ष ... २२-२३
शिक्षकहरू नै हाम्रा गहना हुन् ... २८ - २९
रीड मोडल स्कुलको बधाइ तथा विदाइ ... २९
सरकारले दूतावास स्थापना गरिदिओस् ... ३०
प्रकाश र निर्मलाको जीवन सङ्घर्ष ... ३१
पुष्पलाल र नेपाली राजनीति... ३२-३३
अटो / समाचार/शिक्षा ... ३३ - ३४/३६
केशवराज अधिकारीको दृष्टिकोण ... ३५
सुमनकुमार दाहालसँगको कुराकानी ... ३७
आयुर्वेद /सिर्जना/ समाचार / मुक्तक ... ३९-४१
खिलबहादुर खनालको विचार ... ४२
वैदेशिक रोजगार /बैंकिङ समाचार/ राशिफल ... ४३/४५
चलचित्र ... ४६



## निखिल सञ्चिताको चर्तिकला



पृष्ठ ४६

# "लभश्री" ८ अङ्क + "अग्निचक्र" ३ अङ्क = ननस्टप ११ अङ्कका झलक

२०६६ असोज वर्ष १ अङ्क १




२०६६ कार्तिक वर्ष १ अङ्क





२०६६ मङ्सिर वर्ष १ अङ्क




२०६६ पुस वर्ष १ अङ्क ४




२०६६ माघ वर्ष १ अङ्क ५




२०६७ साउन वर्ष २ अङ्क १




२०६६ फागुन वर्ष १ अङ्क ६




२०६६ चैत्र वर्ष १ अङ्क ७




२०६७ वैशाख वर्ष १ अङ्क ८




२०६७ ज्येष्ठ वर्ष १ अङ्क ९





२०६७ असार वर्ष १ अङ्क





एल. एन. भट्टराई........................

# अग्निचक्रसँग अग्ला राजन



नेपालकै सबैभन्दा अग्ला नागरिकका रूपमा चिनिएका राजन अधिकारीको जन्म पूर्वी नेपालको खोटाङ जिल्लाको मात्तिममा २०३५ भदौ १ गते भएको थियो । सुनसरी प्रकाशपुर -९ मा बाल्यकाल र माध्यमिक शिक्षासम्म अध्ययन गरेका अधिकारीले त्यसपछि झापा, शरणामतीमा दुई वर्ष बिताएका थिए । झापामै रहँदा २०५४ सालतिर १९ वर्षको उमेरमा अग्ला व्यक्तिका रूपमा चर्चा पाएका अधिकारी २०६५ मा मोरङ्ग वयरवन -७ 'रमाइलो' मा बसाइँ सरी आएका थिए । २०५१ सालमा झापा दुर्गापुरकी तारा पराजुलीसँग विवाह गरेका राजनका दुई सन्तान, छोरी रेसिका (वर्ष -८) तथा छोरा रेसि (वर्ष -४) का साथ हाल उनी सुनसरी इटहरी नगरपालिकामा बस्दै आएका छन् ।

लगातार उचाइ बढेर संसारकै अग्ला व्यक्तिहरूको हाराहारीमा पुग्न खोज्दाखोज्दै डाक्टरहरूको सल्लाहमा उनको हाइट ७ फुट ३ इन्च पुगेको बखत ०५७ चैत्रतिर डा. उपेन्द्र देवकोटाले अग्लो हुने राजनको हर्मोनलाई अपरेसनद्वारा रोक्ने काम गरिदिए नत्र भने उनी संसारकै अग्लो व्यक्ति हुने कुरा राजनले 'अग्निचक्र'लाई बताए । राजनको उचाइ बढ्नुमा उनको पिट्युटरी ग्रन्थी खराबी भएको पत्ता लागेको थियो र त्यससम्बन्धी उपचार थालि नेपालकै वरिष्ठ नशा शल्य चिकित्सक तथा पूर्व स्वास्थ्य मन्त्री डा. उपेन्द्र देवकोटाले शल्यक्रिया गरी उक्त ग्रन्थीलाई नाकबाट निकाली दिएका थिए सो ग्रन्थीको लम्बाई १.५ सेन्टिमिटर थियो । राजनले बताएअनुसार यदि त्यो अपरेसन नगरेको भए उनी नै संसारकै अग्लो व्यक्ति हुने थिए रे ।

***२०५७ चैत्रमा डा. उपेन्द्र देवकोटाले अग्लो हुने राजनको हर्मोनलाई अपरेसनद्वारा रोक्ने काम गरिदिए नत्र भने उनी संसारकै अग्लो व्यक्ति हुने कुरा राजनले 'अग्निचक्र'लाई बताए ।***

"अहिले जस्तो सबै कुरा बुझेको भए म अपरेसन गर्न दिन्नथे । किनभने उक्त अपरेसन पश्चात् मेरो उचाई बढ्न रोकियो ।

चिकित्सकहरूले उचाइ बढ्नुमा केही शारीरिक खराबी भएको अनुमान गर्दै आएका थिए । म चर्चामा आउनु अगाडि विश्वमै अग्ला व्यक्ति पाकिस्तानका थिए तर जब म चर्चामा आए (०५४ सालतिर) त्यसबेला विश्वकै दोस्रो अग्लो व्यक्ति थिएँ म । म चर्चित भएको केही वर्षमै विश्वका अग्ला भनिएका ती पाकिस्तानीको मृत्यु भयो र म दुई वर्षसम्म विश्वकै अग्लो व्यक्ति रहन सफल भए तर यो कुरा मेरो उचाइमा मात्र सीमित रह्यो । मभन्दा अग्लो व्यक्ति कोही दावा गर्न नआएकोले म विश्व प्रथम भएँ तर केही समयको अन्तरालपछि चाइनाका एक व्यक्ति सात फुट आठ इन्चका भएकाले र मेरो उचाइ सात फुट ३ इन्चमात्र भएकाले तिनै चाइनिज विश्वका अग्लामा देखिए तर फेरि केहि समयपछि उनलाई पनि टपेर चाइनाका अर्का एक व्यक्ति विश्वका अग्ला भएको कुरा थाहा पाइयो । यसर्थ म अहिले विश्वको तेस्रो अग्लो व्यक्ति तथा नेपालको सबैभन्दा अग्लो व्यक्ति रहन सफल भइरहेको छु", राजनले भने ।

राजन अधिकारी केही वर्ष अगाडि विश्व भ्रमणमा निस्किएका थिए । त्यतिखेर उनले भारत, पाकिस्तान, बङ्गलादेश, सिङ्गापुर, मलेसिया, कम्बोडिया, म्यानमार र थाइल्याण्डको भ्रमण गरी सकेका थिए तर स्वास्थ्यको कारण उनको विश्वभ्रमण स्थगित भयो । उनी भन्छन् - फेरि पनि अवसर मिलेमा र स्वास्थ्यले साथ दिएमा नेपाली पहिचानको लागि विश्व भ्रमणमा निस्कने सोच लिएको छु ।

**गुनासो र आग्रह**

राजन थाइल्याण्डको भ्रमणमा रहँदा २-३ वटा देश घुम्दै जाँदा सम्बन्धित नेपाली राजदुतावासले आफूलाई गर्नुपर्ने सहयोग नगरेको देख्दा उनी दुःखी भएको कुरा सुनाउँछन् । विदेशमा बस्ने नेपालीहरूले राजनको नाम मात्र सुनेका थिए । भेट्न पाएका थिएनन् तर जब उनलाई विदेशमा नेपालीहरूले भेटे सबैले खुसी भई गौरव अनुभव गरे तर नेपाली राजदुतावासले आफ्ना नेपाली नागरिकलाई गर्नुपर्ने जिम्मेवारी र दायित्व नगरेको देख्दा र आफैले त्यसको पीडा भोग्नुपर्दा देशकै अग्लो व्यक्तिको त हालत त्यस्तो हुँदा अन्य हाम्रा नेपाली दाजुभाइहरू जो सानो भन्दा सानो तल्लो स्तरमा काम गर्छन्, तिनीहरूको अवस्था के होला ?

▼▼▼

**देशकै अग्लो व्यक्ति जो राष्ट्रको गहना हो, उसलाई राज्यले वेवास्ता गर्नुहुँदैन तर म वेवास्तामै परेको छु र मलाई यसबाट धेरै दुःख र पीडाबोध अनुभूति भएको छ ।**

▲▲▲




राजदूतावासले आफ्नो जिम्मेवारी र दायित्व पूरा नगरेकोमा राजनले आफ्ना वेदनाहरू पोख्दै राजदूतलाई म नेपालकै अग्लो व्यक्ति हुँ, मलाई नेपाल राज्यले पठाएको हो भन्दा पनि राजदूतले म तपाईंलाई चिन्दिन भनी जवाफ दिँदा आफू धेरै दुःखी भएको गुनासो राजनले 'अग्निचक्र'सँग गरे ।

नेपाल राष्ट्रले देशको नाम जोडिएर आम नेपाली जनता र देश विदेशमा समेत चिनिएका जुनसुकै स्रोतहरूलाई राज्यले सम्मान गर्नुपर्छ । किनभने अग्ला व्यक्ति भनेर उसको नाम देशसँग जोडिएपछि राज्यले अवश्य नै सम्मान गर्नुपर्छ भन्ने राजनको आग्रह छ । उनी भन्छन् - "एउटा घरमा बाबुले छोराको लागि कति जिम्मेवारी बोकेको हुन्छ, जिम्मेवारी पूरा नगर्दा समाजमा कस्तो असर पर्छ भने जस्तै देशकै अग्लो व्यक्ति जो राष्ट्रको गहना हो, उसलाई राज्यले वेवास्ता गर्नुहुँदैन तर म वेवास्तामै परेको छु र मलाई यसबाट धेरै दुःख र पीडाबोध अनुभूति भएको छ, हाम्रो देशमा सम्मान गर्ने कुराहरूमा सत्य, तथ्य र वास्तविक कुराहरूलाई नहेरी नातावाद, कृपावाद र पैसाको चलखेलमा पुरस्कृत गर्ने गरिन्छ जो देखिएको कुरा हो, म राज्यप्रति दुःखी छु । राज्यले मेरो लागि सोचेर केही गरोस्, यो मेरो आग्रह हो । मेरो गुनासो र आग्रहलाई बुझेर आवश्यक सहयोग गरिदिनु हुन म सरकारसँग विनम्र अनुरोध गर्दछु ।

**आजकल उनी के गर्दैछन् ?**

राजन अधिकारी फाउण्डेसन (जुन उनको आफ्नै नामबाट खोलिएको हो) तथा उनको व्यक्तिगत तर्फबाट राजनले सामाजिक कार्यमा हात हाली समाजसेवीको रूपमा आफूलाई स्थापित गरिसकेका छन् । उनी भन्दछन् - "जहाँ सवारी साधनको अभाव छ र गरिबी छ त्यस्ता ठाउँमा मैले मेरो फाउण्डेसनद्वारा एम्बुलेन्सहरू सञ्चालन गरिरहेको छु । हाल मैले सुनसरी प्रकाशपुर, मोरङ्ग रमाइलो, राजघाट (दुर्गापुरी) र पथरी (जाते) मा एम्बुलेन्स सञ्चालनमा ल्याइरहेको छु, जुन चलिरहेको छ । यसबाट त्यस क्षेत्रका जनताहरूले प्रत्यक्ष रूपमा सेवा लिन पाइरहेका छन् । मैले जिल्ला जनस्वास्थ्य बराबरको सेवा शुल्कमा उक्त एम्बुलेन्सहरू सञ्चालन गराएको छु, गरिब, दुःखी, असहाय, वृद्ध र अपाङ्गहरूलाई अवस्था हेरी निःशुल्क सेवा दिने व्यवस्था पनि मिलाई दिएको छु । उक्त एम्बुलेन्सले कमाएको रकम सम्बन्धित एम्बुलेन्स व्यवस्थापन, चालक र एम्बुलेन्स मर्मतमा खर्च हुने र बाँकी सात प्रतिशत रकम संस्थाको कोषमा जम्मा हुने गरी प्रबन्ध मिलाएको छु । मेरो फाउण्डेसनले विभिन्न स्कुलहरूमा सहयोग पुर्‍याउँदै आएको छ । मोरङ बयरवनमा बिजुली, बाटो, सिञ्चाइ, पुल बनाउनमा समेत मैले विशेष योगदान पुर्‍याएको छु । साथै म हाल बस्दै आएको इटहरी नगरपालिका-५ मा पनि सामाजिक काममा सक्रिय हुँदै आएको छु, राजनले भने ।

वरिष्ठ समाजसेवी तथा प्रकृतिको अमूल्य वरदान, नेपालकै गहना राजन अधिकारीलाई उनको उत्तरोत्तर प्रगतिको लागि र प्रकृतिको अमूल्य वरदान बनी नेपालको नाम विश्वमा चिनाउन सफल हुनु भएकोमा नेपालकै सबैभन्दा अग्ला तथा विश्वकै तेस्रो अग्ला व्यक्ति राजनलाई 'अग्निचक्र'को तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । नेपाल सरकारलाई यस्ता व्यक्तित्वको संरक्षण, गास, बास, कपास, स्वास्थ्य, शिक्षा र सम्मान गर्न विनम्र आग्रह गर्दै कलम बन्द गर्दछु । जय गुरु गोरखनाथ बाबा !! ००

# प.नि.का.को व्यवहारले विद्यार्थी आक्रोशित



दुर्गाप्रसाद आचार्य .....




त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयका कर्मचारी र उनीहरूले गर्ने व्यवहार देखेर विद्यार्थीहरू रुष्ट भएका छन् । प.नि.का.मा कार्यरत कर्मचारीहरू विद्यार्थीले सोधेका कुराहरूको सही जवाफ दिदैंनन् । उनीहरू सकेसम्म बोल्न नपाए हुन्थ्यो जस्तो गर्दछन् । यदि बोलिहाले पनि सही सूचना दिदैंनन् । बीएको ट्रान्सक्रिप्ट लिन पनिका बल्खु पुगेका सुशील शर्मा पनि त्यहाँका कर्मचारीको व्यवहार देखेर रुष्ट हुँदै 'अग्निचक्र'लाई भने 'यहाँका कर्मचारी सकेसम्म बोल्दैनन् र बोली हाले उल्टो जवाफ दिन्छन् ।' शर्मा ट्रान्सक्रिप्ट सर्टिफिकेट लिन केही दिन अगाडि बल्खु पुगेका थिए । उनले त्यहाँका कर्मचारीलाई ट्रान्सक्रिप्ट निकाल्न कति पैसा लाग्छ भनी सोधेका थिए । त्यहाँका कर्मचारीले भनेजति रकमको भौचर त्यहीको नेपाल बैंकमा जम्मा गरेका थिए । तर, पछि भौचर पनिकामा पेस गर्दा त तपाइँले कम रकमको भौचर पेश गर्नुभयो भनी उनलाई उल्टै कर्मचारीले हप्काएका थिए । झण्डै दिनभरी जस्तै नेपाल बैंकमा लाइन लागेर पैसा जम्मा गरेका शर्मा पुनः अर्को दिन त्यसैगरी नेपाल बैंकमा पैसा जम्मा गर्न लाइन बस्न बाध्य भएका थिए । उनी मात्रै होइनन् उनी जस्ता कैयौं विद्यार्थीहरू प.नि.का.का कर्मचारीका कारण अनावश्यक दुःख पाइरहेका छन् । प.नि.का.को लापर्वाहीका कारण आफ्नो नाम त्रुटि भएपछि सच्चाउन पुगेका जलेश्वरका हरि राउत पनि यस्तै दुखेसो पोख्दै 'अग्निचक्र'सँग भन्छन् - 'यहाँका कर्मचारीमा सहयोगी भावना छैन, बोल्दा पनि पैसा लाग्छ कि जस्तो गर्छन् ।' लाखौं विद्यार्थी पढ्ने त्रिविमा परीक्षा नियन्त्रण कार्यालय बल्खुको व्यवहारबाट कोही पनि सन्तुष्ट हुन सकेका छैनन् ।

प.नि.का.का कर्मचारी देखेर त्रिविप्रति नै वितृष्णा पैदा हुनेहरू पनि धेरै छन् । उनीहरूको एउटै स्वर छ 'पनिकाका कर्मचारीले बानी नसुधारे यसप्रतिको मोह घट्दै जान्छ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत यसको प्रभाव पर्दछ ।' **त्रिवि गुणस्तरीय शिक्षा दिने संस्थाको नामले अन्तर्राष्ट्रिय स्तरमा परिचित छ । त्रिविले विगत ५० वर्षदेखि गुणस्तरीय जनशक्ति उत्पादन गर्दै आएको छ । गुणस्तरीय जनशक्ति उत्पादनमा कटिबद्ध त्रिविप्रति जनताको विश्वास बढ्दै गएको छ । तर, पनिकाका कर्मचारीले गर्ने व्यवहारबाट भने आम विद्यार्थी रुष्ट हुँदै गएका छन् । त्रिविको साख जोगाउने हो भने त्यहाँका कर्मचारीको बानी सुधार्नु पर्ने आवश्यकता देखिएको छ ।** ढिलासुस्ती, गुटबन्दीबाट पनिकालाई मुक्त गर्ने हो भने त्रिविप्रतिको आस्था विद्यार्थीमा अझै बढ्ने थियो ।

त्रिविलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने र नमुना योग्य शैक्षिक संस्था बनाउने काममा लाग्नुपर्छ । यसका लागि त्रिविका प्राध्यापक, विद्यार्थी, कर्मचारीको कार्य दक्षताको जरुरत पर्दछ । त्रिवि कर्मचारी सङ्घलगायतका सङ्घ-सङ्गठनले त्रिविलाई कसरी नयाँ उचाइमा पुऱ्याउने भन्ने बारेमा अहोरात्र ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । पनिकामा भेटिएका अधिकांश विद्यार्थीहरूले पनि त्रिविलाई बचाइ राख्नका लागि त्रिवि सङ्घ लगायतका सङ्घ, सङ्गठन क्रियाशील हुनुपर्ने बताउँछन् । अहिले **त्रिवि कर्मचारी सङ्घको केन्द्रीय अध्यक्षमा भोजकुमार बस्नेत र सचिवमा पुण्यप्रसाद आचार्य लगायतका पदाधिकारीहरु हुनुहुन्छ ।** उहाँहरूको कुशल नेतृत्वले त्रिविलाई अझै उचाइमा पुऱ्याउन उल्लेखित भूमिका खेल्नुपर्ने अधिकांश विद्यार्थीहरूले गरेका छन् । उहाँहरूले त्रिविलाई माथि उठाउन खेलेको भूमिकालाई धेरैले प्रशंसा गरेका छन् ।

त्रिवि आफैमा प्रतिष्ठित संस्था हो । यसलाई अझ प्रतिष्ठित बनाउनका लागि त्यहाँ कार्यरत कर्मचारीको ठूलो योगदान चाहिन्छ नै । निजी प्रतिष्ठान वा सङ्घ संस्थामा जस्तै त्यहाँ पनि विद्यार्थीका समस्याहरूलाई समाधान गर्न कर्मचारी बढी क्रियाशील हुनु नै पर्दछ । त्रिविको इज्जत बढाउने काममा कर्मचारीको महत्त्वपूर्ण हात हुन्छ नै । यस्तो काममा त्यहाँका कर्मचारी तदारूकताका साथ लाग्नु पर्छ । **त्रिविको ५१ औं वार्षिक दिवसको अवसरमा त्रिविका उपकुलपति माधव शर्माले भौतिक पूर्वाधारको विकास, आधुनिक प्रविधिको विस्तार र पाठ्यक्रम तथा परीक्षा एवम् मूल्याङ्कन परिपाटीलाई समयसापेक्ष बनाउनु अहिलेको आवश्यकता रहेको बताएका छन् । उनले व्यक्त गरेको धारणालाई आत्मसात गर्दै त्यहा कार्यरत सम्पूर्ण जनशक्तिले विश्वविद्यालयलाई उदाहरणीय बनाउनु पर्दछ ।** अहिलेको आवश्यकता पनि यही नै हो । ००




# सुर्तीको सेवन र क्यान्सर



प्रा.डा. अञ्जनीकुमार शर्मा...

सुर्तीजन्य पदार्थको प्रयोगको कारण नेपालमा मात्र प्रति वर्ष १६००० भन्दा बढीको मृत्यु हुन्छ। सुर्तीजन्य पदार्थको प्रयोग गर्ने जनसङ्ख्या सहरी क्षेत्रमा (३७ प्रतिशत), ग्रामीण क्षेत्रमा (५८ प्रतिशत) र विकट पहाडी क्षेत्रमा (९९ प्रतिशत) पाइन्छ। विकट पहाडी क्षेत्रमा सुर्तीको सेवन गर्नेको सङ्ख्या हाम्रो मुलुकमा अति बढी छन्। नेपाली महिलाहरू विश्वव्यापी रूपमा बढी धुम्रपान गर्नेहरूमा गनिन्छन्। शिक्षित (४५ प्रतिशत), अशिक्षित (५५प्रतिशत)। हाम्रा मधेसवासीमा खैनीको प्रचलन अत्यधिक छ। सुर्तीको पातमा चुन मिसाई ओठ र गिजाको बीचमा राखी रस चुस्ने अति बढी भएकोले मुख वा गिजाको क्यान्सर भएका रोगी पनि बढेका छन्। साथै खैनीबाट निक्लेको घूक्षो नस जसो प्रयोग गर्नाले नाक, Larynx, Pharynx Esophagus को क्यान्सरको सङ्ख्या पनि बढेको छ।

सुर्तीजन्य पदार्थमा चार हजार किसिमका रासानिक पदार्थ पाइन्छ। त्यसमध्ये चार सयभन्दा बढी मानव शरीरलाई अस्वस्थ्य बनाउँछ र क्यान्सर कारक तत्त्वहरूमा गनिन्छ (Carcinogens) . यी रासायनिक पदार्थमा निकोटिन, कार्बनमनोअक्साइड, बेजाथेसिन, बेन्जापाइरिन, टा, आर्सेनिक, लेड इत्यादि मुख्य हुन्। धुम्रपान गर्ने व्यक्तिको श्वासनलीमा टार जम्मा भई नलीलाई साँघुरो पार्दछ र श्वास लिँदा चाहिने अक्सिजन फोक्सोमा पुग्दैन र रक्तको शद्धीकरण हुन्न, त्यसैले धुम्रपान गर्ने व्यक्ति सधैँजसो स्याँ-स्याँ र टार निकाल्न ख्वाक-ख्वाक गरी रहन्छ। यस्ता व्यक्तिहरू बारम्बार ब्रोन्काइटिस, दम, एजमाबाट पीडित रहन्छन् र दिनरात ख्वाक-ख्वाक गरिरहन्छन् र हिँडडुल गर्न पनि असक्त हुन्छन्।

एक खिल्ली चुरोट, बिँडी, कक्कर, तमाखुमा भएको सुर्तीमा २० मिलिग्राम निकोटिन हुन्छ। कसैले ६० मिलीग्राम निकोटिन खाएमा (३ वटा सिगरेटमा भएको) तत्काल मृत्यु हुन सक्छ। यो निकोटिन प्रयोग गरेको २० सेकेण्डमा शरीरको विभिन्न भागमा पुगी स्नायुलाई उत्तेजित गराउँछ। मुटुको धड्कन बढ्छ, ब्लडप्रेसर बढाउँछ र श्वास प्रणालीमा बाधा पुऱ्याउनुको साथै आँखाको दृष्टि, कानको सुन्ने क्रिया, आन्द्राको चालमा पनि कमजोरी गराउँछ र पाचनक्रिया कमजोर हुन्छ। सुर्तीको प्रयोगबाट पर्ने समस्याहरू विभिन्न छन्, त्योमध्ये खोकी लाग्ने, दम लाग्ने सबैभन्दा बढी पाइन्छ। मानसिक रोगहरूको मुख्य कारण सुर्तीको सेवन हो। बीच-बीचमा बिर्सने वा बेहोस हुनुको कारण पनि सुर्तीको सेवन हो वेहोस हुनुको कारण पनि सुर्ति सेवन हो र पक्षघात वा पैरेमिसिस पनि सुर्तीको प्रयोग गर्नेलाई धेरै पाइन्छ। उच्च रक्तचाप, मुटुको धमनीमा रक्तसञ्चारमा कमी हुने भएकोले Heart Attack वा खुट्टा, हात, आन्द्राको गैंग्रिन पनि भएको पाइएको छ। पाचनक्रियामा कमी भएको पनि सुर्ती सेवनकर्तामा पाइन्छ। प्रजनन शक्तिमा ह्रास हुने पनि देखिन्छ। अन्तमा फोक्सो, मुखको पाकस्थलीको, फुड पाईपको, प्यान्क्रियस पाठेघर, कोलन, स्तन, पिसाब थैलीको क्यान्सर पनि सुर्ती सेवनकर्तालाई अरूभन्दा बढी पाइन्छ।

सुर्तीको खेती नेपालमा पनि अन्दाजी ९३ हेक्टर जमिनमा गरिन्छ। नेपालमा खेतीजन्य उपलब्ध जमिनमध्ये ०.३ प्रतिशतमा सुर्तीको खेती गरिन्छ। त्यहाँ काम गर्ने व्यक्तिहरू आरम्भदेखि नै निकोटिनको लतमा फसेको हुन्छन्। बिँडी वा कक्कर वा तमाखुको परिकार बनाई काम गर्ने व्यक्तिहरूले व्यवहार गर्दछन्। सिरहा-भलुवाहीमा मेरो बुबाले पनि सुर्तीको खेती गर्नुहुन्थ्यो तर आफू कहिले व्यवहार गर्नु भएन । त्यसकारण हामीले पनि कहिले पनि गरेनौं। सुर्तीको खेतीबारे मलाई अचम्म लाग्थ्यो। सुर्तीको खेती गर्ने खेतमा आली पर्खाल वा सिमाना लगाइँदैनथ्यो। विभिन्न गाई, बाखा वा गधाले पनि सुर्तीको पात कहिले नखाने भएकोले, त्यसकारण आज मानिसले त्यस्तो सुर्ति खाने भएकोले त्यसको पाप त भोग्नैपऱ्यो। त्यसै कारण ब्रोङ्काइटिस, दम वा क्यान्सरको सिकार भएको रोगीको सङ्ख्या प्रत्येक वर्ष बढ्दो छ। साथै हार्टआटेक, पैराल्यासिस, गैंग्रीत हुनेको सङ्ख्या पनि प्रतिवर्ष बढ्दो छ।

धुम्रपान साथीभाइको लहलहैमा वा बडाजन, गुरुजन, कलाकार, सिने आर्टिस्टको नक्कल गर्नेहरूबाट सुरु गर्दछन्। तर एकपटक अम्मलमा फसेपछि छाड्न मुस्किल पर्छ र धुम्रपान वा सुर्तीको सेवन गर्नेमा विभिन्न रोगहरूको साथै क्यान्सर हुनेको

सङ्ख्या बढ्दो छ । शरीरमा निकोटिन मात्रा कम भयो भने अर्को खिल्ली वा जुम हाल्न तलतल लाग्छ र अन्ततः रोगी नै बनाई छाड्छ ।

**धुम्रपान गर्नेलाई सधैँ बेफाइदा मात्र हुँदैन निम्नलिखित फाइदा पनि देखिन्छ ।**

१. **घरमा चोर आउँदैन – रातभरी ख्वाक-ख्वाक गर्छन् ।**

२. **कुकुरले टोक्दैन – लठ्ठीले टेकेर हिँड्छन् ।**

३. **बुढो हुँदैनन् – सानै उमेरमा मरिहाल्छन्**

यी लाभहरू पाउन चाहनु हुन्छ भने धुम्रपान गर्नुस्ः तर घरका नानीहरूको माया छ भने विचार गर्नुहोस् ।

अन्तमा, सुर्तीजन्य पदार्थको बिक्री वितरणमा नेपाल सरकारले ठोस कदम लिन जरुरी छ । सुर्तीजन्य पदार्थबाट सरकारलाई फाइदा छ तर यसको व्यवहारबाट ठूलो जनशक्ति आर्थिक विनासको कारण भएको सावित भइसकेको छ । युवा जनशक्तिमा ह्रास भएको छ, त्यसकारण नेपाल सरकारले धुम्रपान वा सुर्तीको (खैनीको सेवनमा) कमी गराउनु जरुरी छ । सरकारले करबाट असुल गरेको रकमबारे आँखा चिम्ली स्वस्थ जनशक्ति बनाउनतर्फ क्रियाकलाप बढाउनु जरुरी छ । नत्र बेकम्मा जनशक्तिबाट देशको विकास हुन्न हुन्न तथा आर्थिक, पारिवारिक क्षमतामा कमी हुन्छ । ठाउँठाउँमा होर्डिङ्ग बोर्ड हटाउने, १६ वर्ष मुनिकालाई सुर्तीजन्य पदार्थ बिक्री वितरण नगर्ने तथा निषेधित क्षेत्रमा ( अस्पताल, पाठशाला, होटल, रेष्टुरेन्टमा) धुम्रपानमा प्रतिबन्ध लगाउनु जरुरी छ, साथै नयाँ तयार हुने संविधानमा पारित गर्ने




सकारात्मक कार्यवाही चलाउनु पर्छ (आग्रह मात्र गरी काम चल्दैन) CTEVT को पूर्ण पालना गर्नु जरुरी छ । हाम्रो छिमेकी मुलुक भुटानले गर्न सक्यो भने हामीले पनि गर्न सक्छौँ, सक्छौँ । राजनीतिक तथा सामाजिक एकबद्धताको खाँचो छ । पूरा गर्नै पर्छ । ००


# हार्दिक बधाई तथा शुभकामना



टी.आर. भट्ट

नेपाल रिक्रिएसन सेन्टर प्रा.लि. को कम्पनी–सचिवमा **श्री टी.आर. भट्टज्यू** नियुक्त हुनुभएकोमा उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौँ ।

| | | |
|---|---|---|
| नरोत्तमलाल जोशी | मुकेश खनाल | पुरुषोत्तम पौडेल |
| केशवराज अधिकारी | भरत कुमार शाक्य | प्रकाश थापा |
| क्रान्तिकारी युनियन | अमिर खड्का | क्रान्तिकारी युनियन |
| NRC परिवार | एल.एन. भट्टराई | क्यासिनो नेपाल परिवार |

तथा

**अग्निचक्र राष्ट्रिय मासिक परिवार**



# क्रान्ति अझै सफल भइसकेको छैन

**गणेशमान पुन**, अध्यक्ष, योङ कम्युनिस्ट लिग नेपाल (वाईसीएल)

***रुकुममा जन्मिएर बाल्यकाल पनि रुकुममै बिताई हुर्के-बढेका क्रान्तिकारी स्वभावका प्रखर वक्ता, देश र जनताको मुक्तिका लागि सधैँभरि लडिरहने, संसदको ठूलो दल एकीकृत नेकपा माओवादीको भातृ सङ्गठन वाईसीएल नेपालका केन्द्रीय अध्यक्ष गणेशमान पुनसँग अग्निचक्रका सम्पादक एल.एन. भट्टराईले समसामयिक विषय तथा खासगरी वाईसीएलका गतिविधिमा केन्द्रित रहेर गर्नुभएको कुराकानीका अंशहरूः***

❖ *वाईसीएलको बारेमा छोटकरीमा प्रकाश पारिदिनुहुन्छ कि ?*

➲ वाईसीएल भनेको नेपाली कम्युनिस्ट आन्दोलनमा नेपाली राजनीति, नेपाली जनयुद्ध, नेपाली जनआन्दोलन खास गरी नेपाली क्रान्तिको नयाँ मोडलबाट जन्मेको एउटा नयाँ प्रकारको सङ्गठन हो । यो विशेष खालको सङ्गठन हो । सङ्गठन युवाहरूको सङ्गठन हो । नेपालको एक मात्र क्रान्तिकारी कम्युनिस्ट पार्टी एकीकृत नेकपा माओवादीको सहायक सङ्गठन हो यो र अर्कातिर यो सङ्गठन युवाहरूको जुझारु सङ्गठन हो । त्यस्तै अर्को कुरा यो साम्राज्यवाद र सामन्तवाद विरोधी आम युवाहरूको एक खालको मोर्चा वा जनसङ्गठन हो । यसरी हेर्दा खेरी यी माथि भनिएका सबै स्वरूपहरूको एकीकृत स्वरूप भनेको योङ्ग कम्युनिस्ट लिग नेपाल हो र यसले क्रान्तिकालमा खासगरी क्रान्तिको भूमिका खेल्ने काम गर्छ । क्रान्ति सम्पन्न गर्ने काम गर्छ भने साथसाथै यसले प्रतिक्रान्ति कसरी रोक्न सकिन्छ त्यसको निम्ति आफ्नो भूमिकाहरू निर्वाह गर्ने काम गर्दछ ।

**वाईसीएलको पहिलो उद्देश्य नै नेपाली क्रान्ति सम्पन्न गर्ने हो ।**

❖ **के उद्देश्यले वाईसीएल गठन भयो ?**

➲ यसको पहिलो उद्देश्य नेपाली क्रान्ति सम्पन्न गर्ने । नेपाली क्रान्ति खासगरी दसवर्षे जनयुद्धबाट नेपाली जनताहरू, नेपालका उत्पीडित जनसमुदायहरू अहिले संविधानसभामा एक प्रकारको समावेशी प्रतिनिधित्व हुने स्थितिमा पुगेका छन् । क्रान्ति अझै सफल भइसकेको छैन, अझै पनि दलालहरू, तानाशाहहरू र सामन्तवर्गहरू जसले यो देशलाई बरबाद गरिराखेका छन्, जो जसले कमिसन, घुस, भ्रष्टाचारमा डुबेका छन् र नेपाललाई डुबाएका छन् र यहाँका उत्पीडित जाति, वर्ग, लिङ्ग, क्षेत्र, समुदाय र तमाम युवाहरूलाई बर्बादी गरिराखेका छन्, शोषण, दमन, अन्याय, अत्याचार गरिराखेका छन् र आम युवाहरूलाई एउटा नयाँ मान्छे एउटा वैज्ञानिक मान्छे बन्ने, एउटा साँच्चिकै एक्काईसौं शताब्दीको नयाँ मान्छे बन्ने तर्फ भन्दा पनि विविध प्रकारका विकृति, विसङ्गतिको शिक्षा दिइराखेका छन् । त्यो प्रकारले मन्द विष पिलाईराखेका छन् । त्यस प्रकारका मान्छेहरू अझै पनि अन्त्य भइसकेका छैनन् । त्यस्ता प्रकारका वर्गहरू, पार्टीहरू, शक्तिहरू अझै पनि बाँकी छन् । त्यसकारण ती शक्तिहरूलाई, त्यो प्रतिगामी प्रकारको शक्तिलाई हामीले अझै परास्त गर्नु परिराखेको छ त्यो गर्नको निम्ति ान्ति सम्पन्न गर्ने हो । दोस्रो उद्देश्य भनेको जति आम युवाहरू छन् । युवाहरूको हक-अधिकार सुनिश्चित गर्ने कुरा, युवाहरूलाई नयाँ बाटोमा लगाउने कुरा युवाहरूलाई सङ्गठित गर्ने कुरा । तेस्रो कुरा भनेको आम युवाहरू जो छन् ती युवाहरूमा भएका विकृति विसङ्गतिहरूको विरुद्धमा सङ्घर्ष गर्दै नव युवाहरू निर्माण गर्दै अगाडि जाने । चौथो कुरा भनेको हामीले नेपाली जनताको सहयोग सेवा गर्ने, राष्ट्रिय जनतन्त्र र जनविकासका सवालमा खासगरी जनकार्यहरू गर्ने । हामीले वृक्षारोपण कार्यहरू अगाडि बढाउँदै छौँ । हामीले विकास निर्माणलगायत विविध प्रकारका कार्यक्रमहरू अगाडि बढाएका छौँ । पाँचौ कुरा भनेको अन्तर्राष्ट्रिय रूपमा भएका न्यायपूर्ण कुराहरू जो छन्, समाजवादका निम्ति, जनवादका निम्ति, राष्ट्रिय मुक्तिका निम्ति र खासगरी

संसारमा भएको साम्राज्यवादी दमन, सबै प्रतिक्रियावादी दमनका विरुद्धमा हुने कुनै पनि न्यायपूर्ण आन्दोलनको पक्षमा हामीले समान गरेको छ नि, आधारमा ऐक्यबद्धता जाहेर गर्नका निम्ति सङ्गठननिर्माण गरेका हौं ।

**❖ आरोप लाग्ने गर्छ, घरजग्गा कब्जा गर्ने माओवादीको अर्धसैनिक संरचना भङ्ग हुनुपर्छ, यसको कसरी खण्डन गर्नुहुन्छ ?**

➲ आरोप त लाग्ने गर्छ नै । तर के हुन्छ भने बहुसङ्ख्यक नेपाली जनताको पक्षमा एउटा कुनै सङ्गठन बन्छ भने ती अल्पसङ्ख्यक खासगरी मुख्य ती शोषक वर्गहरूले यसको विरुद्धमा विषवमन गर्ने कुरा खासगरी यसलाई विघटन गर्ने कुरा उनीहरू कामना गरिरहन्छन्, त्यो अभियानमा लागिरहन्छन्, त्यस्तो खालको स्थितिमा पुगेको छ कि इतिहासमा वाईसीएलको सुनौलो अक्षरले के कुरा अङ्कित भइसकेको छ भने वाईसीएलले नेपालको युवा आन्दोलनले जनयुद्ध, जनआन्दोलनमा यति ठूलो भूमिका खेलेको छ, त्यही युवा आन्दोलनको युवा सङ्गठनहरूको अखिल नेपाल युवक संघ, जनवादी युवासंघ लगायतका योङ्ग कम्युनिस्टलिग यी सबैको एउटा सङ्गठनमा अर्थात् एउटा संश्लेषण रूप भनेको वाईसीएल हो । त्यसकारण अब यो एकातिर यस्तो भएको छ भने अर्कोतिर तपाईंले हेर्नु भयो भने जसरी प्रतिक्रान्ति गर्न खोजिराखेका थिए, यहाँका दलाल, नोकरशाह, पुराना प्रतिगामीहरू, प्रतिक्रियावादी वर्गहरूले जसरी नेपालको माओवादी आन्दोलनलाई पछि पार्न खोजेका थिए नि, त्यो आन्दोलनलाई बचाउने ती सबै प्रतिगामी शक्तिहरूको विरुद्धमा भण्डाफोर गर्ने, उनीहरूको प्रतिरोध गर्ने शक्ति भनेको वाईसीएल भयो ।

दोस्रो कुरा संविधानसभाको चुनाव हुन नदिनको लागि उनीहरूले हजारौं कोसिस गरेका थिए र उनीहरूको लट्ठीको भरमा एउटा विहारी टाइपको चुनाव गराउन चाहन्थे तर हामीले त्यसको प्रतिकार गर्‍यौं र नेपाली जनताको पक्षमा स्वयंसेवकको भूमिका, राजनीतिक प्रचार सबै हिसाबले एउटा राम्रो उदाहरण प्रस्तुत गर्‍यौं । यो कुरा उनीहरूको निम्ति ठूलो डाहको कुरा भइराखेको छ र एक वर्षसम्म जुन जनआन्दोलन सम्पन्न भयो त्यो जनआन्दोलनलाई नेपालको इतिहासमा कही नदेखिएको हुल जुलुस र जमात, लाखौंलाख नेपाली जनताको उपस्थिति थियो । माओवादीहरू जथाभावी गर्छन्, उच्छङ्खल मच्चाउँछन् र अनुशासनहीन हुन्छन् भन्ने खाले जुन आरोप लगाउनेहरूको निम्ति हामीले त्यस्तो लाखौंलाखको मासमा एकदमै अनुशासित ढङ्गले शान्तिपूर्ण रूपमा जनआन्दोलन गर्‍यो जो राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमै संसारभर राम्रो उदाहरण छर्न हामी सफल भयौं र यो प्रमाणित भयो कि माओवादीले अनुशासित भएर शान्तिपूर्ण जनआन्दोलन दसौंलाख जनतालाई साथमा लिएर गर्न सक्दोरहेछ भन्ने कुरा प्रमाणित गराउन सफल भयौं विश्वभर । जनआन्दोलन भइराखेको छ एकातिर, अर्कोतिर हामीले काठमाडौंको गल्लीगल्लीबाट फोहोर उठाउने काम गर्‍यौं । हाम्रा यी यस्ता राम्रा क्रियाकलाप देखेर उनीहरू विचलित भइराखेका छन् । ओहो वाईसीएलले साँच्चिकै जनताको मन जितिसक्यो भनेर । **त्यही भएर उनीहरूले वाईसीएलको विघटनको कुरा निकाल्ने गरेका हुन्, अनावश्यक रूपमा घरजग्गा कब्जाको कुरा उठाएर बखेडा झिक्ने गरेका छन् ।** हामीले जनताको मन जितेर संसदमै ठूलो दल भएको देख्न नसकेर वाईसीएलले गरेका सामाजिक क्रियाकलाप, समाजसेवा र प्रत्यक्ष जनतासँग मिलेर सहकार्य गरी अगाडि बढेको देख्न नसकेर पुराना अवसरवादी र माओवादीलाई मन नपराउने राजनीतिक दलहरूले हामीलाई विभिन्न खालका आरोप लगाउँछन्, लगाएका थिए र लगाइरहन्छन् यो उनीहरू विचलित भएर अबदेखि जनतालाई दास बनाउन नपाइने भयो, शासन गर्न नपाइने भयो भनेर वाईसीएलमाथि दोष थुपारेका छन्, अरू केही होइन ।

- ☛ **देशी-विदेशी षड्यन्त्रले गर्दा जनमत हुँदाहुँदै माओवादीले शासन गर्न नपाएको हो ।**
- ☛ **जनताको संघीय गणतान्त्रिक संविधान निर्माण गर्न हामी एकदमै अग्रपङ्क्तिमा लाग्छौं ।**
- ☛ **हामी राष्ट्रिय स्वाधीनताको लडाइँ लड्छौं ।**
- ☛ **नयाँ नेपाल निर्माणका निम्ति युवा परिचालन गर्छौं ।**
- ☛ **देशले एउटा सिस्टम समाओस्, नयाँ संविधान बेलैमा पाओस् ।**
- ☛ **माओवादीले दसौं लाख जनतालाई साथमा लिएर शान्तिपूर्ण जनआन्दोलन गर्न सक्दोरहेछ भन्ने कुरा विश्वभर प्रमाणित गराउन सफल भयौं ।**



**❖ ठूलो पार्टी भएर पनि माओवादीले पर्याप्त शासन गर्न पाएन, कसको कारणले गर्दा होला ?**

➲ हामी सङ्घर्षको लडाइँको एउटा प्रक्रियामा छौं । भयो केत भने जसरी हामीले प्रत्यक्ष निर्वाचनको रूपमा पर्याप्त बहुमत ल्याएका छौं, समानुपातिक निर्वाचन यी सबै हेर्दाखेरी हामी सबैभन्दा ठूलो पार्टीको रूपमा स्थापित भयौं । हामीले जनयुद्ध पनि जितेर आयौं, जनआन्दोलन पनि जित्यौं, शान्ति प्रक्रियाको टेबुलको चुनावमा पनि जित्यौं र संविधानसभाको आन्दोलनमा पनि जित्यौ, जितिसकेपछि पनि अझ बाँकी के रह्यो भने केही शक्तिहरू अझै पनि कोशिस गरेर दलालहरू, भारतीय विस्तारवादको सिधै निर्देशनमा हिँड्नेहरू र यो देशलाई बरबाद बनाउने ती शक्तिहरूको षड्यन्त्रमा अहिले मुलुक चलिरहेको छ । तिनका दलालहरू नेपालमा छन् । राजनीतिक दलालहरू, आर्थिक दलालहरू र विभिन्न प्रकारका दलालहरूले हाम्रो अभियानमा डिस्टर्ब गरेर षड्यन्त्रपूर्वक नेपाली जनताको मर्म, भावना र जनमतको विरुद्धमा माओवादीलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय चलखेलको षड्यन्त्रमा पारेर नै जनमत हुँदाहुँदै पनि माओवादीले शासन गर्न नपाएको हो । हामी त्यस्ता राष्ट्रिय/अन्तर्राष्ट्रिय दलालहरूलाई परास्त गरेरै छाड्छौं किनभने हामीसँग प्रत्यक्ष जनताको माया, विश्वास र भरोसा छ ।

**❖ वाईसीएलको अन्य पार्टीका भातृसङ्गठनसँग कस्तो सम्बन्ध छ ?**

➲ कतिपय कुराहरूमा हामीले पहिलेदेखि नै अन्य पार्टीका भातृसङ्गठनका साथीहरूसँग मिलेरै अगाडि बढ्दै आयौं । राष्ट्रियताको सवालमा, जनताको हक, अधिकार र राजनीतिक परिवर्तनको मोडमा सहकार्य गरेर

**हामी आधुनिकता चाहन्छौँ तर विकृति होइन । छाडा संस्कृतिले गर्दा समाजमा नराम्रो असर परिरहेको छ ।**

अगाडि बढ्यौँ र भविष्यमा पनि त्यसरी नै सहकार्य गरी अगाडि बढ्ने हाम्रो सोच हो तर पनि कतिपय अवस्थामा अन्य सङ्गठनका साथीहरूको कारणले नै कहीँ कहीँ झडप र दोहोरो कुटाकुट भइराखेको घटनाहरू बाहिर आउँछन् तर समग्रमा यो हाम्रो कारणले होइन कि उनीहरूकै कारणले झगडा हुने गरेको हो ।

**❖ राज्यले शान्ति सुरक्षा दिन सकेन, अब हामीलाई वाईसीएलले सुरक्षा प्रदान गरोस् भन्ने गर्छन् रे नि कहींकहीं जनताहरू ?**

➲ यो आफैले नै शान्ति सुरक्षा दिने संस्था, अथोरीटी त छैन तर पनि राज्यले सुरक्षा दिन नसकेको अवस्थामा वाईसीएलले एउटा आन्दोलनको रूपमा, जनसेवा, सामाजिक सेवाको रूपमा, सामाजिक अभियानको रूपमा निश्चय पनि हामी सक्षम पनि छौँ र तयार पनि छौँ । तर त्यो कसरी गर्नुपर्छ भने जनता आफैले आफ्नो सुरक्षा गर्नुपर्छ भन्ने अभियान चलाएर व्यापक जनपरिचालन गरेर गाउँ-गाउँमा टोलटोलमा युवाहरूलाई आफ्नो सुरक्षा आफै गरौँ भनेर त्यस्तो अभियानका साथ हामी गर्न सक्छौँ, सक्नुपर्दछ, जनसेवाको रूपमा । तर त्यस्तो गर्दा यो देशको प्रशासन, प्रहरी प्रशासन ल एण्ड अर्डरको कुरा छ र अर्को कुरा यसका लागि सबैले समन्वय गरेर अगाडि बढ्दा राम्रो हुन्छ ।

**❖ वाईसीएलले जनताको मन जितिरहेको छ भन्ने गरिन्छ, जनताको विश्वास अझ बढी पाउन वाईसीएलले के-के गर्नुपर्ला ?**

➲ पहिलो त सबै दलाल नोकरशाहहरू र अहिलेका यो सबै अस्थिरता कायम गर्न पैदा गर्ने शक्तिहरू, भारतीय चलखेलमा हिड्ने दलालहरू यिनिहरूको विरुद्धमा अग्रगामी संविधान निर्माण गर्ने कुरा, जनताको संघीय गणतन्त्र स्थापना गर्ने कुरा, जनताको संघीय गणतन्त्रको एउटा नयाँ संविधान निर्माण गर्ने कुरामा हामी एकदमै अग्रपङ्क्तिमा लाग्छौँ । दोस्रो कुरा, शान्ति स्थापना गर्न सबै खाले अराजकताको अन्त्य गर्नको निम्ति हामी लाग्छौँ । तेस्रो कुरा,



हामी राष्ट्रिय स्वाधीनताको लडाइँ लड्छौँ । त्यसअन्तर्गत संघीयता, धर्मनिरपेक्षता, युवाअधिकार, युवाको कार्यक्रमहरू, देश निर्माणको निम्ति युवा परिचालन गरेर देश विकासमा जुट्छौँ । चौथो कुरा भनेको जनताको गणतन्त्र र नागरिक सर्वोच्चताको लागि । पाँचौ कुरा भनेको हामी जनताको सेवा अरू विभिन्न हिसाबले गर्छौं जस्तो हामी सहकारी अभियान, उत्पादन अभियान, जनसेवा अभियान विविध रूपमा चलाउने छौँ । पर्यावरणसम्बन्धी खासगरी औद्योगिक शक्ति राष्ट्रहरूलगायतका कारणले पर्यावरणमा असर परिरहेको छ, उनीहरूले कार्बन उत्पादन गरिरहेका छन् । प्रकृतिको स्वरूपमा नै असर परिरहेको छ, त्यसको विरुद्धमा त्यसलाई घटाउनको निमित्त पनि हामीले अभियान चलाउनु पर्छ । वृक्षारोपण अभियान, पर्यावरण संरक्षण अभियान, हिमालको संरक्षण आदि कामहरू हामीले प्रचारात्मकदेखि लिएर क्रियात्मकसम्म हाम्रो अहिलेको नेपालको औकातअनुसार त्यस्ता कार्यक्रमहरू गर्नुपर्छ भन्ने मलाई लाग्छ । अरू पनि थुप्रै कुराहरू छन् - विकृति, विसङ्गति र गुण्डागर्दी यी सबको विरुद्धमा जनताहरूलाई जागरुक बनाएर एउटा अभियान, एउटा आन्दोलनको सृष्टि गर्न सक्यौं भने सामाजिक, सांस्कृतिक रूपान्तरण विभिन्न प्रकारको जातीय छुवाछुत अझै पनि कायमै छ, कतिपय ठाउँहरूमा अनि अहिले नयाँ र आधुनिकताको नाममा विकृति र छाडापन आइराखेको छ । हामी आधुनिकता चाहन्छौँ तर विकृति होइन । छाडा संस्कृतिले गर्दा समाजमा नराम्रो असर परिरहेको छ । हामीले यी सबैको अन्त्यको निम्ति समाजलाई देशलाई राम्रो बनाउनको निम्ति माथि मैले बताएका सबै कुराहरूमा सुधार गरी अगाडि बढ्यौँ भने पक्कै पनि जनताको मन अझ बढी जित्न हामी सफल हुनेछौँ भन्ने मलाई लाग्छ ।

**❖ जीवन र प्रेमको परिभाषा कसरी दिनुहुन्छ ?**

➲ सबै प्रकारका उकाली-ओराली, हारजित यी सबैको सङ्गम नै जीवन हो । सामाजिक भएर सार्थक जीवन जिउनु अर्थात् समाजको रूपान्तरणको निम्ति अघि बढ्नु नै वास्तविक जीवन हो । सबै प्रकारका चुनौती र हारहरूलाई सामना गर्दै विजयतर्फ अगाडि जानु, रूपान्तरणतर्फ, सफलतातर्फ अगाडि बढ्नु नै वास्तविक जीवन हो । र त्योसँग जोडिएको अर्को चिज प्रेम हो । प्रेम भनेको आनन्द, अनुभूति हो । समग्रमा भन्दा प्रेम भनेको जीवनको यर्थात् मानव जीवनमा र यो संसारमा शान्ति, सद्भाव, स्थायित्व र भाइचाराको सम्बन्ध स्थापित गर्ने चिज नै प्रेम हो । प्रेमविनाको जीवन, त्यो जीवन होइन । राष्ट्रप्रतिको प्रेम, मानवप्रतिको प्रेम, सर्वहारा वर्गप्रतिको प्रेम, श्रमिकहरूप्रतिको प्रेम हुँदै जाँदा पार्टी सङ्गठन प्रतिको प्रेम, ठूला प्रेमका नमुनाहरू यिनै हुन् । तर लिङ्गीय प्रेमको रूपमा प्रेमलाई जुन सस्तोमा हेरिन्छ, बजारमा देखिने त्यस्तो विकृतिलाई त्यो सस्तोपनालाई अर्थात् प्रेमको नाममा हुने विकृतिको अन्त्य गरिनुपर्छ । प्रेमको नाममा हुने विकृति, नाङ्गो क्रियाकलापको हामी विरोधी हौँ । घर परिवार आमाबाबु, छोराछोरी, श्रीमती सबैसँग प्रेम हुन्छ तर अलग-अलग प्रकारको । त्यसैले म के भन्छु भने प्रेम नै जीवन हो । समग्र विश्वलाई नै प्रेम गरौँ । शान्तिमा बाँचौ, हो त्यो नै वास्तविक प्रेम हो ।

**❖ अन्तमा के भन्नुहुन्छ ?**

➲ राष्ट्र जोखिममा परेको छ । राष्ट्रिय स्वाधीनताको निम्ति एक हौं । राजनीतिक अवस्था तरल भएर बगेको छ । नेपाल र नेपालीको जित हुने कुरालाई सधैं सर्वोपरी ठानेर राष्ट्र, राष्ट्रियता, गणतन्त्र र जनताको प्रत्यक्ष हक-अधिकार स्थापित हुने दिशातिर देश मोडिरहेको अवस्थालाई मध्यनजर गर्दै राष्ट्रघातीहरूबाट देशलाई बचाएर सबै नेपाली जनता एकताको सूत्रमा बाँधिएर अघि बढी इतिहासको यो कालखण्डमा देशलाई सङ्क्रमणकालबाट छिटोभन्दा छिटो मुक्ति दिलाई नेपाल र नेपालीको हितमा अघि बढ्न म सबै न्यायप्रेमी, देशभक्त, युवाशक्ति र आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई आग्रह गर्दै देशले एउटा सिस्टम समाओस्, नयाँ संविधान बेलैमा पाओस् र कसैको कुनै विदेशी र राष्ट्रघातीको चलखेलमा राष्ट्र नपरोस्, त्यसका निम्ति सबैले आ-आफ्नो ठाउँबाट देशलाई गर्ने सहयोग र आफ्नो पहिचानका लागि स्वतन्त्र भई विश्वमा शिर ठाडो पारेर हिँड्नु पाइरहनको लागि सबै नेपाली एकबद्ध भई राष्ट्र निर्माणमा जुटौं, नयाँ नेपाल बनाऔं भन्छु, तपाइँको लोकप्रिय पत्रिकामार्फत । र एल.एन.जी तपाइँलाई पनि धन्यवाद दिन चाहन्छु । ००

# बैंकहरू एकआपसमा गाभिनु जरुरी छ



**गोपाल घिमिरे**

नेपालमा बैंक तथा वित्तीय संस्था खोल्नेको लहर नै चलेको छ । नेपाल राष्ट्र बैंकले केही समयका लागि वित्तीयसंस्था दर्ता गर्ने अभियानलाई रोके पनि पहिले दर्ता भएका वित्तीय संस्थाहरूले अहिले धमाधम मुख्य कार्यालय र शाखाहरू विस्तार गरिरहेका छन् । सहरबजारका ठूला-ठूला आकर्षक महलहरूमा बैंकले शाखा खोलिसकेका छन् । करिब साढे दुई दर्जन वाणिज्य बैंक, सयको हाराहारीमा पुगेका विकास बैंक तथा दुई सय जति फाइनान्स, १२ हजारको सङ्ख्यामा रहेका सहकारीलगायतले मुख्य कार्यालय र शाखाहरू विस्तार गरिरहेका छन् । सहरका मुख्य चोक हेर्दा नेपालमा वितीय संस्थाहरू बाहेक अरू केही छैनन् जस्तो लाग्छ । सफा-सुग्घर आकर्षक र भाडा पनि राम्रो आउने गरेकाले घरधनी पनि सकेसम्म बैंकलाई र त्यसपछि मात्र अरूलाई भाँडा दिन रुचाउँछन् ।

नेपालमा उद्योगधन्दाहरू ज्यादै कम छन् । स्थापना भएका उद्योगहरू पनि मालिक र मजदुर बीचको खिचतानीले बन्द भएका छन् । २०६२/०६३ को दोस्रो जनआन्दोलनपछि मुलुकमा झनै अस्थिरता छाएको छ । तरल राजनीतिको फाइदा उठाएर दिनहुँजसो हुने बन्द हड्तालले वामे सरिरहेका उद्योगहरू पनि प्रायः बन्द भएका छन् । सर्वसाधारण जनताले बैंकमा सङ्कलन गरेको निक्षेप पनि केवल अनुत्पादक क्षेत्रहरू जस्तै- घर जग्गामा लगानी भएको छ । अहिले घरजग्गाको कारोबार पनि प्रायः ठप्प भएको छ । उत्पादनमूलक क्षेत्र धरासायी भएको यस्तो समयमा वित्तीय संस्थाहरू भने वर्षामा च्याउ उम्रेझैं उम्रेका छन् । वित्तीय संस्थाहरूको बाढी नै लागेको छ । यस्तो बाढी नेपालले कहिलेसम्म थेग्न सक्ने हो । त्यो भने हेर्न बाँकी नै छ ।

नेपाल राष्ट्रबैंकले पनि नेपालमा कति वित्तीय क्षेत्रको आवश्यकता छ ,त्यसको अध्ययन पूर्ण रुपमा नभई धमाधम बैंकहरू खोल्न अनुमति दिइरहेको छ । केही बैंकहरू जनताको निक्षेप रकमलाई जनताको नासोको रुपमा नलिई आफ्नो निजी सम्पत्ति सरह आफ्नो अनुकूलतामा प्रयोग गरिरहेका छन् । नेपाल विकास बैंक यस्तै भाग्ने मध्येको एउटा बैंक हो । जनताको लाखौं रूपैयाँको दुरुपयोग भएको भई जनताहरुलाई बिल्लीवाठ पारेको ताजै उदाहरण हामीमाझ छ । नेपाल विकास बैंकजस्तै नाजुक अवस्थाबाट अन्य केही बैंकहरू पनि गुज्रिरहेका छन् । सनराइज बैंकका सञ्चालकहरूबीचको विवादले केही दिन पहिला उग्ररूप नै लियो । विवाद समाधान गर्नका लागि राष्ट्रबैंकले सनराइज बैंकलाई निर्देशन समेत दिएको थियो । विवाद समयमै सुल्झाउन सनराइज बैंकका सञ्चालकहरू सफल भएको छ । झण्डै झण्डै राष्ट्र बैंकले नियन्त्रण लिइसकेको यस बैंकको साख जोगाउन सञ्चालक समिति सफल भए । यसअघि नेपाल राष्ट्र बैंकले नेपाल बङ्गलादेश बैंकको खराबकर्जा अत्यधिक भएको भन्दै नियन्त्रणमा लिएको थियो । झण्डै दुई वर्ष राष्ट्रबैंकले नियन्त्रणमा लिएको थियो । त्यसपछि खराब ऋण घटाएपछि पुनः नेपाल बङ्गलादेश बैंकका सञ्चालकहरू आफ्नो नियन्त्रणमा बैंक लिन सफल भएका थिए ।

**अहिले घरजग्गाको कारोबार पनि प्रायः ठप्प भएको छ । उत्पादनमूलक क्षेत्र धरासायी भएको यस्तो समयमा वित्तीय संस्थाहरू भने वर्षामा च्याउ उम्रेझैं उम्रेका छन् । वित्तीय संस्थाहरूको बाढी नै लागेको छ । यस्तो बाढी नेपालले कहिलेसम्म थेग्न सक्ने हो । त्यो भने हेर्न बाँकी नै छ ।**

विकसित देशहरूमा वित्तीय संस्थाहरू सीमित छन् । ती देशहरूमा आवश्यकता हेरी वित्तीय संस्थाहरू खोल्नका लागि अनुमति दिने गरिन्छ । त्यहाँको केन्द्रीय बैंकले जथाभावी वित्तीय संस्थाहरू खोल्न अनुमति दिंदैन । तर, नेपालमा भने अनियन्त्रित रूपमा वित्तीय संस्थाहरू खुलिरहेका छन् । राष्ट्रबैंकलाई पनि सञ्चालनमा आएका बैंकहरूलाई व्यवस्थित गर्न धौधौ परिरहेको छ । भद्रगोलको स्थितिमा केही वित्तिय संस्थाहरू अझै पनि संचालनमा रहेका छन् ।

विश्वमा देखापरेका आर्थिक मन्दीको असर नेपालमा पनि देखिएको छ । बैंकहरूमा तरलताको अभाव देखिएको छ, सबै वित्तीय संस्थाहरूले ब्याजदर बढाएर भए पनि निक्षेप सङ्कलन गर्नपट्टि बढी लागिरहेका छन् । दुई वर्ष अगाडि ४-५ प्रतिशत व्याज निक्षेपकर्तालाई दिइन्थ्यो भने अहिले त्यो बढाएर १०-१५प्रतिशतसम्म पुऱ्याइएको छ । तैपनि बैंकहरूमा सर्वसाधारणबाट निक्षेप सङ्कलन अपेक्षित रुपमा हुन सकिरहेको छैन, तरलताको अभाव यद्यपि कायमै रहेको अनुभव गरिँदैछ ।

बैंक तथा वित्तीय संस्थाहरू खोल्ने र शाखा विस्तारको होडबाजी गर्नुभन्दा भएका संस्थाहरुलाई 'मर्ज' (एकीकरण) गर्नु आवश्यक छ । धेरै बैंकभन्दा पनि थोरै गुणस्तरिय बैंकको आवश्यकता नेपालमा देखिएको छ । नेपाल राष्ट्र बैंकले हालै जारि गरेको मौद्रिक नीतिमा पनि 'मर्जर' लाई बढी प्राथमिकता दिएको छ । यसअघि लक्ष्मी बैंक र हाइसेफ फाइनान्स एक आपसीमा गाभिएका थिए । हाइसेफ फाइनान्सका शेयर धनी लक्ष्मी बैंकका शेयर धनी भएका थिए । हाइसेफ फाइनान्सको दुई कित्ता शेयर बराबर लक्ष्मी बैंकको एक कित्ता सेयर भएको थियो । **लक्ष्मी बैंक र हाइसेफ गाभिए जस्तै अनि नेसनल फाइनान्स र नारायणी फाइनान्स गाभिएर नारायणी नेसल फाइनान्स भएजस्तै अहिले धेरै वित्तीयसंस्था गाभिनु जरुरी छ । यसो भयो भने जनताले गुणस्तरीय सेवा पाउने थिए र राष्ट्र बैंकलाई अनुगमन गर्न पनि सजिलो हुने थियो ।** मर्जर कार्य सफल हुन वास्तविक रुपमा बैंक तथा वित्तीय संस्थाका प्रवर्द्धकहरु बीच **Brain Merger** हुन आवश्यक छ र आफ्नो व्यक्तिगत महत्वकांक्षा भन्दा माथि उठेर संस्थाको भविष्य सुनिश्चित गर्ने तर्फ सोच्नु पर्दछ । ० ०



- लगातार सात वर्षसम्म सामुदायिक वनसम्बन्धी चेतनामूलक कार्यक्रम रेडियो नेपालमा चलाएँ ।
- ग्लोबल बैंकमा आबद्ध भइसकेपछि एकदमै छोटो समयमा सफलता पाएँ ।
- विश्वविद्यालयभित्र राजनीतिक पार्टीका भातृ सङ्गठनहरू, जातीय हिसाबले खुलेका सङ्गठनहरू, क्लबहरू गरी करिब एक हजार वटा सङ्गठनहरू यस क्षेत्रमा छन् ।
- तीन वर्षको अवधिमा मैले पाँचवटा अवार्ड हात पार्न सफल हुनु पनि मेरो अर्को सफलताको कारण हो ।

# अधिकार र अवसर मागेर होइन क्षमताको आधारमा खोसेर लिन सक्नुपर्छ

- **शोभा न्यौपाने**, शाखा प्रमुख, ग्लोबल बैंक लिमिटेड, कीर्तिपुर, काठमाडौँ

**नेपाली बैंकिङ क्षेत्रमा महिलाको उपस्थिति मेनेजर लेबलमा न्यून रहेको छ । २८ वटा शाखा बिस्तार गरिसकेको ग्लोबल बैंक लिमिटेडमा दुई जना महिला मात्र दुई ठाउँमा शाखा प्रमुख रहेका छन् । यस मध्ये ग्लोबल बैंक लि. कीर्तिपुर शाखा प्रमुख शोभा न्यौपाने एक सक्षम महिला हुन् । पूर्वी नेपालको भोजपुर बोखिम – ८ मा जन्मिएर सोही ठाउँको विद्योदय मा.वि.बाट एस.एल.सी उत्तीर्ण गरी राजधानीको नेपाल कमर्स क्याम्पस मीनभवनबाट वाणिज्य शास्त्रमा स्नातक उत्तीर्ण गर्नुभएकी न्यौपाने आफ्नो भाग्यमा र कर्ममा उत्तिकै विश्वास गर्छिन् । भगवानप्रति अत्यन्तै भक्तिभाव राख्ने न्यौपानेले संयुक्त राज्य अमेरिकालगायत विभिन्न देश भ्रमण गरिसकेकी छिन् । जागिर सुरुवात गरेको तीन वर्षको अवधीमा पाँचवटा अवार्ड हात पार्न सफल रहेकी उनी आफूले जिम्मेवारी पाएको कुनै पनि काम जुनसुकै अवस्थामा पनि सफल पारेरै छाड्ने आफ्नो बानी रहेको कुरा बताउँछिन् । प्रस्तुत छ उनै शोभा न्यौपानेसँग सम्पादक एल.एन. भट्टराईले गरेको कुराकानी :**

❖ **बैंकिङ क्षेत्रमा कसरी प्रवेश गर्नुभयो ? त्यो भन्दा अगाडि के गर्नु हुन्थ्यो ?**

➲ म उच्चशिक्षाको लागि काठमाडौँ आएदेखि नै यहाँ यस बिरानो ठाउँमा केही न केही काम गरुँ भन्ने सोच आएर क्यानेडियन प्रोजेक्ट (CECI) मा जागिरे भई १४ वटा जिल्लामा वनसम्बन्धी रिसर्च गर्ने मौका पाए । नेपालको विभिन्न जिल्लाहरू पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म भ्रमण गर्ने मौका पनि पाए सोही प्रोजेक्टमा रहेर । सोलुको नाम्चेमा एक महिना बसे, पश्चिम महाकालीको दार्चुलामा रिसर्चकै काममा एक महिना बसे । त्यहाँ रहँदा नेपाल र भारतमा विकास निर्माण, बिजुली, बाटोघाटो आदिमा देखिएको अन्तरले मलाई भावविह्वल बनायो पनि । नेपाल र भारतलाई छुट्याउने काम त्यहाँ पुलले गरेको छ जुन नेपाललाई दार्चुला र भारतलाई धार्चुला भनिँदो रहेछ । त्यसै क्रममा मेरो सानैदेखिको सोच मिडियामा लाग्ने इच्छा भएको ०५६ सालमा रेडियो नेपालबाट स्वर परीक्षा पासगरी गायन क्षेत्रमा लागे । रेडियो नेपालमा रहँदादेखि लगातार सात वर्षसम्म सामुदायिक वनसम्बन्धी चेतनामूलक कार्यक्रम रेडियो नेपालमा चलाए । रेडियो नेपालमा काम गरिरहँदा मेरो विवाह भयो र त्यहीबेलामा ग्लोबल बैंक नेपालको सबैभन्दा ठूलो पूँजी भएको बैंकको रूपमा खुल्दैछ भन्ने कुरा प्रचार प्रसारबाट सुनिसकेपछि मेरो रेडियोको जागिर घुमन्ते फिरन्ते खालको थियो । मेची-महाकाली घुम्नुपर्ने भएकाले घरमा पारिवारिक हिसाबले एकै ठाउँमा बसेर (१०-५)को जागिर गर्दा राम्रो हुने सल्लाह सुझाव आएपछि मैले ग्लोबल बैंकमा आवेदन दिएँ किनकि १०-५ को जागिर, तलब भत्ता धेरै हुने, वोनसलगायतका धेरै सुविधाहरू बैंकमा पाइन्छ भन्ठानेर आवेदन दिएकी थिएँ र म सफल पनि भए अर्थात् म छानिएँ । ग्लोबल बैंकमा आबद्ध भइसकेपछि एकदमै छोटो समयमा मैले सफलता पाए किनकि मैले बैंकले दिएको जिम्मेवारीलाई सफलतापूर्वक निर्वाह गरेकी हुनाले छिटो छिटो फड्को मार्दै सेवा गरेको तीन वर्षमै म बैंकको जिम्मेवार तहमा शाखा प्रमुखको रूपमा पदोन्नति भएर यस शाखामा ०६६ मङ्सिरदेखि शाखा प्रमुख भई आफ्नो जिम्मेवारी निर्वाह गरिरहेकी छु ।

**❖ कीर्तिपुरलाई राजनीति थलो मान्ने गरिन्छ, काम गर्न कत्तिको कठिनाइ छ त ?**

➲ काम गर्ने र राजनीति भन्ने कुरा फरक विषय हुन् । जुन ठाउँमा धेरै चुनौती हुँदैन त्यो ठाउँमा काम गर्न रमाइलो पनि हुँदैन जस्तो मलाई लाग्छ । विश्वविद्यालयभित्र राजनीतिक पार्टीका भातृ सङ्गठनहरू, जातीय हिसाबले खोलिएका विभिन्न सङ्गठनहरू, क्लबहरू गरी लगभग करिब एक हजार वटा सङ्गठनहरू यस क्षेत्रमा छन् । यसका बाबजुद पनि तिनै सङ्गठनका व्यक्तिहरूसँग सहकार्य गरेर अगाडि बढ्न कम चुनौती छैन । सहयोग माग्नेहरू, धम्क्याउनेहरू बेलाबखतमा आउने गर्छन् । मैले ती सबैलाई मितव्ययीताको रूपमा सहज रूपले लिएकी छु र सहजै समाधान पनि गर्ने गरेकी छु । अप्ठ्यारोलाई अप्ठ्यारो नसोची सजिलो रूपले सकारात्मक सोचले हेरेर काम गर्दा सजिलो हुँदो रहेछ भन्ने मेरो अनुभव हो ।

**❖ काम गर्न यस क्षेत्रमा कत्तिको चुनौती छ ?**

➲ यी माथि मैले बताएका अप्ठ्यारा कुराहरूभन्दा धेरै ठूला-ठूला चुनौतीका कामहरू यहाँ छन् । परापूर्वकालदेखि "नेपाल बैंक लि." मात्र रहँदै आएको यस विश्व विद्यालय परिसरभित्र ग्लोबल बैंकको शाखा पनि यहाँ छ । हाम्रो नितान्त बिजनेस सेक्टर भनेको विश्वविद्यालय नै हो । यहाँ नेपाल बैंकसँग कारोबार गरिरहेका त्रि.वि.भित्रका ३९ वटा डिपार्टमेन्टहरूको कारोबार नेपाल बैंकसँग रहेको अवस्थामा तिनीहरूसँग सहकार्य गरेर मितव्ययीताको रूपमा ग्लोबलमा कारोबार गराउन सक्नु कम चुनौतीपूर्ण छैन तर पनि हामीले साथै यहँभित्रका सरहरू, प्रशासनका कर्मचारीलगायत सबै विद्यार्थीहरूको सहयोगले गर्दा सेवाग्राहीलाई दिनुपर्ने सेवा बैकिङ समयभन्दा अगाडि आए पनि पछाडि आए पनि सरल तरिकाले ग्राहकवर्गको सेवालाई ध्यानमा राखी निरन्तर सेवा दिएको कारण हामी सफल भएका छौं यस क्षेत्रमा । यसै प्रसङ्गमा म के पनि भन्न चाहन्छु भने परिक्षा नियन्त्रण कार्यालय बल्खुमा पनि ग्लोबल बैंकले क्यास काउण्टर राखेर ७५ वटै जिल्लाका विद्यार्थी कर्मचारी कलेजहरूलाई प्रत्यक्ष, अप्रत्यक्ष रूपमासेवा गर्दै आएका छौ ।

*हरेक वर्ग, समुदाय, महिला, वृद्ध, बच्चा, कर्मचारी, उद्योगपति, व्यापारी सबैलाई समेट्ने खालका योजनाहरू ल्याएका छौं ।*



**❖ अहिले ग्लोबल बैंकको शाखा कतिवटा भइसक्यो, यो बैंक त नयाँ होइन र ?**

➲ तीन वर्ष कार्यकाल समाप्त गरिसकेको यस बैंकलाई नयाँ त कसरी भन्नु र ? तर यसले छोटो समयमा ग्राहकवर्गको मन जिती धेरै नै लोकप्रियता कमाइसकेको छ । काठमाडौं उपत्यका र उपत्यका बाहिर गरी २८ वटा शाखा खोली निरन्तर सेवा पुऱ्याइरहेको छ । साथै हाम्रो ३४ वटा ATM मार्फत कारोबार गर्न ग्राहकवर्गलाई सहज बनाएका छौं । हामीले पूर्वमा इलाम र पश्चिममा डडेल्धुरासम्म पनि शाखा विस्तार गरेर सेवा दिइरहेका छौं ।

**❖ छोटो समयमा यस बैंकले सफलता हासिल गर्नुको के रहस्य होला ?**

➲ ग्राहकको सन्तुष्टि नै हाम्रो सफलता हो, सेवा गरिरहनु पनि हाम्रो सफलताभित्रै पर्दछ । बैंकभित्र विभिन्न सेवा सुविधाहरू समावेश छन् हरेक वर्ग, समुदाय, महिला वृद्ध, बच्चा, कर्मचारी, उद्योगपति, व्यापारी सबैलाई समेट्ने खालका योजनाहरू ल्याएका छौं । आकर्षक व्याजदर, लक्षित वर्गलाई टार्गेट बनाएका छौं । मैले यो कुरा किन जोड्न चाहन्छु भने प्रायजसो बैंकहरू सहरमुखी भइरहेका छन्, तर हामीले दुर्गम जिल्लाको ग्रामीण भेगमा लक्षित वर्गको सानो भन्दा सानो पूँजीको पनि बचत होस् भनेर शाखा विस्तार गरिरहेका छौं र सो अनुसार नयाँनयाँ योजनाहरू पनि ल्याइरहेका छौं । हामीसँग E–TICKETING पनि छ यो भनेको के हो भने ग्लोबल बैंकको ग्राहक भएको व्यक्ति कुनै जिल्लाको हवाइ यात्रामा जाँदै छ भने उसले ग्लोबल बैंकको अनलाइनमार्फत उडान भर्न सक्छ, जसको लागि हामीले Yeti Airlines सँग सहकार्य गरेर यो सुविधा ग्राहकवर्गलाई दिइरहेका पनि छौ । त्यस्तै हामीसँग SMS बैंकिङ्ग सुविधा पनि छ । यसभित्र ग्राहकले आफ्नो खातामा रकम जम्मा गऱ्यो भने पनि SMS आउँछ झिक्यो भने पनि SMS आउँछ । यसले Balance इनक्वाइरी गर्न मिल्छ, Recharge गर्न पनि मिल्छ । रिचार्ज गर्दा चाहिँ बाहिर गरेको भन्दा हामीकहाँ सस्तो पर्छ । अरू सुविधाहरूमा टेलिफोनको बिल भुक्तानी गर्न परेमा सिधै ग्लोबल बैंकको काउन्टरबाट तिर्न सक्छन् । टेलिकम धाइरहनु पर्दैन । कार्डहरूमा पनि हामीसँग ४ किसिमका VISA कार्डहरू छन् : क्लासिक, गोल्ड, डोमेस्टिक र इन्टरनेसनल ।

**❖ तपाइको सफलताको कारण के होला ?**

➲ मेरो परिवार नै सफलताको प्रमुख कारण हो त्यसमा पनि ग्लोबल बैंकले म माथि विश्वास गरी जिम्मेवार दिनु र मैले आफ्नो जिम्मेवारीलाई सफलताका साथ निर्वाह गर्न सक्नु नै मेरो सफलताको प्रमुख कारण हो कि ? किनभने मैले यस बैंकमा प्रवेश गर्दा म तल्लो तहबाट प्रवेश गरेकी थिएँ । तीन वर्षको अवधिमा मैले पाँचवटा अवार्ड समेत हात पार्न सफल हुनु पनि मेरो अर्को सफलताको कारण हो र म कामप्रति विश्वास गर्ने भएकाले मेरो भाग्य पनि बलियो भएर हो कि ? मलाई भाग्यमा विश्वास लाग्छ, लगनशीलता, कामप्रति इमान्दारिता र निरन्तरता किनभने मलाई कुनै पनि जिम्मेवारी दिइएको छ भने त्यसलाई जुनसुकै अवस्थामा पनि सफलतापूर्वक सम्पन्न गर्ने मेरो बानी नै छ । यिनै हुन् मेरो सफलताको कारण ।



> *बस्न, देख्न र विकासका लागि जमिनमुनीको स्वर्ग नै छ अमेरिका । तर त्यहाँ मैले जीवन देखिन ।*
> *"जननी जन्मभूमिश्च स्वर्गादपी गरीयसी" अर्थात् जन्म दिने आमा र जन्मेको ठाउँ मेरो लागि स्वर्गभन्दा पनि प्यारो छ, त्यसैले मेरो लागि स्वर्ग भन्दा ठूलो अमेरिका रहेन ।*

**❖ च्याउ उम्रेझैं खुलिरहेका बैंकहरू छन्, राज्य उथलपुथल भएको यो राजनीतिक तरलअवस्थामा तपाइँ महिला मेनेजर हुनुहुन्छ, बैंकमा महिलालाई ठूलो जिम्मेवारी दिइँदैन भन्ने गरिन्छ तर तपाइँ कीर्तिपुर जस्तो विश्वविद्यालय परिसरभित्र रहेको ब्रान्चमा मेनेजर हुनुहुन्छ, लिक्वीडिटी क्राइसिस छ भन्छन्, कसरी म्यानेज गर्नु भएको छ ?**

➲ तपाइँले भनेजस्तै बैंकहरू प्रशस्त खुलेका छन् यसमा राज्य मौन छ, मुख्य कुरा के हो भने जति पनि बैंकहरू खुलीसकेका छन् । यिनीहरूलाई व्यवस्थित गर्दै लैजानुपर्छ यानेकि नयाँ खुल्ने बैंकहरूलाई जति स्वीकृति दियो उति भद्रगोल हुने स्थिति देखिएकाले राष्ट्रबैंकले यस बारेमा ध्यान दिनु जरुरी देखेकी छु मैले । किनभने बैंक जति बढे पनि ग्राहकहरू तिनै हुन्, तिनै ग्राहकहरू सबै बैंकमा गइरहेका हुन्छन्, नयाँ ग्राहकहरू छैनन् यसले गर्दा केही समय अगाडि चाहिँ 'अनहेल्दी कम्पिटिसन' जस्तो देखिएको थियो जस्तो कि एउटा बैंकले एउटा ब्याजदर दियो भने अर्को बैंकले त्यो भन्दा बढी दिएर ग्राहक तान्ने काम हुन्थ्यो, अहिले यस्तो समस्या छैन । तपाइँले भने जस्तो महिलालाई जिम्मेवारी दिइँदैन भन्ने कुरामा म सहमत छैन किनकि जिम्मेवारी दिने भनेको क्षमताको आधारमा दिइने कुरा हो, जो मान्छे क्षमतावान् छ, काम गर्न सक्षम छ, जिम्मेवारीलाई सहजतापूर्वक भूमिका निर्वाह गर्छ त्यो मान्छे कहिल्यै पनि अवसरबाट वञ्चित हुन सक्दैन । अधिकार र अवसर भन्ने चिज मागेर होइन खोसेर लिन सक्नुपर्छ, क्षमताको आधारमा । र जहाँ सम्म भट्टराईजी तपाइँले 'लिक्वीडिटी क्राइसिस'को कुरा गर्नु भो त्यो अवस्था हामीकहाँ छैन ।

**❖ अँ, साँचि, प्रायशः मान्छेहरू विदेश जान अपहत्ते गरिरहेका हुन्छन्, तपाइँ त अमेरिका पुगेर पनि किन फर्किनुभयो ? मन परेन र अमेरिका ?**

➲ मन नपर्ने कुराभन्दा पनि बस्न, देख्न र विकासका लागि जमिनमुनीको स्वर्ग नै छ अमेरिका । तर त्यहाँ मैले जीवन देखिनँ, सधैँ व्यस्त, सधैँ दुःख र सधैँ एक्लोपन मात्र । त्यसकारण पैसा नै सबैथोक होइन भन्ने सोचेर त्यहाँको जुन मेहनत, दुःख छ त्यही मेहनत र दुःख आफ्नो देशमा गर्ने हो भने यहाँ जीवन पनि छ, स्वतन्त्रता पनि छ र परिवार पनि छ । किनभने म "जननी जन्मभूमिश्च स्वर्गादपी गरीयसी" अर्थात् जन्म दिने आमा र जन्मेको ठाउँ मेरो लागि स्वर्गभन्दा पनि प्यारो छ, त्यसैले मेरो लागि स्वर्ग भन्दा ठूलो अमेरिका रहेन । ○ ○

प्रशोधित पानी खेर नफालौं
समयमा महसुल तिर्ने
बानी बसालौं

नेपाल खानेपानी
संस्थान



# नेपाल



*"सत्ये सत्यपुरि ज्ञेया त्रेतायां च तपोवनी*
*द्वापरे मुक्ति क्षेत्रे च कलौ नेपालीका पुरि"*

– पं. मेघनाथ भट्टराई
सिजुवा –५, कादुपाडा, मोरङ

मेरो देशमाहा समान समता सद्भाव राख्ने गरौं
घृणा, रिस र राग केही नगरी सत्कर्ममा नै जुटौं
नामी छौं पुरुषार्थमा भवमहा पुर्खाहरूको धन
थर्काए सब विश्व अम्बर बने हो वीरताको धन

शान्ति प्राप्त गरे त बुद्ध भवमा नेपालका अग्रणी
माता जन्मनु भो यसै मुलुकमा सीता प्रसिद्धै छ नि
भाकाथे अरनिको कला कुशलमा भृकुटी तारा पनि
टप्काए कविता किताब सब ती भानु मोती भट्ट जी

सत्यैमा भनिने त सत्यपुरि यो पुर्खाहरू भन्दथे
त्रेतामा भनिने तपोवन अहो तपश्वी धेरै थिए
मुक्तिक्षेत्र भने त द्वापरमहा मुक्ति भएरै भने
नेपालीजनको त अम्बर रहे नेपाल भन्ने गरे

हाम्रा पूर्वजथे यसै मुलुकमा अट्ठासी हज्जारमा
सत्यैवादी थिए सबै मुनिहरू हाम्रो त नेपालमा
ने भन्ने मुनि ती मरीचि मुनिका सत्पुत्र जन्मै भयो
उन्कै नाममहा प्रसिद्ध हुन गै नेपाल नामै रह्यो।


## हार्दिक बधाई तथा शुभकामना



धनकुटा बहुमुखी क्याम्पसमा प्राध्यापनरत प्रिय भाइ **रूद्रप्रसाद भट्टराई "हरिकृष्ण"** र सप्तरी, धरमपुर–१ की **इन्दिरा निरौला** प्रणयसूत्रमा बाँधिनु भएकोमा सुखद् दाम्पत्य जीवनको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

**एल.एन. भट्टराई**

सम्पादक/ प्रकाशक

**अग्निचक्र राष्ट्रिय मासिक**


संखुवासभा चन्दनपुरमा जन्मिएर विराटनगरमा बाल्यकाल बिताई विराटनगरस्थित श्री सरस्वती मा.वि.बाट एस.एल.सी. उत्तीर्ण गरी महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस विराटनगरबाटै आई.कम. र बी.कम. उत्तीर्णपश्चात् एम.कम.को अध्ययन गर्न काठमाडौँ प्रवेश गरेका सन्तोषमणि न्यौपाने पढ्दापढ्दै साथीहरूसँग मिलेर शैक्षिक क्षेत्रमा काम गर्न थालेको कुरा बताउनुहुन्छ । बहुचर्चित, नाम कमाउन सफल काठमाडौँ नयाँ बानेश्वरमा रहेको नोबेल एकेडेमी एन्ड नोबेल कलेजका संस्थापक निर्देशक न्यौपानेसँग "अग्निचक्र"ले शैक्षिक क्षेत्रसँग सम्बन्धित रहेर गरेको कुराकानीका अंशहरू :



# राष्ट्रको मेरुदण्ड भनेकै शिक्षा हो

**- सन्तोषमणि न्यौपाने**, संस्थापक निर्देशक, नोबेल एकेडेमी तथा नोबेल कलेज




**❖ नोबेलको स्थापना कहिलेदेखि सुरु गर्नु भयो ?**

➲ नोबेल एकेडेमीलाई २०५४ सालदेखि management डिपार्टमेन्टबाट स्थापना गरिएको हो । आज आएर हामीसँग कक्षा एकदेखि कक्षा दससम्म अनि कक्षा ११ र १२ मा Science, management & Humanities छ तथा कलेजतर्फ पोखरा विश्वविद्यालयको सम्बन्धन प्राप्त गरेर नौवटा university का Bachelor कोर्षहरू चलाई रहेका छौँ । जसमा BSC नर्सिङ, Bachelor in public health, BSC MLT लगायत अन्य कोर्षहरू पनि चलाएका छौँ र अहिले हामीसँग स्कुल लेबलदेखि Bachelor लेबलसम्म लगभग चार हजार विद्यार्थीहरू अध्ययनरत छन् ।

**❖ टिम कस्तो छ तपाईहरुको ?**

➲ हाम्रो टिमको बारेमा भन्नुपर्दा नेपालमा हाम्रोजस्तो टिमहरूसँगै बसेर वर्षौंवर्ष काम गर्नेहरू सायद कमै होलान् जस्तो मलाई लाग्छ । त्यसमा के छ भने हामी सबै योङ्ग एण्ड इनर्जेटिक, डाइनामिक भएको कारणले पनि अहिलेसम्म सफलता प्राप्त गरिरहेका छौँ । हाम्रो टिममा हामी साथी स्कुल पढ्दादेखीका नै साथीहरू भएका कारणले पनि काम गर्न र सफलता प्राप्त गर्न पनि सजिलो भएको छ । बाल्यकालदेखिको एक अर्काप्रतिको विश्वासको परिणाम हो यो र हामी जीवनभरि नै यही टिम मिलेर भविष्य सम्पन्न गर्ने हाम्रो लक्ष्य हो । हाम्रो टिमका साथीहरू आ-आफ्नो विधामा दक्षता हासिल गरेको कारणले गर्दा पनि हामीले सफलता प्राप्त गरी अगाडि बढ्न सकेका हौं ।

**❖ यस कलेजको गुणस्तर र सुविधाहरू के-कस्तो रहेको छ ?**

➲ गुणस्तरको कुरा गर्दा हामीले स्कुल क्षेत्रदेखि Bachelor क्षेत्रसम्मका

विद्यार्थीहरूलाई क्वालिटी टिचर, क्वालिटी ल्यावरोटरी, कम्प्युटर ल्याव, अतिरिक्त क्रियाकलापका लागि आवश्यक खेलकुदका सामाग्रीहरू समय अनुरूप उपलब्ध गराउँदै आएका छौँ । हामीले पढाउने टिचरहरू गुणस्तरका हुनुपर्छ भन्ने अवधारणालाई सधैँ अगाडि बढाउँछौ फलस्वरूप विद्यार्थीको रिजल्ट पनि सोही अनुरूप पाइरहेका छौँ । डाक्टर, इन्जिनियर, Bank Manager हरू हाम्रो देशका विभिन्न क्षेत्रहरूमा कार्यरत रहेको कुरा पनि अवगत गराउन चाहन्छु । क्वालिटी एजुकेसन नै हाम्रो लक्ष्य हो ।

❖ **अन्य कलेजको तुलनामा नोबेलले बढी चर्चा कमाउनुको पछाडि के रहस्य छ ?**

➲ क्वालिटी एजुकेसनको कारणले नै नोबेलले नेपाली समाजमा राम्रो स्थान पाउन सफल भएको हो । हाम्रा एकेडेमीक र ननएकेडेमीक साथीहरूलाई हामीले एउटा परिवारको सदस्यको भावना राखेर काम गर्ने गरेका हुनाले नै सफलता पाउन र राम्रो चर्चा कमाउन सफल भएका हौँ । यसमा सम्पूर्ण विद्यालयमा कार्यरत व्यक्तिहरूको 'होस्टेमा हैँसे' छ ।

❖ **भविष्यमा कस्तो योजना राख्नुभएको छ ?**

➲ भविष्यमा हामीले Dream university बनाउने लक्ष्य लिएर अगाडि बढेका छौँ । जबसम्म हामीले हाम्रो लक्ष्य प्राप्त गर्दैनौँ तबसम्म हामी थकाई मार्ने पक्षमा पनि छैनौँ ।


❖ **सन्देश के दिन चाहनुहुन्छ ?**

➲ देशको विकास गर्ने हो भने शिक्षाको विकास नै देशको विकास हो वा भनौँ राष्ट्रको मेरुदण्ड भनेकै शिक्षा हो । हामीलाई विश्वास गरी आफ्ना नानीहरूलाई हामीकहाँ पढाइ



उज्वल भविष्य बनाउन पठाउने सम्पूर्ण अभिभावक तथा पढ्न आउने विद्यार्थीहरूप्रति हामी आभारी छौँ र पुनः आगामी दिनमा सहयोगको अपेक्षा पनि राख्दछौँ र तपाइलाई पनि धन्यवाद दिन चाहन्छौँ । ००

# गुणस्तरीय शिक्षामा कटिबद्ध ओस्कार कलेज




**काठमाडौँ**/ ओस्कार इन्टरनेसनल कलेजले चलचित्रका विभिन्न विधामा विद्यार्थीहरूलाई स्नातकसम्मको शिक्षा दिँदै आएको छ । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस कलेजले एकेडेमिक कोर्ष सँगसँगै टेक्निकल कोर्षलाई पनि जोड दिएको छ । यस कलेजले चलचित्रको कोर्षको अलावा पत्रकारितामा स्नातक तह पनि अध्ययन गराउँदै आएको छ ।

चलचित्र अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या अत्यधिक रहेको यस कलेजले बीबीएसका कक्षाहरू पनि सञ्चालन गरेको छ । ओस्कार इन्टरनेशनल कलेजका कार्यकारी प्रमुख डा. घनश्याम खतिवडाले 'अग्निचक्र'सँग भने, 'प्रत्यक्ष-अप्रत्यक्ष झण्डै ३ लाख ५० हजार जनशक्तिले रोजगारी पाइरहेको चलचित्र क्षेत्रमा दक्ष, योग्य र शैक्षिक धरातल बोकेका जनशक्तिहरू निर्माण गरियो भने सरकारलाई हामीले दिएको ठूलो उपलब्धि हुने छ । हामी त्यस्तै दक्ष र योग्य जनशक्ति निर्माणमा लागिरहेका छौँ । डा. खतिवडाले कलेजमा नै फिल्म सुटिङ स्टुडियो निर्माण गर्ने सोचाइ बनाएको पनि बताए ।

यस कलेजले स्तरीय जनशक्ति उत्पादन गरिसकेको छ । अमेरिकी सरकारको आयोजनामा भएको डेमोक्रेसी भिडियो च्यालेन्ज २०१० का विश्वविजेता अनुप पौडेल, राजवल्लभ कोइराला, रामराजा दाहाल, प्रशंसा बाइबा, सवनम मुखिया जस्ता विशिष्ट प्रतिभा भएका व्यक्तिहरू यसै कलेजले उत्पादन गरेका विद्यार्थी हुन् । कलेज प्रमुख डा. खतिवडाले अबको पाँच वर्षपछि नेपाली चलचित्र उद्योगका २५ प्रतिशत जनशक्ति ओस्कार कलेजका विद्यार्थी हुने दाबी समेत गरे ।

यस कलेजमा दक्ष र अनुभवी व्यक्तिहरूले अध्यापन गराउँदै आउनु भएको छ । चलचित्र क्षेत्रका बौद्धिक व्यक्तित्वहरू निर्देशक लक्ष्मीनाथ शर्मा, निर्देशक प्रकाशजङ्ग कार्की, क्यामराम्यान दीपक ढकाल, पुरुषोत्तम घिमिरे, सम्पादक नरेन्द्र खड्का, मणिकरत्न तुलाधर, अभिनयका प्रख्यात व्यक्ति सुनील पोखेल, अनुप बराल, नेपालका साउण्ड आइकोन प्रदीप उपाध्याय, साइकोलोजिष्ट डा. गङ्गा पाठक, जावेद शाह, अनुपराज भण्डारी, भक्त पोखेल, आनन्द क्षेत्री, डा. टीकाराम पोखेल लगायतका अनुभवी व्यक्तिहरूले यस कलेजमा अध्यापन गराउँदै आउनु भएको छ । यस कलेजसँग आफ्नै टेलिभिजन स्टेसन रहेको छ र निकट भविष्यमा नै एफ्एम् स्टेसन खोल्ने योजना बनाइको पनि कलेज प्रमुख डा. खतिवडाले 'अग्निचक्र'लाई जानकारी गराए । ० ०

# पेचिलो बन्दैछ राजनैतिक सङ्घर्ष



भूमिनन्द देवकोटा........................

माधवकुमार नेपाल काम चलाउ सरकारका प्रधानमन्त्री छन् । उनको चालढाल र ध्वाँस हेर्दा लाग्छ बाँकी दस महिना यही सरकारले देशलाई अधोगतितिर हाँक्ने छ । संसदमा नयाँ प्रधानमन्त्रीको छनोटका निम्ति दुईपटक मतदान सम्पन्न भइसकेका छन् । जसमा कसैले पनि मौजुदा संसद सदस्य सङ्ख्या ५९९ को बहुमत प्राप्त गर्न सकेनन् र नयाँ सरकार देशले पाउन सकेन । यो कसरत फेरि श्रावण १७ गते बिल्कुलै पुरानै भावभङ्गीमा तेहरिनेवाला छ । अहिलेकै आ-आफ्ना अडानमा पार्टीहरू कायमै रहेमा अर्को परिदृश्य आउने छैन । माधव नेपाल गत दुई मतदानमा झैँ थप पुलकित हुनेछन् । यो देशका लागि थप दुर्गति हुनेछ ।

पुराना संसदवादी दलहरू यथास्थितिबाट अग्रगतितर्फ जान हच्किएका छन् । अग्रगतिमा उनीहरूको अस्तित्व लगभग समाप्त हुने उनीहरूको ठहर छ । अग्रगतिले एकीकृत नेकपा माओवादीले महान दसवर्षे जनयुद्धबाट स्थापित गरेका ऐजेण्डाहरू स्थापित गर्नेछ । ती एजेण्डाका पुराना संसदवादी दलहरूले विरोध गर्दै आएका थिए । जनयुद्धकालमा यसको मूल्य ती दलहरूले व्यहोर्नु परेको जगजाहेरै छ । जब तात्कालीन सामन्तवादका नायक राजा ज्ञानेन्द्रले यि दलहरूलाई रत्नपार्कको एउटा कुनामा सीमित गरे तब मात्रै बाध्यतावश आफ्नो सत्वरक्षार्थ तत्कालीन माओवादीसँग मोर्चाबद्ध भएका थिए । जसले १२ बुँदे दिल्ली समझदारी बन्यो र १९ दिने जनआन्दोलनले राजा ज्ञानेन्द्रको निरङ्कुशता सदाका लागि इतिहासमा कालोखण्डमा कैद गऱ्यो । तब मात्र यी पार्टीहरू पुनः सतहमा आए ।

दिल्ली समझदारीमा पुरानो संसदीय व्यवस्थालाई विस्थापन गर्न उच्च प्रकारको राजनैतिक प्रणालीको विकास गर्न सहमत भएका थिए । त्यो भनेको नयाँ जनवादी व्यवस्थाको लगभग नजिकको राजनैतिक प्रणाली थियो । जुन प्रणालीले माओवादीले स्थापित गरेका आफ्ना एजेण्डाहरू लगभग सबै पूरा गर्ने र देश सङ्क्रमणकालीन नयाँ राज्य व्यवस्था हुँदै समाजवादउन्मुख रहने स्पष्ट छ । जसले पुराना संसदवादीहरूका अस्तित्व सङ्कटमा धकेलिन्छ । चीनमा माओले नयाँ जनवादी क्रान्ति सम्पन्न गरिसकेका बेला स्टालिनले त्यसलाई झुटो क्रान्ति भनेका थिए । किनकि त्यो समाजवादी क्रान्ति थिएन । जब चीन अमेरिकाको प्रतिरोध र कोरियालाई सहयोग गर्न लाग्यो तब मात्रै स्टालिनले चीनको नयाँ जनवादी क्रान्तिलाई महान् देखे । त्यस्तै नेपालमा पनि सम्पन्न हुन गइरहेको नयाँ राजनैतिक प्रणाली जुन संसदीय दलदलभन्दा माथि उठेको र नयाँ जनवाद नजिक रहेको राज्य व्यवस्थाले एनेकपा (माओवादी) को नेतृत्वमा साम्राज्यवाद, विस्तारवाद र तिनका घरेलु प्रतिक्रियावादी प्रतिनिधिहरूमाथि प्रहार केन्द्रित गर्न थाल्यो तब उनीहरू झस्कन पुगे । उनीहरूले ठानेका थिए, माओवादीलाई एमाले बनाउन सकिनेछ, तर त्यस्तो मिथ्या मिथ्या नै राखेर एनेकपा (माओवादी) अगाडि आयो । यो नै उनीहरूको सबभन्दा ठूलो टाउको दुःखाई भएको छ । अहिलेको सबै असहज परिदृश्यहरू वर्गपक्षधरताले सृष्टि गरेका अवस्यम्भावी वर्गकलहको मन्चन हो ।

*लक्ष्यलाई तिलाञ्जली दिएर उपलब्ध हुने पद, प्रतिष्ठाले व्यक्तिलाई क्षणिक फाइदा हुनसक्ला तर पनि इतिहासमा कलङ्कित पात्र बन्नुपर्ने कुरा स्पष्टै छ । एनेकपा माओवादी जनताको विश्वास हो, आशा र भरोसाको केन्द्र हो ।*

यो उदाउँदो नयाँ राजनैतिक प्रणालीले समाजवादउन्मुख रहने निश्चित देखेपछि उनीहरू यथास्थितिमा फर्कन सम्पूर्ण तागत होमेर लागेका छन् । जसले गर्दा साम्राज्यवाद, विस्तारवाद र घरेलु प्रतिक्रियावाद एकै ठाउँमा घुलमिल भएर गुजुल्टिएर जनताको प्रमुख दुस्मनका रूपमा अगाडि आउन बाध्य भएका छन् । यो गुजुल्टिएको जनताको अग्रगमनका दुस्मनहरू आफ्नो गुम्दै गइरहेको राज्यव्यवस्थालाई हरहालतमा जोगाउन कम्मर कसेर लागिरहेका छन् । यी दुस्मनहरू पुरानो सेनालाई आफ्नो मुख्य तागतका रूपमा लिन सफल छन् । राष्ट्रिय स्वाधीनता, नागरिक सर्वोच्चताको खिल्ली उडाउँदै पुरानो सेनाको एक हिसाबले छविलाई ध्वंस गर्दै साम्राज्यवाद, विस्तारवादको सामु राष्ट्रिय आत्मसमर्पण गर्दै देशलाई दुर्गतितर्फ धकेल्ने भरथेग प्रयत्न गरिरहेका छन् । यसैको अभिव्यक्ति थियो कठपुतली माकुने सरकार, यसको राजिनामा प्रकरण र संसदमा नयाँ प्रधानमन्त्रीको निर्वाचन झलकहरू । जुन देश र जनताको हितमा छैनन् ।

नेपाली काङ्ग्रेस, एमाले र मधेसवादी दलहरूको अहिलेसम्मको रवैया हेर्दा देश दुर्घटना हुँदै दुर्गतितर्फ उन्मुख छ । नेपाली काङ्ग्रेस सिधा-सिधा आफ्नो प्रतिक्रियावादी स्वरूप धारण गर्नु स्वभाविक छ, अन्यथा उसको अस्तित्व धरापमा पर्दछ । उसले जमिन्दार, नोकरशाह, दलाल पुँजीपति वर्गको पार्टी हुनुको नाताले प्रतिक्रियावादी राज्य प्रणाली बाहेक उसको आफ्नो बाटो अर्को छैन । नयाँ राजनैतिक राज्य प्रणालीले त्यो लगभग समाप्तितर्फ लैजाने छ । त्यसैले ऊ निहुँ खोज्न बाध्य छ । एमाले संसोधनवादी नामधारी कम्युनिष्ट पार्टी हो । त्यसैले नेपाली काङ्ग्रेसभन्दा अलि फरक सामन्ती भूमिव्यवस्थालाई भत्काएर थोरै प्रगतिवादी

> **"जनताको आवाज सुनौँ, उनीहरूमा भर गरौँ र उनीहरूलाई नेतृत्व गर्दै क्रान्तिलाई विजयको एउटा सिँढी उकालौँ: निरन्तर क्रान्ति मानव विकासको सफलताको एकमात्र बाटो हो"**

सुधारवादी काम गर्न सक्छ, त्यो माथि उठ्ने वैचारिक राजनैतिक हैसियत ऊसँग छैन । मधेसवादी दलहरू जो आफूलाई परिवर्तनका बाहक भन्ने गर्दछन् । उनीहरू आफ्ना एजेण्डामा अड्नेभन्दा पनि छिमेकीको मुख सुड्ने कुराले परिवर्तनको दिशा धर्मराइरहेको अवस्था छ । अन्य साना दलहरूको आवाज पनि यिनै सेरोफेरोमा बढी केन्द्रित छ । यो देशमा रहेका पश्चगमनकारी शक्तिहरूको नै ठूलो झुण्ड साम्राज्यवाद विस्तारवादको धमनी भएर देशलाई बर्बादीतर्फ धकेल्न उन्मुख छन् ।

एनेकपा (माओवादी) राष्ट्रियता, स्वाधीनता र आत्मसम्मानको एउटा मात्रै निर्विकल्प प्रतीकका रूपमा सङ्घर्षमा छ । आफ्ना एजेण्डामा दृढ छ । धर्म निरपेक्षता, सङ्घीयता, नयाँ राज्यप्रणाली, शान्ति र संविधानका निम्ति ऊ कुनै प्रभूका सामु नझुक्ने कुरामा प्रतिबद्ध छ । त्यति मात्र होइन सर्वहारा क्रान्तिको अग्रदस्ताको हैसियतले नयाँ राज्य प्रणाली हुँदै समाजवाद, साम्यवादका निम्ति कट्टिबद्ध छ । आफ्नो अभीष्ट सर्वहारावर्गको अधिनायकत्व स्थापना गर्दै वर्गविहीन समाज निर्माणमा विचलित हुने सम्भावना छैन । त्यसैले एकीकृत माओवादी र अन्य संसदवादी दलका बीचमा रहेको भिन्नता हो । यो भिन्नता वर्गीय लडाइँ हो । वर्गद्वन्द्वको परिदृश्य अहिलेको प्रधानमन्त्री निर्वाचन पनि हो । वैधानिक बाटोबाट क्रान्तिकारी कम्युनिष्टहरू, यो उचाइमा आजको प्रतिकूल विश्वपरिस्थितिमा आफ्नो गन्तव्यका लागि लडेको इतिहासमै सर्वप्रथम र साहसिक कदम हो ।

एकृकीत माओवादीको नेतृत्वमा सरकार रहँदा पुरानो सेनासँगको सम्बन्ध सुधार विकास र नयाँ राष्ट्रिय सेना निर्माणमा प्रजातान्त्रीकरण गर्ने कार्यमा कलापूर्ण कुशलता देखाउन चुकेको गुनासो जीवितै छ । ब्युरोक्रेसीले सहयोग नगरेको र त्यसलाई काममा लगाउन अनुभवको कमी रहेको पनि यथार्थ बाहिर आएकै छ । कुटनीतिक पहललाई समय, सन्दर्भ, स्थान, उपस्थितिको अनुकूलताको ध्यान पुर्‍याउन चुक्दा विपक्षीहरूले खेल्ने ठाउँ सहज उपलब्ध भएको पनि राजनैतिक विश्लेषकवृत्तमा छलफल भइरहेकै छ । जनतामा नयाँ आएका कार्यकर्ताले उदण्ड कर्मशैलीले पनि खासखास मोडमा पार्टीलाई अप्ठेरोमा पारेको कारणले पनि वामपक्षहरूसँग समेत कटुता बढेको अनुभव छ । यस्तो केही प्रतिनिधि कार्यशैलीगत कमीकमजोरीले पार्टी अप्ठेरोमा परेको अनुभूति भएकै छ । यति हुँदाहुँदै पनि समग्रमा पार्टी आफ्नो मूल एजेण्डामा अविचल अगाडि बढिरहेको छ । यो नै अहिलेको वर्ग कलहको पाटो रहेको छ ।

यसरी वर्ग कलहको एउटा उचाइमा संविधानसभालाई आफ्नो कब्जामा लिएर हिड्नु त्यति सहज छैन । कलापूर्ण, जनदिशालाई अङ्गीकार गर्दै, आफ्ना एजेण्डामा दृढतापूर्ण सङ्घर्षमा लाग्नुबाहेक एनेकपा (माओवादी)को अर्को विकल्प हुनै सक्तैन । लडाइँ जतिसुकै लामो भए पनि सत्य पक्षमा रहेपछि कसैले हराउन सक्दैन । दिशा ठीक हुनुपर्छ गन्तव्यमा जानबाट कसैले रोक्न सक्तैन । अहिलेको प्रधानमन्त्रीको निर्वाचनमा सफलता असफलता त्यति ठूलो कुरा होइन । मूलतः लक्ष्यमा दृढ रहनु प्रमुख विषय हो । लक्ष्यलाई तिलाञ्जली दिएर उपलब्ध हुने पद, प्रतिष्ठाले व्यक्तिलाई क्षणिक फाइदा हुनसक्ला तर पनि इतिहासमा कलङ्कित पात्र बन्नुपर्ने कुरा स्पष्टै छ । एनेकपा (माओवादी) जनताको विश्वास हो, आशा र भरोसाको केन्द्र हो । तसर्थ जनताको विश्वास आसा र भरोसालाई केन्द्रमा राखेर अगाडि बढ्नुको विकल्प छैन । जनता नै इतिहासका सर्वशक्तिमान शक्ति हुन्, उनीहरूको साथ रहँदासम्म कसैले हल्लाउन सक्तैन । जनताको आवाज सुनौँ, उनीहरूमा भर गरौँ र उनीहरूलाई नेतृत्व गर्दै क्रान्तिलाई विजयको एउटा सिँढी उकालौँ: निरन्तर क्रान्ति मानव विकासको सफलताको एकमात्र बाटो हो । ००

shovabhumi11@gmail.com


न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने यस क्याम्पसमा यसपालिदेखि बीबीएस लेभलमा भर्ना खुलेको हुनाले इच्छुक विद्यार्थीले सम्पर्क गर्न सक्नुहुनेछ ।




**बौद्ध बहुमुखी क्याम्पस**

बौद्ध-६, काठमाडौँ ।

फोन: ०१४४६१३९२



# आन्तरिक द्वन्द्वमा ठूला तीन दल

तीन ठूलादल एकीकृत नेकपा माओवादी, नेपाली काङ्ग्रेस र नेकपा (एमाले) पार्टीभित्र को शक्तिशाली हुने भन्ने विषयलाई लिएर विवाद देखिएको छ । तीनवटै पार्टीमा एकले अर्कोलाई निस्तेज पार्ने रणनीति नै बनाएका छन् । संसदमा सबैभन्दा ठूलो दल एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र उपाध्यक्ष डा. बाबुराम भट्टराईबीच वाक्‌युद्ध नै चलेको छ । उनीहरूको विवाद धेरै पहिलेदेखि नै चल्दै आए तापनि पार्टीको तर्फबाट प्रधानमन्त्रीको उम्मेदवार कसलाई प्रस्तुत गर्ने भन्ने विषयले त रडाको नै मच्चायो । पार्टीको अध्यक्ष प्रचण्ड भएकोले पार्टीको तर्फबाट प्रधानमन्त्रीको उम्मेदवार उनलाई नै बनाउनुपर्छ भन्नेहरू र एकपटक प्रचण्ड प्रधानमन्त्री भइसकेकाले अब उपाध्यक्ष डा. भट्टराईलाई प्रधानमन्त्री बनाउनुपर्छ भन्ने बीच कस्साकस्सी नै पर्‍यो । उपाध्यक्ष डा. भट्टराई निकट मानिने टोपबहादुर रायमाझीले पार्टीले प्रचण्डको विकल्प खोज्नुपर्ने र विकल्प डा. भट्टराई भएको सार्वजनिक समारोहमा नै बताएपछि त एनेकपा माओवादीको विवाद सतहमै आउन पुग्यो । अहिले अध्यक्ष 'प्रचण्ड' र उपाध्यक्ष डा. भट्टराई निकट मानिने बीच पानी बाराबारको स्थिति आएको राजनीतिक विश्लेषकहरू बताउँछन् । केन्द्रीय नेताहरू आआफ्नो पक्षमा पार्न अहिले दुई खम्बाबीच दौडाहा सुरु भएको छ ।

पार्टीका प्रभावशाली नेता तथा उपाध्यक्षद्वय मोहन वैद्य 'किरण', नारायणकाजी श्रेष्ठ, महासचिव रामबहादुर थापा 'बादल' लगायतका नेताहरूलाई आफ्नो पक्षमा पार्न अध्यक्ष प्रचण्ड र डा. भट्टराई लागि परेको बताइन्छ । पहिले प्रचण्डसँग सधैँजसो हिड्ने नारायणकाजी श्रेष्ठ प्रचण्डदेखि रुष्ट भएको बताइन्छ । उनको आफ्नो 'ट्र्याक' छोडेर भट्टराईतर्फ लाग्ने मनसाय रहेको बुझिएको छ । माओवादीभित्रका 'हाडलाइनर' मानिने वैद्य पहिलेदेखि नै छुट्टै स्वभावका भएकोले उनी को पट्टि लाग्ने भनेर अहिले खुलेका छैनन् । यी प्रभावशाली तीन नेता भट्टराईसँग मिलेको खण्डमा प्रचण्ड अप्ठ्यारोमा पर्न सक्ने राजनीतिक विश्लेषकहरू बताउँछन् । केही समय अगाडि बसेको पोलिटब्युरो बैठकमा बाझाबाझ गरेका नेता वैद्य र डा. भट्टराइको सहकार्य हुने कुरा भने नाटककै रूपमा लिएका छन् । गतवर्ष सत्ताबाट बाहिरिएपछि प्रचण्ड वैद्यकै लाइनमा हिँड्दै आएका छन् । केही हप्ता अघिसम्म पनि माओवादीमा प्रचण्ड-वैद्यको गठबन्धन एकजुट भएर डा. भट्टराईलाई एक्लाएका थिए । नेता बादल भने मध्यधारमा रहँदै आएका थिए । तर हालै सम्पन्न साता लामो पोलिटब्युरो बैठकमा प्रचण्डले आफूलाई सर्वेसर्वाका रूपमा प्रस्तुत गरेपछि अन्य नेताहरू उनीसँग रुष्ट बनी कार्यगत एकता गरेको विश्वस्त स्रोतले जनाएको छ । जसलाई प्रचण्डले अप्ठ्यारो समयमा आफूलाई आफ्नै भन्नेहरूले घेराबन्दी गरेको भनेर गुनासो पोखेका छन् ।

*डा. भट्टराईभन्दा प्रचण्डको पार्टीमा बढी प्रभाव भएको विश्लेषण गरी प्रचण्ड खेमामा उभिने निधो गरेका छन् भने कसैले बौद्धिक व्यक्तित्वका धनी डा. भट्टराईको भविष्य राम्रो देखेर उनीतिर लाग्ने निधो गरेका छन् । यस्तो पार्टीभित्रको ध्रुवीकरणले माओवादीलाई फाइदा हुने त कुरै भएन । प्रतिगामी शक्तिलाई मात्र फाइदा पुगेको छ ।*

*" अहिलेसम्म पनि एमालेका अध्यक्ष खनाल र ओलीबीच बोलचाल नै बन्द छ । एमालेभित्रको विवाद सतहमै आएको छ । बुटवलमा भएको आठौँ महाधिवेशनको समाप्ति सँगसँगै एमालेको विवाद "तिनाउ खोलाले बगाएर लग्यो" भनिन्थ्यो तर बुटवलमा भनिएभन्दा फरक तरिका अर्थात् कल्पनै नगरेको तरिकाले विवाद बढ्दै गएको छ "*

एकीकृत माओवादीको चुनवाङ बैठकदेखि संविधानसभाको चुनावसम्म प्रचण्ड डा. भट्टराईको बाटोमा हिँडेका थिए । त्यसपछि भने उनी वैद्य निकट भएर भट्टराईलाई कमजोर पार्ने नीति लिएका थिए । १० वर्षे द्वन्द्वको क्रममा पनि प्रचण्डले कहिले बैद्यसँग निकट भएर भट्टराइलाई कमजोर बनाउने त कहिले भट्टराई निकट भएर वैद्यलाई कमजोर बनाउने नीति अख्तियार गरेको बताइन्छ । प्रचण्डको सोही उपयोगिताको राजनीतिबिरुद्ध सबै नेताहरू हाल आएर एकजुट भएको विश्लेषकहरू बताउँछन् । पूर्व माओवादी नेता एवं राजनीतिक विश्लेषक मुमाराम खनाल प्रचण्ड हालसम्मकै पार्टीमा सबैभन्दा कमजोर रहेको बताउँछन् ।

संसदमा सबैभन्दा ठूलो दलभित्र देखिएको यस्तो ध्रुवीकरणले उक्त दलभित्र एउटा हलचल नै मच्चाएको छ । माओवादीका नेता तथा कार्यकर्ता कतापट्टि लाग्दा बढी फाइदा हुन्छ र भविष्य कसको राम्रो छ त्यतैतिर लाग्न थालेका छन् । कसैले डा. भट्टराईभन्दा प्रचण्डको पार्टीमा बढी प्रभाव भएको विश्लेषण गरी प्रचण्ड खेमामा उभिने निधो गरेका छन् भने कसैले बौद्धिक व्यक्तित्वका धनी डा. भट्टराईको भविष्य राम्रो देखेर उनीतिर लाग्ने निधो गरेका छन् । यस्तो पार्टीभित्रको ध्रुवीकरणले माओवादीलाई फाइदा हुने त कुरै भएन । प्रतिगामी शक्तिलाई मात्र फाइदा पुगेको छ ।

माओवादीभित्र देखिए जस्तै भुसको आगो संसदमा रहेको दोस्रो ठूलो दलमा पनि देखिएको छ । नेपाली काङ्ग्रेसको १२ औं राष्ट्रिय महाधिवेशन नजिकिँदै गर्दा काङ्ग्रेसभित्रको विवादले पनि चर्को रूप लिँदै गएको छ । पार्टीका केही नेताहरू सभापति पद हत्याउन तल्लीन रहेका छन् । सभापतिका लागि शेरबहादुर देउवा, सुशील कोइराला तयारी गरिरहेका छन् । उनीहरू आफ्नो पकड कायम गर्न लागिपरेका छन् । कार्यकर्ताले देशभर गुट-उपगुट निमार्ण गर्न लागेको आरोप तीन नेतालाई लगाउँदै आएका छन् । नेपाली काङ्ग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको निधन भएपछि 'को' सभापति हुने विषय त्यत्तिकै विवादमा रहेको समयमा सरकारमा कसले प्रतिनिधित्व गर्ने भन्ने विषय पनि गम्भीर विवादको विषय भएको छ । संसदीय दलका नेता रामचन्द्र पौडेल, उपसभापति सुशील कोइरालाले एउटा पक्षको लविङ गरिरहेका छन् भने वरिष्ठ नेता शेरबहादुर देउवाले अर्को उपसभापति कोइरालाले रामचन्द्र पौडेललाई प्रधानमन्त्री बनाएर आफू सभापति हुन खोजिरहेका छन् । रामचन्द्र र कोइरालाबीच दोस्ती बढ्दै गएको छ भने देउवा नेपाली काङ्ग्रेसभित्रका एक्लो बृहस्पति बन्न पुगेका छन् । देउवालाई अहिले पनि काङ्ग्रेसभित्र ४० प्रतिशत नेता तथा कार्यकर्ता आफ्नो पक्षमा रहेको घमण्ड छ । यद्यपि उनीसँग पहिले नजिक रहेका प्रकाशमान सिंहलगायतका प्रभावशाली नेताहरूले देउवालाई छाडिसकेकोले उनको शक्ति क्रमशः क्षिण हुँदै गएको छ । काङ्ग्रेसभित्रको रडाको अहिले सतहमा नै आइसकेको छ । समयमा नै यसको

*ठूला पार्टीभित्र देखिएको यस्तो आरोप-प्रत्यारोप, वाद विवादले मुलुकलाई भने हानी पुऱ्याएको छ ।*

समाधान गर्न सकिएन भने पहिलेको जस्तै पार्टी विभाजन हुन पनि सक्ने सम्भावना रहेको पनि राजनीतिक विश्लेषकहरू बताउँछन् ।

नेकपा माओवादी, नेपाली काङ्ग्रेसजस्तै तेस्रो ठूलो दल नेकपा एमालेमा पनि पार्टीभित्र तीव्र विवाद देखिएको छ । खासगरी गत वर्ष बुटवलमा सम्पन्न एमालेको आठौँ महाधिवेशनपछि अध्यक्ष झलनाथ खनाल र वरिष्ठ नेता के.पी. ओलीबीचको विवादले उग्ररूप लिएको हो । केही समयसम्म त समानान्तर कमिटी समेत गठन गर्न पुगे । तर त्यो क्रम हाललाई रोकिएको छ । यद्यपि अहिलेसम्म पनि एमालेका अध्यक्ष खनाल र ओलीबीच बोलचाल नै बन्द छ । एमालेभित्रको विवाद सतहमै आएको छ । बुटवलमा भएको आठौँ महाधिवेशनको समाप्ति सँगसँगै एमालेको विवाद 'तिनाउ खोलाले बगाएर लग्यो' भनिन्थ्यो तर बुटवलमा भनिएभन्दा फरक तरिका अर्थात् कल्पनै नगरेको तरिकाले विवाद बढ्दै गएको छ ।

एमालेका अध्यक्ष खनाल र ओली बीचको लडाइँ रोचक बन्दै गएको छ । सधैँ बाघ जस्तै कुर्लने ओलीको सिको गर्दै अध्यक्ष खनाल पनि कड्किन थालेका छन् । उनलाई केन्द्रीय कमिटीमा अल्पमतमा परेको आरोप केपी पक्षले लगाउँदै आएका थिए । त्यसको प्रतिवाद गर्दै खनालले राजधानीमा आयोजित एक कार्यक्रममा अल्पमतमा परेको देखाउनुहोस्, म अध्यक्षपदबाट राजिनामा दिन तयार छु पनि भने । बिरालोले जस्तो झ्यालबाट हेर्नेहरूले तथानाम भन्दै हिड्नेजस्ता कलात्मकयुक्त भाषणले के.पी. पक्ष पछि हट्न पुगेका छन् । सधैँ कार्टुन र विज्ञापनलाई उखान टुक्कामा जोडेर भाषण गर्न ओलीलाई उछिन्दै खनालले गरेको त्यस्तै भाषणले अहिले एमालेभित्र हल्लीखल्ली नै मच्चाएको छ । गतवर्ष बुटवलमा सम्पन्न भएको आठौँ महाधिवेशनमा अध्यक्ष पदमा पराजित भएका ओली खनाल पक्षदेखि रुष्ट हुँदै आएका छन् ।

एमालेभित्र ओली पक्षसँग नजिक रहेका माधव नेपाल पनि खनाल पक्षसँग रुष्ट नै छन् । यता खनाल पक्षमा रहेका अध्यक्ष वामदेव गौतम, महासचिव ईश्वर पोखरेललगायतका नेताले जसरी पनि ओलीलाई पाखा लगाउने पक्षमा छन् । एमालेभित्रको यस्तै विवादले यसभन्दा अगाडि पनि पार्टी विभाजन हुन पुगेको थियो । २०५४ सालमा वामदेव गौतमलगायतका केही नेताहरूले नेकपा माले नामको पार्टी खोलेर एमाले तितरवितर भएको थियो । यस्तै स्थिति त आउने होइन ? कार्यकर्ताले गुनासो गर्न थालेका छन् ।

अहिले तीन ठूला दलभित्रको रडाको रोमान्चक भएकोमा प्रतिगामीहरू खुसी भएका छन् तर, ठूला पार्टीभित्र देखिएको यस्तो आरोप-प्रत्यारोप, वाद विवादले मुलुकलाई भने हानी पुऱ्याएको छ । तीनदलबीच देखिएको विवादले पार्टी फुटाउनेसम्मको काम त नगर्ला तर पार्टीलाई कमजोर पुऱ्याई प्रतिगामीहरूलाई फाइदा भने अवश्य पुग्नेछ । ० ०



# नेपाली राष्ट्रियताको लागि राजसंस्था चाहिन्छ

## गोपाल दाहाल, नेता, राप्रपा नेपाल

**पूर्वी नेपालको धनकुटामा २०२३ साल फागुन १२ गते जन्मनुभएका गोपाल दाहालको बाल्यकाल र एस.एल.सी उत्तीर्ण गर्दासम्मको अध्ययन मोरङ सिजुवाको सौँठा उच्च मा.वि. (तत्कालीन मा.वि.) बाट गरेका हुन् । सिजुवा –९, जोरपैनीमा स्थायी घर भएका दाहालले महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसबाट स्नातक उत्तीर्ण गरेका हुन् । दाहाललाई उनको गाउँ मोरङ क्षेत्र नं. १ र आसपासका क्षेत्रहरूमा वरिष्ठ समाजसेवी र राजनीतिक व्यक्तित्वका रूपमा चिन्ने गरिन्छ । राजसंस्था निकट व्यक्ति भनेर पहिलेदेखि नै चिनिँदै आएका उनी २०४३ सालमा राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डलको जिल्ला सचिव, २०४८ सालमा राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी सङ्गठनको उपाध्यक्ष र त्यसपछिका दिनमा लगातार राप्रविसङ्घको महासचिव भई गहन भूमिका निर्वाह गरिसकेको कुरा बताउँछन् । दाहालले काम गरेको मातृसंस्था विभाजन हुने क्रममा एकपक्षले गणतान्त्रिक धारलाई नैतिक समर्थन गर्दै गएको र अर्को धारले राजसंस्था राष्ट्रिय एकताको प्रतीकको रूपमा स्थापित नभए मुलुक बिखण्डन हुने र राष्ट्रियतामाथि खतरा हुनसक्ने सम्भावना रहन जाने भएकाले सोही अनुरूप राप्रपा नेपाल खुलेदेखि नै राप्रपा नेपालसँग आबद्ध भई राप्रयुसङ्घको केन्द्रिय प्रवक्ता साथै राप्रपा नेपालको स्थानीय विकास विभागको सदस्य सचिव भई हालसम्म सक्रिय रहँदै आएका छन् । प्रस्तुत छ उनीसँगको भलाकुसारी :–**

**❖तपाइँ सानैदेखि राजावादी हुनुभएको व्यक्ति निरन्तर राजावादीसँग रिलेटेड भई राजनीति गर्नुको कारण के होला ?**

➲ म राजनीति अबुझ भएको अवस्थामा नै राजनीतिसँग चासो राख्न चाहन्थे (अर्थात् स्कुलले बेलामा) । जब २०३६ सालको जनमतसङ्ग्रह घोषणा भयो, त्यस क्रममा मेरो पारिवारिक र अग्रजको आस्थाको कारणले म राजसंस्थाप्रति आस्थावान् भए । र त्यस अवस्थामा पञ्चायतको पक्षमा जनमत सङ्ग्रहमा राजनीतिक वकालत गर्न प्रारम्भ गरैं । त्यसबेला विद्यालयमा कविता, मुक्तकजस्ता रचनाको कारणले आफ्नो विद्यालयमा लोकप्रिय हुँदै गएपछि सङ्गठनको नेतृत्व तहमा बस्न थालियो ।

**❖ त्यसपछि के के भयो त ?**

➲ त्यही क्रममा अघि बढ्दै जाँदा अनेरास्ववियु र नेविसङ्घ जस्ता सङ्गठनहरू सक्रिय रहेका थिए । त्यसपछि राजनीतिक अध्ययन गर्ने क्रममा आफ्नो आत्माले नेपाल एकीकरणको इतिहासलाई अध्ययन गर्दा पृथ्वीनारायण शाहको नेतृत्वमा नेपाल एकीकरण अभियानले अत्यन्तै प्रभावित बनायो । तत्पश्चात् नेपालमा नेपाली राष्ट्रियताको लागि राजसंस्थाको अपरिहार्यतालाई दृष्टिगत गर्दै राजसंस्था नेपालको राष्ट्रियताको संरक्षणको लागि आवश्यकता हो भन्ने बुझेर राजसंस्था र राष्ट्रियताको पक्षधर विद्यार्थी सङ्गठनमा आबद्ध भई काम गर्न सुरुवात गरैं । त्यसपछि ०४४ सालको भारत सरकारले नेपालको पारवहन नाका बन्द गरेपछि मेची, कोशी र सगरमाथाका विभिन्न जिल्लाहरूमा राष्ट्रियताको पक्षमा विद्यार्थी सङ्गठनको तर्फबाट राजनीति गर्दै हिँड्दा अझ बढी सक्रिय हुने जागर र उत्साह बढ्दै गयो । त्यस अवस्थामा म मोरङ रास्वविमको जिल्ला सचिव थिएँ । काम गर्दै जाँदा ०४६ सालको परिवर्तनपश्चात् लगत्तै सामाजिक र शारीरिक अपमान र साङ्घातिक आक्रमणका सङ्कटहरूलाई भोग्दै मोरङबाट पलायन हुनुपर्ने अवस्था त्यस समयका उग्रप्रजातन्त्रवादीहरूले गराएपछि काठमाडौं आएर अध्ययन साथसाथै सङ्गठन विस्तारमा अगाडि बढ्ने दृढताका साथ काठमाडौं प्रवेश गरियो । त्यसपछि ०४८ सालमा राप्रपा (चन्द)को गठनपछि राष्ट्रियताको लागि केही गर्नु पर्दछ भन्ने उद्देश्य बोकी रत्नराज्यलक्ष्मी क्याम्पसबाट सङ्गठनमा काम गर्न सुरुवात गरैं र राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी सङ्गठनको विधान मस्यौदा समितिमा बसी राष्ट्रियताको पक्षमा शैक्षिक अराजकताको विरुद्धमा केही त्याग गर्नु पर्दछ भन्ने सोच राख्दै राप्रविसंको जन्म गराई ०४९ सालमा राष्ट्रिय भेला गराई उपाध्यक्ष निर्वाचित भई सङ्गठनलाई विस्तार गर्ने काम गरैं । त्यस क्रममा करिब नेपालका ५५/५६ जिल्लाहरूमा भ्रमण गरी त्यस सङ्गठनलाई

विस्तार गर्नको निमित्त आफ्नो बलबुताले भ्याएसम्म सङ्गठन विस्तार गर्ने काम गरियो ।

❖ **अहिले राप्रपा नेपालको नेता हुनुहुन्छ, कसरी ?**

➲ म विभिन्न राजनीतिक आरोहअवरोह पार गर्दै सङ्गठन गर्ने क्रममा आफ्नो ब्रह्मले पुरानो आस्थालाई त्याग्न सक्ने अवस्था रहेन, त्यही भएर आफूले काम गरेको मातृसंस्था विभाजन हुने क्रममा एकपक्षले गणतान्त्रिक धारलाई नैतिक समर्थन गर्दै गएको र अर्को धारले राजसंस्था राष्ट्रिय एकताको प्रतीकको रूपमा स्थापित भएर मुलुक बिखण्डन हुने र राष्ट्रियतामाथि खतरा हुन सक्ने सम्भावना रहन जान्छ, त्यसकारण एउटा वैकल्पिक राष्ट्रवादी शक्तिको आवश्यकता भएको हुनाले त्यस कुरालाई मनन गर्दै राप्रपा नेपाल खुलेदेखि नै राप्रपा नेपालसँग आबद्ध भई राप्रयुसङ्घको केन्द्रीय प्रवक्ता र राप्रपा नेपालको स्थानीय विकास विभागको सदस्य-सचिव भई हालसम्म सक्रिय रहँदै आएको छु ।

❖ **सबै शक्ति गणतन्त्रमा लागेको बेला राप्रपा नेपालले चाहिँ किन राजसंस्था चाहिन्छ भनेको हो ?**

➲ जुन दिनदेखि नेपालको एकीकरणले अहिलेको (हालको) मेचीदेखि महाकालीसम्म राजसंस्थाको अनवरत नेतृत्वमा २२से/२४ से राज्यहरूलाई एकीकृत गरी पुर्खाले सुम्पेको यो नासो अभिभाजित र अक्षुण राख्नुपर्ने जिम्मेवारी एउटा नागरिकको हैसियतले मेरो पनि हो भन्ने महसुस गर्दै र विभिन्न किसिमले नेपाली र नेपाललाई राष्ट्रिय एकताको धागोमा बाध्न सक्ने काम राजसंस्थाले मात्र गर्न सक्दछ भन्ने हाम्रो ठम्याइ हो ।

❖ **तपाईँको गृहजिल्ला मोरङ क्षेत्र नं. १ मा तपाईँलाई कुशल राजनीतिक व्यक्तित्वको साथै वरिष्ठ समाजसेवी पनि भन्ने गर्छन् नि, किन होला ?**

➲ मलाई कसले के भनिराखेको हुन्छ त्यो मलाई प्रत्यक्ष थाहा हुने कुरा भएन । राजनीतिको कुरा गर्दा स्व. गिरिजा प्रसाद कोइरालाज्यूको क्षेत्रमा म उहाँभन्दा वरिष्ठ राजनीतिज्ञ बन्न सक्ने अवस्था रहन्न तथापि पनि त्यस क्षेत्रमा विद्यार्थी जीवनदेखि राजनीतिक सङ्गठन विस्तार गर्दै हिड्ने क्रममा राजनीतिक तथा सामाजिक रूपले हरेक सुख, दुःखमा सहभागी हुने भएको कारणले त्यस क्षेत्रका जनताले मतदानको माध्यमबाट माया नगरे पनि मलाई त्यहाँका अग्रज पुस्ता, समकालीन पुस्ता र आफूभन्दा पछिल्लो पुस्ताका सबैले मप्रति अत्यन्त सद्भाव, माया र सम्मान गर्नुहुन्छ किनभने धेरै वर्षदेखि काठमाडौँ बस्नेहरूमध्ये म नै त्यस क्षेत्रका बासिन्दासँग प्रत्यक्ष परिचित र सहयोगी रहेको छु र त्यहाँका अभिभावकहरूले कुनै समयमा राजनीतिक विरोधीहरूको आक्रमणबाट मृत्युवरण गर्नुपर्ने अवस्थाबाट समेत मलाई संरक्षण गरी यस स्थानमा पुऱ्याएका छन् । आज म जीवित रहेर समाजसेवा गर्न पाउनुमा त्यहाँका मेरा अभिभावकहरू, समकालीन मित्रहरूको ममाथि धेरै ठूलो योगदान छ । त्यसकारणले त्यस क्षेत्रको समाजसेवाको निमित्त मेरो बलबुता र बुद्धिले भ्याएसम्म समाजसेवा गर्नको निमित्त मेरो कर्तव्य हुन जान्छ । कसले के भन्छ भन्दा पनि आफ्नो कर्तव्य के हो भन्ने कुरालाई मजस्ता हरेक नेपालीले सोच्नु पर्दछ ।

**देशका शासकहरूलाई देश र जनताप्रति पटक्कै चिन्ता छैन । सत्ता स्वार्थको लागि देशलाई टुक्र्याउन समेत तयार रहेका छन्, त्यसकारण यस्तो तरल राजनीतिक अवस्थामा राजसंस्थाको भूमिका राष्ट्रिय एकताको निमित्त प्रभावकारी हुन सक्छ । त्यसकारण हामीले राजसंस्थाको आवश्यकता महसुस गरेका हौँ ।**



❖ **वर्तमान देशको राजनीतिक अवस्थालाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

➲ वर्तमान अवस्थामा देश गम्भीर राजनीतिक सङ्कटमा अल्झिरहेको छ । ०६२/६३ को परिवर्तनपश्चात् मुलुकको राष्ट्रियता र राष्ट्रिय एकता अत्यन्त ठूलो धर्मसङ्कटमा परेको छ । विदेशीहरूको चलखेल प्रत्यक्ष रूपमा बढ्दै गएको छ । आर्थिक प्रलोभनको माध्यमबाट दसौँ लाख जनताले धर्म परिवर्तन गराई नेपालको राष्ट्रियतामाथि नै आघात पुग्ने अवस्थाको सृजना भएको छ । सत्ताको खेलमा राष्ट्र र जनताको चिन्तालाई तिलाञ्जली दिई दल र व्यक्तिको स्वार्थमा राजनीति अस्तव्यस्त तुल्याइएको छ र यसले अझ विकराल रूप नलेला भन्न सकिन्न । बेरोजगारी समस्याले सारा नेपाली युवाशक्ति छटपटी राखेको अवस्था छ । वार्षिक दसौँ लाख युवाहरू आफ्नो श्रम बेच्नको निमित्त विदेशिरहेका छन् र तिनीहरूको कमाइ (रेमिट्यान्स)बाट देश चलिराखेको छ तर देशका शासकहरूलाई देश र जनताप्रति पटक्कै चिन्ता छैन । सत्ता स्वार्थको लागि देशलाई टुक्र्याउन समेत तयार रहेका छन्, त्यसकारण यस्तो तरल राजनीतिक अवस्थामा राजसंस्थाको भूमिका राष्ट्रिय एकताको निमित्त प्रभावकारी हुन सक्छ । त्यसकारण हामीले राजसंस्थाको आवश्यकता महसुस गरेका हौँ । म सम्पूर्ण देशभक्त न्यायप्रेमी जनताहरूलाई के आग्रह गर्न चाहन्छु भने यस्तो सङ्कटको अवस्थामा इतिहासलाई साक्षी राख्दै नेपाली राष्ट्रिय अस्मितालाई बचाउनको निमित्त ऐक्यबद्धता जाहेर गर्नुपर्ने अवस्था छ र देशका युवाशक्तिहरू भ्रममा नपरी यथार्थलाई अध्ययन गर्दै आफ्नो मातृभूमिको रक्षाको निमित्त एकबद्ध भई अघि बढ्ने सन्देश दिन चाहन्छु ताकि भोलि नेपालीहरूले कसैको दासत्व स्वीकार गर्न नपरोस् । ० ०

आकर्षक Website निर्माणका लागि
Tech Hall Computer (P) Ltd.
Ph.: 014356631

*विगत २४ वर्षदेखि तपाइँहरुको सेवामा समर्पित*
**शुद्ध शाकाहारी मारवाडी भोजनालय**
पशुपति गौशाला (धर्मशाला भित्र)
फोनः ४४७०७९६
**प्रोपाइटर : मुकुलकुमार सिन्हा**



# शिक्षकहरू नै हाम्रा गहना हुन्

**कृष्णप्रसाद देवकोटा**, अध्यक्ष, रीड मोडल स्कुल

❖**रीड मोडल स्कुलको बारेमा प्रकाश पारिदिनुहुन्छ कि ?**

➲ यो रीड मोडल पहिला मोडल स्कुल नाममा सञ्चालित थियो त्यसलाई हामीले एउटा राम्रो टिम खडा गरेर रीड मोडल नामाकरण गरेर यसको क्यापासिटी र क्वालिटीलाई ध्यान दिएर यो इचङ्गुनारायण क्षेत्रमा क्वालिटी एकुकेशन दिनलाई हामीले १७ जना सदस्य बनेर एजुकेसनल टिम सदस्य बनाएर यसलाई स्थापना गरेका हौ ।

❖ **कहिलेदेखि स्थापना गर्नुभयो ?**

➲ रीड मोडल स्कुल स्थापना भएको दुई वर्ष भयो ।

❖**सर्वोत्कृष्ट अङ्क ल्याई एस.एल.सी. उत्तीर्ण विद्यार्थीहरूलाई विदाइ तथा बधाईको कार्यक्रम रहेछ, कस्तो महसुस गर्नुभएको छ ?**

➲ एकदमै एक्साइटिङ साथै च्यालेन्जिङ पनि महसुस भइरहेको छ । एक्साइटिङ यो मानेमा कि नक्कली छोरीचाहिँ पोइल जान्छे भने जस्तै अहिले हामीले धेरै सफलता गरेका छौँ भने चाँडै गिर्न पनि सक्छौँ । यसलाई एकदमै च्यालेन्जिङको रूपमा आउने दिनहरूमा प्रिप्लान, सस्टेनविलिटी प्लानहरू गर्नुपर्दछ जसले गर्दा यो स्कुलको फर्दर प्लान गर्न एचिभमेन्ट पुगोस् ।

❖ **आगामी योजनाहरू के-के छन् नि ?**

➲ हामीले अब यो एक-दुई वर्षभित्र प्लस टु र डिप्लोमा तहको एजुकेसन विशेष गरी यसलाई हेल्थ सेक्टरसँग लिङ्क गर्ने प्लान गरिएको छ ।

❖ **कहिलेदेखि सुरुवात गर्ने योजनामा हुनुहुन्छ ?**

➲ यसमा हाम्रो संस्थापक सदस्यहरूको मिटिङ चाँडै बस्दैछ । सोही मिटिङले प्रिप्लान गर्ने छ । विशेष गरी हामीले इन्जिनियरिङ प्लस हेल्थलाई फोकस गरियो भने यहाँको बच्चाहरूलाई हामीले राम्रो क्वालिटी एजुकेसन दिन सकिन्छ । त्यसपछि यो स्कुल महर्षि विश्वविद्यालयसँग टाइचप गर्ने कोसिस गरिएको छ । डा. शङ्कर आचार्य हाम्रो सल्लाहकार हुनुहुन्छ, उहाँमार्फत महर्षि विश्व विद्यालयमा यहाँको Product ले सधैँ facility लिन सकोस्, त्यसको लागि प्रयास भइरहेको छ ।

❖ **शिक्षालाई व्यापारीकरण गरियो भन्ने आरोप लाग्ने गरेको छ, तपाईंको स्कुलको बारेमा के भन्नुहुन्छ ?**

➲ यो व्यापार गर्नेहरूको लागि व्यापार होला तर समाज सेवाको लागि यो समाजसेवा हो । हामी आजसम्म यति प्रोडक्ट गरिराखेका छौँ तर हामीलाई प्रोफिट भईरहेको छैन । तर हामीलाई आनन्द के भइरहेको छ भने बच्चाहरूको क्वालिटी एजुकेसनले गर्दा समाज सुधारोन्मुख भएको छ ताकि यो इचङ्गु नारायणको गाविसभित्रका बच्चाहरू अरू ठाउँमा गएर पढ्नुपर्ने अवस्था छैन, यहीँ सस्तो छ, यो एरियाभरिमा सस्तो छ, सस्तोमा पनि क्वालिटी एजुकेसन दिनु हाम्रो दायित्व हो, समाज सुधारमा छौँ हामी । त्यसैले यसलाई व्यापार भन्नु हुँदैन ।

❖ **यसको मतलब समाज सेवामा लागेका छौँ, भन्नु भएको हो त ?**

➲ हो, तपाईंले देखिहाल्नु भो कुमकुममाया ट्रस्टबाट हरेक वर्षमा उच्च अङ्क ल्याउने बच्चाहरूलाई पुरस्कारको घोषणा गर्‍यो । त्यसै गरेर हामीले विभिन्न संघ-संस्थाहरू टाइचप गर्दैछौँ किनकि यहाँ बच्चाहरूको लागि फ्रिसीप एजुकेसन होस् भनेर ।

❖ **सामाजिक काम पनि गरिरहनु भएको छ र ?**

➲ हामीले वातावरणको लागि यस क्षेत्रमा वातावरण शिक्षाको लागि र्‍याली, क्याम्पेन गरी राखेका छौँ । त्यसैगरी यहाँको सामुदायिक प्रहरीलाई एम्बुलेन्स किन्न सपोर्ट गरिरहेका छौँ । ब्लडबैङ्क सञ्चालन गर्न सपोर्ट गरिरहेका छौँ । यहाँका अभिभावकहरू, महिला सङ्गठनहरूलाई एड्भोकेसीको लागि हामीले फोरोम दिएका छौँ ।

❖ **स्कुलको तर्फबाट समग्रमा के सन्देश दिन चाहनुहुन्छ ?**

➲ यो क्षेत्रको हाम्रो रीड मोडल स्कुल एउटा गहना हो । यसलाई सम्हाल्ने । अन्यत्रको भन्दा हाम्रो एजुकेसन एकदमै स्ट्रङ्ग छ, क्वालिटी छ, यसलाई सस्टेनेबल गरौँ ।

❖ **डिस्टीन्क्सन र फस्ट डिभिजनमा पास गर्ने तपाईंका विद्यार्थीहरूलाई के भन्नु हुन्छ ?**

➲ उनीहरू सबैलाई शुभकामना दिन्छु र अर्को कुरा प्लसटुमा यहाँ Regular लिंकेज हुन्छ हामीकहाँ । हामी मोनेटरिङ गर्छौं र त्यसमा पनि उनीहरूलाई विकनेस छ भने हामी उनीहरूलाई सफल बनाउन सपोर्ट गर्छौं । एजुकेसन सेन्टरमा, फिनान्सियल सपोर्टमा र उनीहरूलाई हाम्रो S.L.C. को मात्र टार्गेट होइन त्यसको फर्दर एजुकेसनको टार्गेटलाई मिट गर्न हामी पूरा सपोर्ट गर्छौं ।

❖ **यस स्कुलको विशेषता के के छ ?**

➲ हाम्रो विशेषता भनेको इचङ्गुनारायण मुख्य सिटिमा दस रोपनी जमीन छ, दुईवटा सुविधा सम्पन्न भवनहरू छन् । क्यान्टिन, होस्टेल, लाइब्रेरी, कम्प्युटर रुम आदि छन् र अर्कोतिर हामीसँग स्ट्रोङ्ग टिचरहरू छन् जसले असाध्यै मेहनत गर्छन् । उदाहरणको लागि- विद्यार्थीसँगै खाने-बस्ने, क्लासमा टिचिङ गर्ने एकदमै पारिवारिक वातावरण छ हामीकहाँ । त्यो नै हाम्रो सफलता हो, टिचर नै हाम्रो गहना । अर्को कुरा टिचर नै हाम्रो प्रमोटर छन् । त्यो प्रमोटर छुट्टै भन्ने छैन, प्रमोटर नै टिचर भएको हुनाले यसलाई स्ट्रेन्थ झन बढेको छ ।

❖ **यस्तै प्रगति बढ्दै जानेमा विश्वस्त हुनुहुन्छ ?**

➲ निश्चय नै । हामीले पोहोर साल ४०० भएकोमा अहिले ६०० जना स्टुडेन्ट पुऱ्यायौं ।

आगामी वर्ष हाम्रो एक हजार जना विद्यार्थी पुऱ्याउने लक्ष्य छ, जसअनुसार भवन पनि बन्दैछ र अर्को हाम्रो उद्देश्य भनेको प्लस टु र डिप्लोमा सुरु गर्ने छौँ । त्यो भएपछि यसको Beauty नै अर्कै हुन्छ । स्वयम्भुको ब्युटीभन्दा पनि हाम्रो रीड मोडलको ब्युटी राम्रो देखिन्छ होला । हामी रीड मोडल स्कुललाई नमुनाको रूपमा स्थापित गर्दै अन्तर्राष्ट्रिय स्तरमा लिङ्क गराउँदैछौँ । सायद हाम्रो आगामी पाँचवर्षे योजनामा यो इन्टरनेसनल स्कुल बन्न सक्छ । हामीसँग प्रशस्त इक्युपमेन्ट, लाईब्रेरीदेखि मल्टिमिडिया टिचिङ-मेथोड, ब्रिटिस लाइब्रेरीले हामीलाई सपोर्ट गरिराखेको छ । मन्टेस्वरी ट्रेनरहरू छन् । हामीलाई एकदमै गुड अपोरचुनिटी छ । अर्को पटक आउँदा तपाइहरूले यसलाई अझ फरक ढङ्गले पाउनु हुनेछ, फरक ढङ्गले यहाँको विकास भएको हेर्न पाउनु हुनेछ ।

❖ **अन्तमा के भन्नुहुन्छ ?**

➲ हामीलाई विश्वास गरेर अभिभावकहरूले आफ्ना बच्चाहरू हामीलाई दिइरहनुभएको छ, तपाइँ जस्तो पत्रकारले हामीलाई सपोर्ट गरिरहनु भएको छ । एल.एन. भट्टराईजी निश्चय नै हाम्रो फ्युचर प्लान सफल हुनेछ भन्ने आशा र विश्वास हामीले गरेका छौँ । हामीसँग जोइन्ट स्ट्रोङ पार्टनरसिप छ । हामी यसलाई पिपुल्स पार्टनर सीप प्रोजेक्टअनुसार अगाडि लिएर जादैछौँ । जसका सल्लाहकारहरू डा. शङ्कर आचार्य, **गोपाल घिमिरे**देखि लिएर हामी सबै विभिन्न वर्गका मानिसहरू छौँ । त्यो टिमलाई हामी सबै मिलेर अगाडि लिएर जानेछौँ । सबैभन्दा ठूलो कुरा युनिटी हो, यसैगरी सदस्यहरू एकता भएर अघि बढौँ । हामीले पाँचवटा हात एकसाथ उठायौँ भने पाँच मुक्की बनाउन सकिन्छ । हामीसँग डान्स टिचर, सङ्गीत टिचर, खेलकुद टिचरहरू सबै ट्यालेन्ट छन् । अस्ति मात्रै हाम्रा विद्यार्थीहरूले फुटबलमा काठमाडौँका ठूला र महङ्गा स्कुललाई ५/६ गोल हानेर नाम कमाइसकेको अवस्था छ । त्यसकारण हामीले ५ सेक्टरहरू गेम, एजुकेसन, एक्स्ट्रा क्रिएटिभिटी, डान्स, सङ्गीत आर्टजस्ता चिजहरूलाई एकैचोटि लगेका छौँ किनभने हामीलाई थाहा छ कि एजुकेसन मात्रै भयो भने विद्यार्थी लाटो हुन्छ । त्यसकारण गेम गर्नेले गेम अर्थात् जुन विद्यार्थीले जे गर्न चाहन्छ त्यो विषयमा उसले चाहेअनुसार अघि बढ्न पाउने व्यवस्था हामीसँग छ । डान्स गर्न चाहनेले डान्समै अगाडि बढ्न सक्छ अर्थात् हामीले उच्च स्तरीय मेथोडबाट यो स्कुल सञ्चालन गरिरहेका छौँ र सो अनुसार हामी सफल पनि भइरहेका छौँ । ० ०




## रीड मोडल स्कुलको बधाइ तथा विदाइ



काठमाडौँ स्वयम्भूस्थित इचंगुमा रहेको रीड मोडल स्कुलले एस्.एल्.सी. उत्तीर्ण गर्ने विद्यार्थीहरूलाई बधाई तथा बिदाइको कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा प्रबन्ध निर्देशक ध्रुवबहादुर बसौला, अध्यक्ष कृष्णप्रसाद देवकोटा, संस्थापक सल्लाहकार ध्रुव नेपाल, प्रिन्सिपल खिमलाल पौडेल तथा प्रमुख अतिथि उपभोक्ता महासङ्घ नेपालका महासचिव ज्योति बानियाले एस्.एल्.सी. उत्तीर्ण डिस्टिन्सन होल्डर्स तथा फस्ट डिभिजन होल्डर्स विद्यार्थीहरूलाई बधाई तथा बिदाइ दिँदै जसरी एस.एल.सी.मा सर्वोत्कृष्ट अङ्क ल्याई सफल भएका छौँ त्यसैगरी अझ धेरै प्रगति गर्न विद्यार्थीहरूलाई हौसला प्रदान गर्नुभयो । विद्यालयका संस्थापक **गोपाल घिमिरे**, शिक्षा निकायका प्रतिनिधिहरू तथा अभिभावकहरूको भव्य उपस्थिति रहेको फेयरवेल कार्यक्रममा सांस्कृतिक कार्यक्रम (गीत/सङ्गीत तथा नृत्य) पनि राखिएको थियो । सर्वोत्कृष्ट अङ्क ल्याई उत्तीर्ण हुने विद्यार्थीहरू तथा सतप्रतिशत नतिजा ल्याउन सफल यस विद्यालयलाई 'अग्निचक्र'को शुभकामना । ००



# सरकारले राजदूतावास स्थापना गरिदियोस्

## श्याम तामाङ

**अध्यक्ष, गैरआवासीय नेपाली सङ्घ, राष्ट्रिय समन्वय परिषद् 'बहराइन'**

❖ **बहराइनमा नेपालीको स्थिति कस्तो छ ?**

➲ बहराइनमा काम गर्न गएका नेपालीहरूको स्थितिलाई दुई प्रकारको हिसाबले हेर्न सकिन्छ। एउटा सीप क्षमता भएका, काममा दक्षता हासिल गरेका नेपाली कामदारको अवस्था राम्रो छ, कमाइधमाइ ठीक छ जस्तो हस्पिटालिटी, रिटेल सेक्टर र फ्याक्ट्रीहरूमा काम गर्नेलाई राम्रो छ तर नेपाली घरेलु महिला कामदारहरूको स्थिति एकदमै दयनीय रहेको छ किनभने हप्ताको ४-५ जना महिलाहरू काम गर्न गएको ठाउँबाट पीडित भई NRN र विभिन्न सङ्घसंस्थाहरूको सहयोगमा नेपाल फिर्ता पठाउने गरिएको छ। त्यसैले म के भन्न चाहन्छु भने घरेलु कामदारको लागि चाहिँ नेपाली चेलीहरू बहराइन नजाउन् तर यदि जानैपर्छ भने कुनै विषयमा सीप दक्षता हासिल गरेर मात्र जानुहोस् भन्न चाहन्छु।

❖ **बहराइनमा सरकारी निकाय नहुनुको कारण के होला ?**

➲ पहिलो कुरा त मैले नेपालका धेरैजना प्रधानमन्त्रीहरूसँग ज्ञापनपत्र बुझाउँदै बहराइनमा एउटा नेपाली दुतावास हुनुपर्छ भनी आग्रह गरेको थिए। जस्तो सन् २००७ मा स्व. गिरिजाबाबु प्रधानमन्त्री हुँदा, त्यसपछि माओवादी अध्यक्ष प्रचण्ड र माधवकुमार नेपाल तीनै जना प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको छु र NRN को दोहा कतार, दुबईको क्षेत्रीय घोषणापत्रमा पनि यो कुरा समेटिएको छ। तर ज्ञापनपत्र बुझाएर गुलियो आश्वासन पाए तापनि आखिरी कानुनी प्रक्रियाअनुसार हाम्रो माग पूरा हुन सकिरहेको छैन, मलाई त्यो कुरामा दुःख छ। जहाँ ३५ देखि ४० हजार नेपाली कामदारहरू विभिन्न पेसामा क्रियाशील छन् तिनीहरूको हकहितका लागि नेपाल सरकार निस्क्रिय जस्तो देखिएको महसुस हुन्छ।

❖ **तपाइले बहराइनमा बसेर के कस्तो कार्यक्रम गर्नु भयो त ?**

➲ हेर्नुस् भट्टराईजी, सबैभन्दा पहिलो मेरो इच्छा र चाहना भनेको बहराइनमा आएर काम गर्ने जति पनि नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई आतिथ्य प्रदान गर्ने। उहाँहरूको हकहितको सुरक्षाको लागि विभिन्न निकायहरूसँग समन्वयात्मक वातावरणको सिर्जना गर्ने। यसै सिलसिलामा जस्तो सप्तकोशीको बाढीले कैयौं घरपरिवारहरू विस्थापित भए, त्यो बेलामा मैले नै अग्रणी भूमिका निभाई सम्पूर्ण बहराइनमा भएका नेपालीहरूबाट सहयोग रकम सङ्कलन गरी बाढी पीडित कोषमा जम्मा गर्ने काम गरेँ। त्यस्तै कुवेत सरकारले फाँसीको तख्तामा झुण्ड्याउन लागेको सिन्धुपाल्चोकवासी नेपाली चेली डोल्मा शेर्पालाई उद्धार गर्नको लागि बहराइनबाट मैले २ हजार ९ सय ८३ डलर अर्थात् करिब २ लाख तीस हजार नेपाली रूपैयाँ सहयोग गरियो। त्यस्तै पासीकोट (नारायणथान) हेल्पलेस कोलोनी जसमा २० जना अनाथ बालबालिकाहरूलाई बहराइन NRN को तर्फबाट रु. ८५ हजार बराबरको डबल वेड प्लस दस जना विद्यार्थीहरूलाई जोसेफ इन्टरनेसनल स्कुल हात्तीगौँडासँग मिलेर मेरै खर्चमा पढाइ राखेको छु। त्यसैगरी बहराइनमा बिरामी भएर दुर्घटनामा परी असक्त भएर काम गर्न नसक्ने दाजुभाइ तथा दिदीबहिनीहरूलाई त्यहाँको कम्पनीबाट उहाँहरूको हकहितको विशेष पहल गरी क्षतिपूर्ति दिलाई नेपाल फिर्ता पठाउने काम गर्दै आएको छु। त्यस्तै विभिन्न कारणवश मृत्युवरण भएका नेपालीहरूलाई पनि उचित क्षतिपूर्ति सम्बन्धित निकायबाट दिलाई मृतशरीर नेपाल पठाउने काम समेत गरेको छु। एल.एन.जी यस्ता धेरै समाजसेवी कामहरू मैले गरेको छु जुन भनी साध्य छैन।

**बहराइन जाने नेपालीहरूलाई नेपाल सरकारको पहलकदमीमा दक्ष, योग्य, सीपमा निपूर्ण र बहराइनको बारेमा विशेष जानकारीप्राप्त बनाएर मात्र पठाइयोस् जसले गर्दा कोही पनि नेपालीले बहराइनमा दुःख, पीडा नपाउन्।**

❖ **नेपालको लागि के गरिरहनु भएको छ त ?**

➲ हर्बल इण्डस्ट्री, बेभरेज कम्पनी, एजुकेसन सेक्टर, आइटी सेक्टर, इन्टरटेनमेन्ट सेक्टर, बैकिङ सेक्टर, रेमिट्यान्स सेक्टर आदिका साथै नेपाली ग्रामीण भूभागमा अर्गानिक खेती र कफीको लागि सिन्धुपाल्चोक, मेलम्चीमा काम सुरुवात गरिसकेको छु।

❖ **नेपाल सरकारसँग बहराइनको लागि के अपेक्षा गर्नुहुन्छ ?**

➲ सर्वप्रथम मैले तपाइँलाई राजदूतावासको बारेमा अघि नै भनिसकेँ। जुन मेरो पहिलो प्राथमिकतामा पर्छ र नेपाल सरकारसँग ठूलो आशा पनि छ। जतिसक्दो चाँडै नेपाल सरकारले राजदूतावास स्थापनाको लागि पहलकदमी अगाडि बढाइदिन्छ भन्ने आशा हामी सम्पूर्ण बहराइनवासीले गरेका छौं। दोस्रो बहराइन जाने जति पनि नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू हुनुहुन्छ, उहाँहरूलाई नेपाल सरकारको पहलकदमीमा दक्ष, योग्य, सीपमा निपूर्ण र बहराइनको बारेमा विशेष जानकारीप्राप्त बनाएर मात्र पठाइयोस् जसले गर्दा कोही पनि नेपालीले बहराइनमा दुःख, पीडा नपाउन्। तेस्रो भनेको गलत ढङ्गले अनावश्यक प्रचारप्रसार र प्रलोभन देखाई अवैधानिक तरिकाले वैदेशिक रोजगारीमा पठाउने दलालहरूलाई सरकारले कानुनी कठघरामा उभ्याएर कारबाही गरोस्, मुख्य कुरा यिनै हुन्।

❖ **अन्तमा के भन्न चाहानु हुन्छ ?**

➲ नेपाली पत्रकारिताजगत्का एक उज्याला तारा तपाइँ "अग्निचक्र राष्ट्रिय मासिक"का सम्पादक/प्रकाशकज्यूले मलाई मेरो विचार, चाहना र यथार्थ कुराहरूलाई प्रकाशित गरी नेपालभर र इन्टरनेटबाट संसारभर फैलाउने जमर्को गरिदिनु भएकोमा एल.एन.जी तपाइँप्रति विशेष आभारी छु। मैले बोलेका यी माथिका सबै कुराहरू सम्बन्धित निकायले बुझोस् भन्दै समग्र विश्वमा छरिएर रहेका नेपालीहरूप्रति उत्तरोत्तर प्रगतिको कामना गर्दै बिदा हुन्छु, नेपाल आमाको जय। ००

# प्रकाश र निर्मलाको जीवन-सङ्घर्ष

सिन्धुपाञ्चोक जिल्ला दुबाचौर गा.वि.स वार्ड नं. -३ पोखरी भन्ज्याङमा २०४३ साल असोज २१ गते जन्मिएका **प्रकाश श्रेष्ठ**को जीवनी अत्यन्त दर्दनाक छ । उनको कक्षा ३ सम्मको अध्ययन त्यहीको स्थानीय स्कूलमा भएको थियो । त्यसपछिको अध्ययन उनले काठमाडौंमा गरे ।

म कक्षा -२ पढ्दाखेरी देब्रे खुट्टाको गोलीगाँठामा खटिरा आयो र केयरलेस भयो किनकि गाउँमा झारफुक र गाउँले उपचार मात्र गरियो ।

तर खटिरा भित्रभित्रै बढ्दै गएपछि शरीरका विभिन्न भागहरूमा फैलँदै खुट्टानै बिग्रँदै गयो । यसबाट देब्रे खुट्टाको मेजर अप्रेसन बनेपाको शिर मेमोरियल अस्पतालमा गरियो तर देब्रे खुट्टाको बूढीऔंला नै काटियो । त्यसपछि काठमाडौं जोरपाटीमा आफ्नौ सहोदर दिदी-दाइहरूको सहायताबाट **खगेन्द्र नवजीवन विशेष विद्यालयमा** कक्षा ३ देखि  कक्षा -५ सम्म पढ्न पुगे । खगेन्द्र नवजीवनमा अपाङ्ग बालबालिकाहरूलाई शिक्षा दिनुका साथै व्यावसायिक सीपमूलक तालिमहरू दिइने गरिन्छ । कक्षा-६ देखि त्यही नजिकै रहेको चामुण्डा माविबाट एस्.एल्.सी.सम्म अध्ययन गरेर त्यहीँबाट एस्.एल्.सी. उत्तीर्ण पनि भए । पढाइको दौरानमा कक्षा -८ पढ्दै गर्दा **प्रकाशको आँखा निर्मला गौतमसँग जुध्न पुग्यो** । उनीहरू प्रकाश र निर्मला दुवैजना अपाङ्ग थिए । निर्मला शारदा मावि (पशुपति क्षेत्र) मा कक्षा -६ मा पढ्ने गर्थिन् । कक्षा -६ देखि कक्षा ८ सम्म निर्मलाले उक्त स्कुलमा पढिरहेकै बखत अपाङ्ग नवजीवन केन्द्रमा होस्टेलमा बस्ने गर्थिन् । त्यही होस्टेलमा प्रकाश आफ्ना साथीहरूलाई भेट्ने गर्थे । जाउआउकै क्रममा पहिले नै परिचय भइसकेको कारण प्रकाश र निर्मलाको निकटता बढ्दै गएपछि गाढा प्रेमभई एक अर्कालाई मन पराउन थालिसकेका रहेछौं भन्दै प्रकाश आफ्नो विगत 'अग्निचक्र'लाई सुनाउँछन् ।

तपाईं आफू अपाङ्ग भए तापनि सजिलै हिँडडुल र काम गर्न सक्ने मान्छेले किन आफूभन्दा कमजोर वैशाकीको सहाराले हिड्न बाध्य हुने निर्मलासँग प्रेम भयो त ? भनी प्रश्न गर्दा प्रकाश भन्छन् -सबैभन्दा ठूलो कुरा मन रहेछ र हाम्रो मन मिल्यो, प्रेम गरियो, मानिसको जीवन एकपटक  आउँछ, एक पटकको जीवनमा बाँच्दा सार्थक जीवन भएर बाँच्नु नै वास्तविक जीवन हो  भन्ने लाग्दछ  र आफूभन्दा अशक्तलाई सहारा दिएर बाँच्नु नै आफ्नो जीवन सार्थक बनाउनु हो भन्ने मलाई लाग्दछ । मानिसहरू आफ्नो लागि सबै बाँचेकै हुन्छन् तर अरूको लागि बाँच्ने थोरै मात्रामा हुन्छन्, जसको कारणले गर्दा मैले आफूभन्दा अशक्त अपाङ्गलाई आफ्नु जीवनसाथी बनाउन पुगेको हो । **संसारमा मानिसहरू धेरै स्वार्थी हुन्छन् तर निस्वार्थ भावना र प्रेम गर्ने मानिसले कुनै शारीरिक बनावट, रूपरङ्ग हेर्दैन, केवल उसको मन र भावनासँग घुलमिल भएपछि आफसेआफ प्रेम हुँदो रहेछ जसको प्रत्यक्ष अनुभव मलाई भएको छ ।** संसारमा अरूले भन्दा छुट्टै काम र छुट्टै विचार भावना बोकी अगाडि बढ्ने अवस्था जसले राख्छ उही मान्छे नै वास्तविक जीवनमा साँच्चिकै बाँचेको हुन्छ भन्ने मलाई लाग्दछ ।



प्रकाश र निर्मला दुवैजना अपाङ्ग भए तापनि छोरी प्रनिशा श्रेष्ठ चाहि शारीरिक तन्दुरुस्त र सकुशल छिन् । प्रनिशा हाल पाँच वर्षकी भइन् । सुखद् दाम्पत्य जीवनको अनुभूति गरिरहेका प्रकाश हाल सोल्टीक्राउन प्लाजा क्यासिनो नेपालमा बार क्यासियरको नोकरी गरिरहेका छन् । स्थायी जागिरे प्रकाश माओवादी निकट ट्रेड यूनियन "अखिल नेपाल ट्रेड यूनियन महासंघका उपाध्यक्ष बाबुराम गौतमका बहिनी-ज्वाईं हुन् ।

**समाजसेवामा प्रकाश**ः- युवा अपाङ्ग सङ्गठन नेपालका संस्थापक महासचिवसमेत रहेका प्रकाशले व्यक्तिगत जीवनमा ३-४ जना अशक्त, असहाय, उत्पीडित, गरिब निमुखा बालबालिकाहरूलाई विभिन्न विद्यालयमा निःशुल्क छात्रवृत्ति आफ्नै पहलमा मिलाइदिएको कुरा पनि बताउँछन् । आफ्नो व्यक्तिगत र संस्थाको तर्फबाट गरिब अपाङ्गहरूलाई निरन्तर समाज सेवा गरिरहने कुरा पनि उनी बताउँछन् ।

शारीरिक रूपमा अपाङ्ग भए तापनि मन विचार र भावनामा सपाङ्ग (शारीरिक रूपमा तन्दुरुस्त) भन्दा कुनै आफूमा कमी नभएको कुरा गर्छन् उनी । **'सेवा नै धर्म हो'** भन्ने मूल नारालाई आत्मासात गर्दै अगाडि बढेका प्रकाश भविष्यमा एउटा असल र निस्वार्थी समाजसेवी भएर बाँच्न चाहन्छन् । करिब ९०० कर्मचारीहरूका बीच रहेर काम गर्दा सबैको प्रिय बनी रहन पाउँदा सबैप्रति आभार व्यक्त गर्न चाहन्छन् प्रकाश । प्रकाश आफू अँध्यारोमा बसे पनि अरूको जीवनमा चम्किलो ज्योती प्रकाश छर्ने भएकाले आफ्नो नाम अनुसारकै जीवन जीउन जानेको कुरा उनी दाबाका साथ भन्छन् । सोल्टी क्राउन प्लाजा क्यासिनो नेपालका करिब ९०० जना कर्मचारीहरूमध्ये प्रशासन फाँटअन्तर्गत "**समय कार्यालय**" का प्रिय मित्रहरू आफ्नो हितैषी मित्र भएकाले उनीहरूलाई पनि सम्झिए प्रकाशले कुराकानीको क्रममा  ।

समाजसेवाकै क्रममा उनले अपाङ्ग पुनस्थापना केन्द्र चुच्चेपाटी काठमाडौंमा एक वर्ष स्वयंसेवक भई काम पनि गरिसकेका छन् । साथै जोरपाटी गाविसमा स्थानीय निरिक्षक भई वार्ड नं. १ देखि ९ सम्म २०६५ र २०६६ सालमा दुई वर्ष समाजसेवा गरिसकेको कुरा पनि बताउँछन् । करिब ३ वर्षदेखि सोल्टी क्राउन प्लाजामै प्रकाशसँग मेरो (एल.एन.को) भेट भएको र उनले मलाई आफ्नो जीवनको वेदना पोख्ने गरेकाले यसपटक जीवनसङ्घर्षमा उनको बारेमा कलम चलाएको हुँ । मेरा हितैषी आत्मीय मित्र पत्रकार एल.एन. भट्टराई भनी प्रकाशले मेरा साथीहरुलाई सोल्टी क्राउन प्लाजामा भनेको सुन्दा मैले पनि प्रकाशलाई तपाईंले भनेजस्तै मेरो पनि हितैषीमध्येको एक प्रकाशजी तपाइँ नै हो भन्ने गरेको छु । मेरो पत्रकारितामा थप उत्साह थप्ने काम प्रकाशले गरेको हुनाले अन्त्यमा थ्याङ्कयू प्रकाशजी भन्दै कलम बन्द गर्दछु ।

जय मानव धर्म । ००



# पुष्पलाल र नेपाली राजनीतिक गति

कुमार पौडेल 'कमल' ........................

*"पार्टी कार्यकर्ता राजनीतिक रूपले चेतनशील हुनुपर्दछ, जनता सङ्गठित हुनुपर्दछ क्रान्ति अवश्यभावी छ, यसलाई कसैले रोकेर रोक्न सक्दैन"* - क.पुष्पलाल

पुष्पलाल नेपाली कम्युनिस्ट आन्दोलनको सुपरिचित सम्मानित हस्ती हुनुहुन्छ । नेपाल कम्युनिस्ट पार्टीका संस्थापकहरूमध्येका प्रमुख, नेपाली नयाँ जनवादी क्रान्तिको कार्यदिशाको पहिलो प्रतिपादक, व्याख्याता, सामन्तवाद र साम्राज्यवाद विरुद्ध निरन्तर सङ्घर्षरत उहाँ कम्युनिस्ट आन्दोलनभित्र विवादरहित व्यक्तित्व भने होइन । पुष्पलालको विचार, दृष्टिकोण र उहाँका कार्यहरू विश्लेषणभन्दा बाहिर छैनन् । नेपाल कम्युनिस्ट पार्टीको स्थापनाकालदेखि बीचको अवधिलाई छाडेर उहाँले मार्क्सवाद, लेनिनवाद, माओविचारधाराको झन्डालाई तीसको दसकको मध्यसम्म माथि उठाउँदै नेपालका किसान, मजदुर र उत्पीडित वर्गको पक्षमा निरन्तर लगाउनु भयो । नेपाली कम्युनिस्ट आन्दोलनका उहाँ आदरणीय व्यक्तित्व हुनुहुन्छ । यही श्रावण ७ गते उहाँको ३२ औँ दिवस नेपालका विभिन्न क्षेत्रका कम्युनिस्ट पार्टी वा सङ्घसंस्थाहरूले विभिन्न कार्यक्रम गरी पुष्पलाललाई स्मरण गरे । यतिबेला उहाँलाई स्मरण गर्नुको अर्थ उहाँका विशेषताहरूलाई आत्मसात गरी माथि उठाउनु कमजोरीहरूबाट शिक्षा लिनुपर्दछ । उहाँलाई समग्र रूपमा विश्लेषण गर्न सकियो, विचार र कामलाई एकीकृत रूपमा ग्रहण गर्न सकियो भने पुष्पलालको साँचो मूल्याङ्कन हुन सक्नेछ ।

पुष्पलालको जन्म वि.सं. १९८१ साल असार १५ गते रामेछाप जिल्लाको भँगेरी गाउँमा भएको थियो । उहाँ आफ्ना जेठा दाजु सहिद गङ्गालालको प्रेरणाले राजनीतिमा हामफाल्नु भएको थियो । सर्वप्रथम उहाँ सुधारवादी प्रजातन्त्रवादीको रूपमा वि.सं. १९९७ देखि नै प्रवेश गर्नुभएको थियो । सुरुमा उहाँले डा. डिल्लीरमण रेग्मीको नेपाली राष्ट्रिय काङ्ग्रेसको केन्द्रिय कार्यालयको सचिवको रूपमा जिम्मेवारी लिएर काम गर्नुभएको थियो । बीपी कोइराला र डिल्लीरमण रेग्मी बीचको विवादबाट दिक्क भएर पुँजीवादी प्रजातन्त्रबाट शोषित, पीडित जनताको मुक्ति सम्भव हुने नदेखी मार्क्सवादतर्फ आकर्षित भई साम्यवादी विचारको बाटोमा आफूलाई लगाउनु भयो । वि.सं. २००३ सालदेखि पुष्पलाल मार्क्सवादी साहित्यको अध्ययनतिर लाग्नु भएको थियो । वि.सं. २००५ मा उहाँले मार्क्स-एङ्गेल्स लिखित 'कम्युनिस्ट पार्टीको घोषणापत्र' को नेपालीमा अनुवाद गर्नुभयो । उहाँले २००६ मा निरञ्जनगोविन्द वैद्य, नरबहादुर कर्मचार्य, नारायणविलास जोशी र आफूसहित मिलेर नेपाल कम्युनिस्ट पार्टी स्थापना गर्नुभएको थियो । उहाँ ने.क.पा.को संस्थापक महासचिव समेत हुनुभयो । उहाँले १५ सेप्टेम्बर १९४९ मा ने.क.पा.को पहिलो घोषणापत्र प्रकाशित गर्नुभयो । **नेपालका किसान, मजदुर, हली–गोठाला र राष्ट्रको मुक्तिको लागि तत्कालीन मुख्य शत्रु राणाशाही र सम्पूर्ण प्रतिक्रियावादी शक्तिहरूलाई परास्त गरी सामन्तवाद साम्राज्यवादको अन्त्य गरी जनवादी राज्यसत्ता स्थापना गर्ने आवश्यकतालाई स्पष्ट रूपमा अघि सार्नु भएको थियो । त्यसै उद्देश्यको लागि ने.क.पा.को स्थापना भएको हो । उहाँले मार्क्सवाद, लेनिनवादको जगमा नयाँ जनवादी सशस्त्र कृषिक्रान्तिको आवश्यकतामाथि विशेष जोड दिनुभएको थियो ।**

नेपाल अर्धसामन्ती, अर्ध औपचारिक मुलुक भएको विश्लेषण गर्दै उहाँले सामन्तवाद र साम्राज्यवादको सम्पूर्ण रूपमा उन्मूलन गरी नयाँ जनवादी नेपाल निर्माण गर्ने प्रस्थावना अघि सार्नुभएको थियो । २००६ सालमा उहाँद्वारा प्रस्तुत गरिएको ने.क.पा. को घोषणा-पत्र नेपाली क्रान्तिको तत्कालीन एक मात्र सही दस्तावेज थियो । २०१० सालमा भएको पार्टीको प्रथम महाधिवेशनले स्थापनाकालमा पुष्पलालले अघि सार्नुभएको क्रान्तिकारी विचारलाई संशोधन गरेर ने.क.पा.लाई सुधारवादको दलदलमा खसाल्ने काम गऱ्यो । २००९ मा धनुषा जिल्लाको वटेश्वरमा भएको पार्टीको केन्द्रीय समितिको बैठकले क.पुष्पलाललाई हटाई मनमोहन अधिकारीलाई पार्टीको महासचिव चयन गऱ्यो, उक्त बैठकबाट "जस्को जोत उसको पोत" को नारालाई परिवर्तन गरी "जग्गामा हदबन्दी लगाउने र दरवारको बढ्दो शक्ति विरुद्ध काँग्रेस कम्युनिस्ट एकता कायम" गर्नुपर्ने कुरालाई जोड दिइयो । यसै बैठकबाट पुष्पलालले अघि सारेका विचार र नेपाल कम्युनिस्ट पार्टीको विचारमा स्खलन आउन थालेको थियो ।

नेपालको जनवादी क्रान्ति सम्पन्न गर्नको लागि क.पुष्पलालले मुख्य शत्रु किटान गरी त्यसमा सम्पूर्ण ध्यान केन्द्रित गर्ने कुरामा जोड दिनुभएको थियो । उहाँले भन्ने गर्नुहुन्थ्यो "प्रतिगामी व्यवस्था जसले सञ्चालन गर्छ, आमरूपमा क्रान्तिको तत्कालीन मुख्य शत्रु उही हुने गर्छ । २००६ सालमा सत्तामा राणाशाही थियो, त्यसबेला शत्रु त्यही थियो । उहाँले घोषणापत्रमा राजतन्त्रलाई मुख्य शत्रु किटान गर्नु भएको थियो । २००७ सालको राजनीतिक परिवर्तनपछि मुख्य शत्रु किटान गर्ने प्रश्नमा विशेष गरी मनमोहन अधिकारी पार्टीको मुख्य नेतृत्वमा आएपछि अन्यौलग्रस्त रह्यो । मुख्य शत्रु किटान गर्ने सवालमा २०२५ सालमा भएको गोरखपुरको तेस्रो सम्मेलनको बीचको अवधिमा अन्यौल र द्विविधा नै रहेको थियो । **मनमोहन अधिकारीको महामन्त्रीत्वकाल २०१२ सालमा** (०८ **सालमा डा.के.आई.सिंह विद्रोहलाई समर्थन गरे बापत ने.क.पा.मा प्रतबिन्ध लागेको थियो) पार्टी माथिको प्रतिबन्ध खुला गर्न राजाको वैधानिक नायकत्व स्वीकार गर्दै पार्टीमाथि लागेको प्रतिबन्ध खुला गर्न मनमोहनले भूमिका खेलेका थिए । यहीबाट ने.क.पा.मा राजावादी धारले पार्टीमा प्रवेश गरेको थियो ।** दोस्रो महाधिवेशनले गणतन्त्रको कार्यदिशा पारित गऱ्यो तर डा. केशरजङ्ग रायमाझीलाई महामन्त्री चयन गर्न पुग्यो । डा.रायमाझीले ०१७ सालमा राजा महेन्द्रले गरेको 'फौजी कु' को बत्ती बालेर स्वागत गरेका थिए । नेपालको कम्युनिस्ट आन्दोलनमा दक्षिणपन्थी अवसरहरूलाई स्थापना गर्ने कामको सुरुवात पुष्पलाललाई महासचिव पदबाट हटाएपछि सुरु भएको

हो । केन्द्रीय नेतृत्वमा रहेको रायमाझी मण्डलीहरूको राजावादी नीतिका कारण पार्टीको विचार र अस्तित्व खतरामा पर्न लागेकाले पुष्पलाललगायत अन्य साथीहरूको पहलमा पार्टीको तेस्रो महाधिवेशन बोलाउने काम भयो । तेस्रो महाधिवेशनको तयारीभन्दा अघि ०१७ सालमा भारतको दरभङ्गामा ने.क.पा.को प्लेनम भएको थियो । त्यो प्लेनम दरभङ्गा प्लेनमको नाममा चर्चित छ । उक्त प्लेनममा पुष्पलालले विघटित संसदको पुर्नस्थापनाको नारा अघि सार्नुभयो । अन्तरजोनल सामजस्य समितिको आयोजनामा २०१९ वैशाख ४ देखि १५ गतेसम्म सम्पन्न तेस्रो महाधिवेशनले राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम पारित गऱ्यो । उक्त महाधिवेशनमा पुष्पलालले संसदीय व्यवस्था पुनर्स्थापनाको कार्यदिसा अघि सार्नु भयो । ०१४ सालको दोस्रो महाधिवेशनमा उहाँले संविधानसभाको पक्षमा गणतन्त्रको नारालाई सुरक्षित राख्दै सङ्घर्ष गर्नुभयो तर तेस्रो महाधिवेशनमा गएर चुक्नु भयो । पुष्पलालले संसदीय प्रजातन्त्र पुनर्स्थापनाको नारा अघि सार्नुको अर्थ राजा महेन्द्रबाट बनाइएको संविधानअन्तर्गतको ०१७ साल अघिको संसदिय प्रणालीको स्थापना थियो । उहाँले नयाँ जनवादी क्रान्तिको विचारलाई छाडी संसदवाद र नेपाली काङ्ग्रेसलाई हेर्ने दृष्टिकोणमा विचलन आएपछि उहाँमा वैचारिक रूपमा विचलनवादी कोणहरू देखा पर्न थाले । संसदीय व्यवस्था मात्र नभएर समाजवाद र साम्यवादको अन्तिम लक्ष्यसम्म व्यापक छलफल चलाएर जाने उहाँको दृष्टिकोण, "कम्युनिस्ट पार्टीको घोषणा" अनुवाद गर्नुभएका व्यक्तिले काङ्ग्रेसी समाजवादको सार र चरित्रबारे भ्रम रहनु अनौठो देखिन्छ । संयुक्तमोर्चा र सशक्त आन्दोलन निर्माण गर्न अन्य पक्षभन्दा नेपाली काङ्ग्रेससँग एकता गर्ने कुरामा जोड दिइरहनु भयो तर नेपाली काङ्ग्रेस भने उहाँले अगाडि सारेको प्रस्तावलाई लत्याउने गर्दथ्यो । पुष्पलालका कालखण्डका केही समयमा भएका कमजोरीहरूलाई कपितय राजनीतिक पक्षहरूले उहाँलाई काङ्ग्रेसपरस्त र गद्दारको आरोप समेत लगाउन पुगे । तर पुष्पलालमा केही समय केही विचलनवादी कमजोरी देखापरे पनि रुस र चीनबीच विवाद देखापरेपछि उहाँ चिनियाँ जनवादी क्रान्ति, माओ विचारको पक्षमा अडिनु भयो र **२०२५ सालको तेस्रो पार्टी सम्मेलनबाट "नयाँ जनवादी कार्यक्रम" अगाडि सारी कम्युनिस्ट पार्टी स्थापनाकालको विचारलाई पुनर्स्थापना गरी उहाँले नेपाली कम्युनिस्ट आन्दोलनको टुटेको कडिलाई जोड्ने काम गर्नुभयो ।**

अन्त्यमा ने.क.पा.का संस्थापक महासचिव पुष्पलालले ने.क.पा.को स्थापना गरेर नेपालमा मार्क्सवाद लेनिनवादको प्रचार र पार्टी निर्माण विकासमा महत्त्वपूर्ण भूमिका खेल्नुभयो । जनवर्गीय सङ्गठनहरूको निर्माण र विकास पुँजीवादी जनवादी क्रान्तिमा मजदुर वर्गको नेतृत्वको भूमिका, किसान आन्दोलनको अहं महत्त्व, जनवादी क्रान्ति सम्पन्न गर्न संयुक्तमोर्चा आवश्यकताको बोध उहाँले गराउनु भयो । उहाँ कुशल सङ्गठक, सरल मिलनसार विचारक हुनुहुन्थ्यो । उहाँले स्थापना गर्नुभएको पार्टीको हजारौँ उत्तराधिकारीहरू निर्माण भएका छन् । राजतन्त्र अन्त्य गर्ने उहाँको सपना जनयुद्ध र जनआन्दोलनको बलमा सम्पन्न भएको छ । अब जनताको जनवादी क्रान्ति सम्पन्न गर्ने बाँकी कार्यभार पूरा गर्न बाँकी छ । त्यसको लागि उहाँले अगाडि सार्नुभएको सयुंक्त मोर्चाको विचारलाई सही ढङ्गले आत्मसात गर्न सकियो भने र उहाँको विचारलाई इमान्दारीतापूर्वक लागु गर्न सकियो भने उहाँ प्रति सच्चा श्रद्धाञ्जलि हुनेछ । **(लेखक एनेकपा माओवादीका केन्द्रिय सदस्य हुन् ।)**००




# महिन्द्रा Maxx एम्बुलेन्स

**महिन्द्रा**को Maxx एम्बुलेन्सले नेपाली बजारमा राम्रो स्थान पाइरहेको छ । **अग्नि ईन्कर्पोरेटेड**ले विगत दुई वर्षदेखि नेपाली चिकित्सा क्षेत्रमा Maxx एम्बुलेन्स उपलब्ध गराउँदै आएको छ । यसको दम्दार 2523CC DI TURBO इन्जिनले गर्दा जस्तोसुकै बाटोमा पनि सजिलै र आरामकासाथ पुग्न सक्ने एवं जुनसुकै अप्ठ्यारो ठाउँबाट (बाटोबाट) पनि बिरामीहरूलाई आरामकासाथ अस्पतालसम्म पुऱ्याउन सक्ने भएकाले यो एम्बुलेन्सले नेपाली अटो बजारमा चर्चा कमाउन सफल भएको हो ।

यसका विशेषताहरूमा : Foldable stretcher cum trolley for easy patient Movement, Comfortable seating for Doctors, Attd, and Realatives, Stainless steel wash basin with drainage pipe and water tap.

यसका साथै अक्सिजन सिलिन्डर होल्डर, तेजिलो Revolving rooftop blue light, अगाडि इन्डेपेन्डेन्ट सस्पेन्सन भएकाले गर्दा जस्तोसुकै अप्ठ्यारो बाटोमा भए तापनि बिरामीलाई कुनै दुःख, कष्ट नहुने, अधिकतम Ground Clearance (२००MM) भएकाले गर्दा कच्ची बाटोमा पनि यो एम्बुलेन्स चलाउन कुनै अप्ठ्यारो नहुने, २०,००० km (बीस हजार कि.मी.) वा बाह्र महिने वारेन्टी एवं चलाउँदा न्यूनतम मर्मत खर्च सुविधा पनि भएकाले यसलाई उपयोग गर्न धेरै सजिलो भएको कुरा Maxx एम्बुलेन्सका प्रयोगकर्ताहरू बताउँछन् । ० ०



ध्रुवकुमार न्यौपाने ......

# एस.एल.सी. पछि . . .

एउटा स्तर पार गर्ने विद्यार्थीलाई अर्को स्तरमा सही किसिमले प्रवेश गर्न त्यति सहज हुँदैन । भर्खरै प्रवेशिका उत्तीर्ण गरेका सम्पूर्ण विद्यार्थीहरूलाई पनि पढाइसम्बन्धी मुख्यत दुई समस्याहरूले घेरेका छन् । पहिलो अब आफ्नो पढाइलाई अघि बढाउने वा नबढाउने । दोस्रो पढाइलाई कहाँ, कसरी अघि बढाउने । प्रवेशिका उत्तीर्ण गरेका सबै विद्यार्थीहरूमा उच्च शिक्षा ग्रहण गर्ने तीव्र इच्छा त पक्कै हुन्छ । थुप्रै वर्षको मेहनतको प्रतिफल खुसीयाली बोकेर आएपछि नयाँ उमङ्ग त भरिन्छ नै मनमा ।

तथापि उत्तीर्णमध्येबाट कति विद्यार्थीहरू यसैलाई अन्तिम बिन्दु मान्न बाध्य हुन्छन् र कति कक्षा ११ मा भर्ना हुन सक्षम हुन्छन् यसको तथ्याङ्कको लेखाजोखा अर्कै विषय हो यहाँ । सहरकेन्द्रित सोचाइ र भोगाइले हाम्रो अनुसन्धानलाई कहिलेकाहीँ एकपाटे बनाइदिन्छ । समस्यै समस्याले घेरिएका ग्रामीण क्षेत्रका ती निरीह विद्यार्थीहरू (पुस्तक इत्यादि र विद्यालयको पहुँचका आधारमा) र गाउँको अनुहार नै नदेखेका महँगा र ठूला निजी स्कुलहरूमा पढेका विद्यार्थीहरू बीचमा तुलना गरी प्रवेशिका परीक्षा र यसको नतिजाको मूल्याङ्कन हुन्छ, यो केवल अपरिपक्क मूल्याङ्कन हो । तीमध्ये कति विद्यार्थीहरूलाई ११ र १२ कक्षा पढ्ने र उत्तीर्ण हुने अवसर प्राप्त होला । बिहानभरि हिँडेर पनि १० बजे पुग्न नसकिने ठाउँमा भएका खुलेका अथवा त्योभन्दा पनि टाढाका उच्च माविहरूमा खर्च व्यहोरेर पढ्ने क्षमता कति विद्यार्थीहरूमा होला ।

अर्कोतिर, काठमाडौँलगायत अरू सहरहरूका निजी स्कूलहरूबाट प्रवेशिका उत्तीर्ण गर्ने विद्यार्थीहरूमा पनि आफ्नो रोजाइको विषयहरू धक फुकाएर पढ्न पाउने राम्रो उच्च मावि भेट्ने समस्या देखिएको छ । नानाथरिका झिलीमिली विज्ञापनहरूले आँखा त लोभ्याउँछन् तर मन र मस्तिष्कले पत्याउँछन् र ? कुन मापनका आधारमा 'राम्रो' उच्च मावि छान्ने ? भवन ? खेल मैदान ? पुस्तकालय ? वा नतिजाको आडम्बरी रेकर्ड ? वा अनुभवी शिक्षकहरूको समूह ? वा चुस्त व्यवस्थापन ? अथवा गुणस्तरीय शिक्षा ? अनुभवी शिक्षकहरूको समूहले के गर्छ ? विद्यार्थीलाई पढाउँछ कि सिकाउँछ ? गुणस्तरीय शिक्षा भनेको के हो ? चुस्त व्यवस्थापनले विद्यार्थीलाई लोभ्याउँछ, फकाउँछ वा थर्काउछ ? बास्केटबल खेलाउँछ र पत्रिकामा नाम देखाउँछ वा धेरै अङ्क ल्याउने विद्यार्थीलाई किन्छ ?

**त्यसो भए केको आधारमा 'राम्रो' उच्च मावि छान्ने ? कलेज छान्ने कि उच्च माध्यमिक विद्यालय ? आफूलाई मन परेको उच्च माविले आफूले पढ्न खोजेको विषय वा सङ्काय राखेको छ कि छैन ? विद्यालयत मन पर्‍यो तर विज्ञान पढाइ हुन्छ त त्यहाँ ? व्यवस्थापन छ त ? मानविकी वा शिक्षा ? अनि व्यवस्थापनमा के–के विषयहरू छन् जुन पढ्दा सजिलै जागिर पाउन सकिन्छ ? किनभने अहिले पढाइ भनेको मूलतः जागिर पाउनुकेन्द्रित छ । यी अन्योलहरूमा अभिभावकलगायत अरू कसैले पनि विद्यार्थीहरूलाई उचित सल्लाह दिन सकेको देखिँदैन ।**

त्रिभुवन विश्वविद्यालयले ३० वर्ष पढाएपछि बल्ल बल्ल प्रवीणता प्रमाण पत्र तह (आइ ए.) लाई आफ्नो दायित्वबाट हटायो । यसका फाइदा बेफाइदाहरू त भविष्यले नै बताउला तर उच्च मावि परिषद् र विद्यालयहरूको जिम्मेवारी बढेको पक्कै हो आफूले यो जिम्मेवारीबोध र कर्तव्य कति बहन गर्ने हो बुझ्ने कुरा हो । ००

# पाँच गाविस अँध्यारो पार्ने घटानी पक्राउ

विगत चार महिना अगाडिदेखि लगातार हरेक दिन साँझ परेदेखि बिहानसम्म पूरै रात चकमन्न अँध्यारोमा मोरङका पाँच गा.वि.स.हरू **सिजुवा, गोविन्दपुर, महादेवा, झुर्किया र वरडङ्गा** क्षेत्रभरि बिजुलीको लाइन काटी अँध्यारो पार्ने प्रेम घटानी सिजुवाली गाउँलेबाट पक्राउ परी सजाय भोग्दै छन् । घटानी विद्युत् कार्यालय दमकमा कार्यरत रहेको र इटहरा क्षेत्र हेर्नलाई खटिएका कर्मचारी हुन् । इटहरा क्षेत्रका दुईवटा राइस मिलहरूलाई नियमित बिजुली दिन उनले ५ गा.वि.स.लाई पूरै रात अँध्यारोमा पार्ने गरेको कुरा गाउँले समक्ष स्वीकारेका छन् । विद्युत् कार्यालय दमकका प्रमुख सुरेश भट्टराईको मिलेमतोमा घटानीले बिजुली काट्ने गरेको कुरा **मोरङ सिजुवा ५ कादुपाडा**का स्थानीय वृद्ध वीरबहादुर तामाङ र सयौं सिजुवाबासीले घटानीलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय सिजुवाथाना पुऱ्याएका बखत हजारौँको भिडमा 'अग्निचक्र'लाई यी माथिका कुरा बताएका हुन् । यस विषयमा सुरेश भट्टराईसँग सम्पर्क गर्न खोज्दा उनी 'अग्निचक्र'बाट सम्पर्कविहीन बने । यसबाट घटानी र भट्टराई दोषी हुन् कि होइनन् भन्ने कुरा प्रस्ट हुन्छ । ००

मानसिक रोगप्रति सचेत हौँ । उपचार गरे मानसिक रोग निको हुन्छ ।
निशुल्क मनोविमर्शका लागिः **मानसिक सचेतता तथा अनुसन्धान केन्द्र**
सम्पर्क : ९८४१४६३३५५

# यसकारण पनि तलब वृद्धि हुनु पर्दछ



**केशवराज अधिकारी** ........................

लगातारको मूल्यवृद्धिले न्यून र सीमित आम्दानी हुने मजदुरवर्गलाई अत्यन्तै सताएको छ । राज्यका जिम्मेवार निकायले ५/६ प्रतिशतमात्र मूल्यवृद्धिको लक्ष्य राखेका हुन्छन् । तर, वर्षको अन्त्यमा १३ प्रतिशतभन्दा बढीले मूल्य वृद्धि हुँदा मजदुरहरूको ढाड सेकिन पुगेको छ । मजदुरहरूले जीवन धान्न प्रयोग गर्ने दालचामलको मूल्य सबैभन्दा उच्चदरले बढ्न पुगेको छ । कहिले पेट्रोलियम पदार्थको मूल्यवृद्धिको कारणले, कहिले आन्दोलनका कारणले, कहिले उत्पादन घटेका कारणले मूल्यवृद्धि भएको हो भनेर मजदुरवर्गमाथि मूल्यवृद्धिको भारी बोकाइन्छ । जुनसुकै कारणले बढेको भए पनि यसको मार मजदुरवर्गलाई परेको हुन्छ । मूल्य बढ्नुमा सहज आपूर्ति गराउन नसक्ने र कालो बजारी रोक्न नसक्ने राज्य पक्ष र बेलान कुबेला जहिले पनि आन्दोलन गर्ने दलहरू दुबै उत्तिकै दोषी छन् । मूल्यवृद्धिकै कारण मजदुरवर्गको ढाड भाँचिएको छ ।

मूल्यवृद्धिले डाँडो काटेको छ । तर मजदुरको तलब समय सापेक्ष बढ्न सकेको छैन । दालको मूल्य प्रतिकिलो ५५ रूपैयाँ हुँदा कायम भएको तलब अहिले दालको मूल्य १५० पुग्दा समेत पनि त्यही नै छ । मूल्यवृद्धिको अनुपातमा तलब स्केल पनि बढ्नु पर्ने थियो । तर, उपभोग्यवस्तुले आकाश छुँदा पनि तलब बढाउनेतर्फ सरकारले कुनै ध्यान दिन सकेको छैन । निजी बैंक, वित्तीयसंस्थालगायतले मूल्यवृद्धिको अनुपात हेरी केही तलब बढाएका छन् । तर सरकारले भने तलब बढाउन सकिरहेको छैन । यसले गर्दा मजदुरहरू साह्रै मारमा परेका छन् । मजदुरहरूको राम्रोसँग गाँस वास र कपासको ग्यारेन्टी नभएसम्म उनीहरूले राम्रो काम गर्न सक्दैनन् । राम्रो काम मजदुरवर्गबाट लिन पनि उनीहरूलाई तलब सन्तोषजनक रूपमा दिन सक्नु पर्दछ ।

विकसित देशमा मूल्यवृद्धि अनुसार मजदुरको तलब बढाइन्छ । कुनै एउटा मजदुरले ६ हजारको जागिर खान्छ भने उसलाई ३ हजारले खान बस्न पुग्छ र बाँकी तीन हजार बचाउन सक्दछ । तर यहाँका मजदुरहरूको तलब स्केल ५ हजार छ भने खानबस्नको लागि ८-१० हजार खर्च हुन्छ । 'आम्दानी चार आना खर्च आठ आना' भने झैं भएको छ । यस्तो खर्च र आम्दानीको बेमेल नीतिले मजदुरहरू जहिले पनि निराश नै हुन्छन् र काम गर्ने जागर नै मरेर जान्छ । यस्तो निराशबाट दिक्क भएमा कामदार अन्य गलत क्रियाकलापमा लागि पैसा कमाउनपट्टि लाग्दछन् । भ्रष्टाचारको जन्म पनि यसरी नै हुने गर्दछ ।

**सरकार, व्यवस्थापक र मजदुर मिलेर तलब स्केल निर्धारण गर्नुपर्ने हुन्छ । व्यवस्थापकले न्यूनतम ज्वाला र त्यसभन्दा बढी आफ्नो आम्दानीअनुसारको तलब स्केल निर्धारण गर्नुपर्छ । मजदुरले पनि व्यवस्थापकको अवस्थालाई ख्याल गरी न्यूनतम यति र बढीमा यति भनी तलबको माग गर्नुपर्दछ । मूल्यवृद्धिले मालिकलाई खासै फरक पार्दैन । मजदुरलाई भने बढी सताउने गर्दछ ।** मूल्यवृद्धि हुँदै जाने र मजदुरले मूल्यवृद्धि अनुसारको ज्याला नपाउँदा उनीहरूबीच द्वन्द्व बढ्दै जान्छ र अन्ततः उद्योग धरासायी बन्न पुग्दछ । यस्तो स्थिति आउनुपूर्व नै मजदुर र मालिकबीचको सम्बन्ध सुमधुर हुनुपर्दछ ।

***मूल्यवृद्धि हुँदै जाने र मजदुरले मूल्यवृद्धि अनुसारको ज्याला नपाउँदा उनीहरूबीच द्वन्द्व बढ्दै जान्छ र अन्ततः उद्योग धरासायी बन्न पुग्दछ । यस्तो स्थिति आउनुपूर्व नै मजदुर र मालिकबीचको सम्बन्ध सुमधुर हुनुपर्दछ ।***

मूल्यवृद्धिको मार सबैभन्दा बढी मजदुरवर्गमा पर्ने गरेको छ । पछिल्ला केही वर्षको तथ्याङ्कलाई हेर्ने हो भने मूल्यवृद्धिको दरले मजदुरवर्गलाई कहालीलाग्दो स्थितिमा पुऱ्याएको छ । गत आर्थिक वर्षमा राष्ट्र बैंकको तथ्याङ्ले पनि १३ प्रतिशतभन्दा बढी मूल्यवृद्धि भएको देखाएको थियो । यद्यपि यथार्थमा सो आवको मूल्यवृद्धिदर १५ प्रतिशत भन्दामाथि रहेको विज्ञहरूको भनाइ छ । यस वर्षमा पनि मूल्यवृद्धि ११ प्रतिशतभन्दा बढी हुने अनुमान गरिएको छ । यस्तो मूल्यवृद्धिले प्रत्यक्ष रूपमा मजदुरहरूलाई असर पारिराखेको छ ।

**मूल्यवृद्धि दर**

| आर्थिक वर्ष | मूल्यवृद्धि |
|---|---|
| २०६०/६१ | ४ |
| २०६१/६२ | ४.५ |
| २०६२/६३ | ८.४ |
| २०६३/६४ | ६.४ |
| २०६४/६५ | ७.७ |
| २०६५/६६ | १३.२ |
| २०६६/६७ | ११.२ (आठ महिनाको) |

बजार मूल्यलाई मुलुकको राजनीतिक अवस्थाले पनि प्रभाव पार्दछ । आपूर्ति व्यवस्था सहज नहुँदा त्यसको चाप मूल्यवृद्धिमा पर्छ । राजनीतिक अस्थिरताले मूल्यवृद्धिलाई सघाउ पुऱ्याइरहेको छ । बन्द, हड्तालगायतका कारण देखाई व्यापारीहरूले मजदुरवर्गबाट ढाड सेक्ने गरी रकम लिइरहेका हुन्छन् । सरकारले मूल्यवृद्धिलाई रोक्न सकेको छैन, नत समयसापेक्ष मजदुरको तलब वृद्धि गर्न नै सकेको छ । मूल्यवृद्धि बढ्दै जाने र तलब यथास्थितिमै रहने हो भने मजदुरको बिचल्ली हुन्छ नै यसतर्फ सरकार सदैव चनाखो हुनुपर्दछ । ० ०

अवकास पछिको जिन्दगी सुखमय र सफलताको लागि बचत गरौं

तलब र पारिश्रमिकबाट केही अंश जम्मा गर्न सुरु गरी आजैदेखि अवकास कोष कार्यक्रममा सहभागी बनौं ।

आजको सानो बचत
भोलिको बाँच्ने आधार

कर्मचारी बचत वृद्धि अवकास कोष

नागरिक लगानी कोष

पुतलीसडक, काठमाडौं

फोन : ४२२८७५९, फ्याक्स : ४२४०६४५



# नेपाली सडकमा सेभ्रोलेट क्रुज

रविन्द्र राउत ....................✍



क्रुजमा तपाईलाई स्वागत छ ।

सेभ्रोलेट को नयां स्पोर्टस कुप गाडी जसले दिन्छ तपाईलाई बेजोड स्टाईल, सेफटी र Performance अब माईलेज कमभयो, पिक अप पुगेन भनेर आतिनु पर्दैन । तपाईलाई भरपुर power, pickup र माईलेज दिनेछ यसले । तपाईको परिवारको हरेक सदस्य र मन मिल्ने हरेक साथीको उतिकै चिन्ता छ हामीलाई त्यसैले हामीले ल्याएका छौं एउटा यस्तो गाडी जसमा तपाईको सुबिधाको लागी सानो भन्दा सानो कुरामा पनि उतिकै ध्यान पुऱ्याएका छौं ।

क्रुजले तपाईलाई एउटा अलौकिक यात्रामा लैजान्छ । बाहिर बाट हेर्दा यसको चिल्लो र स्पोर्टी डिजाईनले हरेकको आूखा तान्छ । यसको performance, यसको बनोट जतिकै बेजोड रहेको छ । डिजल गाडी भएता पनि यसले कान खाने आवाज निकाल्दैन। आधुनिक सुबिधा सम्पन्न यो गाडी व्यवहारीक त छंदै छ , यो तपाईको बजेटमापनि सजिलै फिट हुन्छ । क्रुजको कुदाई र पिकअप क्षमता D segment मा रहेको अन्य गाडीको तुलनामा धेरै नै राम्रो रहेको छ । गति जति बढाए पनि यसको सन्तुलन कायम नै रहन्छ । जहाू जानु भए पनि तपाई लाई बिना झन्झट र सुरक्षित हिसाबले पुऱ्याउने जिम्मा Chevrolet Cruze को ।

त्यसैले आउनुहोस र क्रुज सूगको यात्रा कायाकल्प अनुभव गर्न तयार हुनुहोस ।

**आकर्षक डिजाईन**

३०० सिरिजको पहिलो गाडी Chevrolet Cruze को डिजाईन अति आकर्षक र व्यवहारिक छ । यसमा रहेको हेडल्याम्प, टेल ल्याम्प, सनरुफ र घेराहरुले गाडी लाई बोल्ड, स्टाईलिस र स्पोर्टि लुक्स प्रदान गरेको छ ।

**फराकिलो**

बाहिर बाट हेर्दा जति आकर्षक छ, यसको भित्रि आवरणले उतिकै मन चोर्छ । तपाईको परिवार र साथी भाई सूगको यात्रालाई आरामदायी र सुमधुर बनाउन हामीले कुनै कसर छाडेका छैनौं । हामीले तपाईको यो आवश्यतालाई पनि ख्यालमा राखेका छौं । *Cruze* अन्य गाडीहरु भन्दा थप फराकिलो छ यसको कारण यसमा ५ व्यक्ति आराम साथ यात्रा गर्न सक्छन् । LTZ मोडलका सिटहरु छालाबाट बनेका छन् । सिटका डिजाईन समय अनुकुल र आरामदायी छन् । तपाईले गर्नुपर्ने यति मात्रै हो कि आरामका साथ बस्नुहोस अनि यात्राको मज्जा लुट्नुहोस ।

**चलाउन सजिलो**

क्रुजमा रहेको ६ स्पिड अटोमेटिक तथा ५ स्पिड Manual Gear ले तपाईलाई पूर्ण आनन्द र सन्तुष्टि प्रदान गर्छ । राजमार्ग होस या काठमाडौको भिडभाड सडकहरु, तपाई लाई क्रुजले कुनै गुनासो गर्ने मौका दिने छैन । यसमा जडित Automatic Climate Control ले हावाको गुणस्तर मापन गरी शुद्ध हावा प्रवाहित गर्नेछ । स्मार्ट स्किन जसमा तपाईले language, power door lock, collision & Detection प्रणाली आदि कुराहरु आफ्नो ईच्छानुसार मिलाउन सक्नुहुने छ साथै 6 CD Changer, 6 Speaker / MP Player का jack हरु यसैमा जडित छन् । चालकको ठिक अगाडी गाडीको अवस्था बारे जानकारी दिने Computer System जडान गरिएको छ जसले तपाई लाई ईन्धनको खपत, गति, दुरी जस्ता महत्वपूर्ण सुचना प्रदान गर्छ । के गाडी चलाउन यति सजिलो थियो र पहिला ?

**आधुनिक उपकरणहरु द्वारा सुसज्जित**

क्रुज जस्तो लचिलो गाडी तपाईले शायदै भेट्नुहुन्छ । कुनै दिन परिवारलाई लिएर पिकनिक वा ईष्टमित्र कहाू जान मन लाग्यो वा महिनाको लागी एकमुष्ट सपिङ गर्नुपर्ने भने क्रुजले तपाईको यो चाहना सजिलै पुरा गरिदिन्छ । तपाई खाली ६०।४० मा फोल्ड हुने Rear Seat लाई ढल्काउनुहोस जहाू तपाईले पछिल्लो भागमा रहेको डिकी कक्षमा सजिलै प्रवेश गर्न सक्नुहून्छ जुन आपतकालीन अवस्थामा पनि प्रयोग गर्न सकिने Emergency Exit हो । यसको पहिलो भागमा पार्किङ गर्न सजिलो हुने पार्किङ सेन्सर, पानी पर्दा आफै चल्ने स्वचालित वाईपर, साूचो बिना नै भित्र प्रवेश गर्न सकिने PEPS System, गाडी लक गरिसके पछि पनि केहि बेर बलि राख्ने हेडलाईट, Anti Theft System, Immobilizer, ब्याट्री रनडाउन प्रोटेक्सन र अरु उपकरणहरु यसमा जडित छन् ।

**किफायती टर्बो**

२ लिटरको टर्बो ईन्जिन रहेको क्रुज अत्यन्त किफायति गाडी हो । यसले तपाईलाई ४४०० RPM मा १५० पि एस को पावर र २६०० RPM मा ३२७ एन एम को टोर्क दिन्छ। त्यसमा पनि यसले १ लिटर डिजलमा १८.२९ कि.मी सम्म माईलेज दिनेछ। पावर र माईलेज दुबै भएको गाडी अरु कुनै छन त ?

**बलियो र सुरक्षित**

तपाई मन्द गतिमा चलाउनुहोस वा तिव्र गतिमा, क्रुजमा रहेका धेरै सुरक्षित उपकरणहरुले तपाईलाई सुरक्षाको अनुभुति गराउछ । सर्वप्रथम त यसको सम्पूर्ण बडी धेरै नै बलियो स्टिलले बनेको छ र स्टलको प्रयोग ६६ प्रतिशतले गरिएको छ। साथै यसमा चालक र अगाडिका यात्रुको लागि रहेको २ वटा Airbag, ABS, मन्द गतिमा ठोकिएको अवस्थामा नफुट्ने नकुच्चिने बम्पर, प्रिटेन्स्नर र लोट लिमिटर रहेको सिटबेल्ट, कम्पल जोन्स, साईड ईम्प्याक्ट बिम र चार पाङ्ग्रा रहेका डिस्क ब्रेक र सेफटी डायग्नोस्टिक मोडुल यो गाडीका अन्य बिशेषता हुन ।

क्रुजले तपाईलाई बिश्वस्त सवारीको लागि आमन्त्रण गर्दछ ।

**(युवा लेखक विजय मोटर्सका महाप्रबन्धक हुनुहुन्छ ।)** ० ०

# मजदुरको हित गर्ने एकमात्र सङ्गठन अ.ने.हो. तथा रे.म. सङ्घ हो

*ओखलढुङ्गा जिल्ला प्राप्चा गा.वि.स. वडा नं. ६ मा २०४० सालमा जन्मिएर जिल्लाकै श्री शिवदुती मा.वि.बाट प्रवेशिका उत्तीर्ण हुँदासम्म बाल्यकाल र टिन एजर्स समय बिताएका सुमनकुमार दाहाल बच्चैदेखि क्रान्तिकारी स्वभावका, छुट्टै प्रकृतिका र सबैसँग निष्पक्ष व्यवहार गर्ने भएकाले नै एकीकृत नेकपा माओवादीको अखिल नेपाल ट्रेड युनियन महासङ्घअन्तर्गत अ.ने.हो. तथा रे.म. सङ्घ क्यासिनो र्‍याडको* ***क्रान्तिकारी युनियन अध्यक्ष*** *बनेर सबै मजदुरको मुटुको ढुकढुकी बन्न सफल भएका छन् । उनै युवा क्रान्तिकारी मजदुर नेता दाहालसँग अग्निचक्रले गरेको कुराकानीका केही अंशहरू तल प्रस्तुत गरिएको छ :-*



**सुमनकुमार दाहाल**

❖ **अहिले क्यासिनोको अवस्था कस्तो छ त ?**

➲ क्यासिनो भनेको पर्यटकीय क्षेत्र हो, यसले सरकारलाई वार्षिक दुई करोड राजस्व (प्रति क्यासिनो) तिर्ने गर्छ, एउटा क्यासिनोले करिब एक हजार जनालाई प्रत्यक्ष रोजगार दिइरहेको छ । यो पर्यटन प्रबर्द्धनको प्रमुख स्रोत हो । यति हुँदाहुँदै पनि प्रहरीले अनावश्यक हस्तक्षेप गरी पर्यटकहरूलाई हतोत्साहित बनाउने र प्रहरीले बर्दीसहित बन्दुक बोकेर क्यासिनोभित्र छापा मार्दा क्यासिनो खेलिरहेका विदेशी पर्यटकहरू असुरक्षाको महसुस गरी आत्तिएर आफ्नो देश फर्कने गरेका कैयौं उदाहरणहरू हाम्रो सामु छर्लङ्ग छ । अब तपाईं आफै भन्नुस् कि त्यो विदेशीले त्रसित भएर नेपालबाट उसको देशमा जाँदा के सन्देश लिएर जाला, नेपालका क्यासिनोबाट ? त्यसैले हिजोआज पनि दैनिकजसो प्रहरीले दिनदहाडै, रात्रीमा या कुनै पनि समयमा छापा मार्ने काम छाडेको छैन जसबाट विदेशीहरू त्रसित र असुरक्षित महसुस गरी क्यासिनो आउनै छाडेका छन् । यसबाट काठमाडौँमा सञ्चालित प्रायः सबै क्यासिनोहरूको विजनेस माइनस भएको अवस्था छ जसको कारण क्यासिनो मजदुरले आफूले पाउने मासिक तलब, भत्तासमेत समयमा पाउन नसकेको विकराल अवस्था हिजोआज क्यासिनोमा देखिएको छ त्यसैले क्यासिनोको अवस्था दयनीय नै छ भन्नु पर्छ ।

❖ **त्यसो भए तपाईं सम्बन्धित निकायलाई के भन्न चाहनुहुन्छ ?**

➲ काठमाडौँमा सञ्चालित भइरहेका अवैधानिक निजी जुवा अखडाहरूलाई पूर्णरूपमा बन्देज गराई ती दोषीहरू जो अवैधानिक ढङ्गले राज्यलाई ठगी गरी जुवा सञ्चालन गर्नेहरूलाई कानुनको कठघरामा ल्याई कडाभन्दा कडा सजाय दिइनु पर्दछ, जसबाट अबदेखि कसैले पनि अवैधानिक ढङ्गले जुवा अखडा सञ्चालन गर्ने आँट नगरोस् । अर्को कुरा संसारभरका विकसित देशहरू जहाँ क्यासिनो सञ्चालनमा छन् । तिनीहरूलाई त्यहाँको सरकारले जुन ढङ्गले मर्यादित, व्यवस्थित र सुरक्षित पारेर सञ्चालनमा ल्याइरहेको छ सोही अनुरूपको सिको गरेर **हाम्रो देशमा पनि नयाँ नीतिनियम तर्जुमा गरी तुरुन्त कार्यान्वयन गरिनु पर्दछ ताकि आगामी दिनमा क्यासिनोले कुनै प्रकारको झै-झमला र असुरक्षाको अनुभूति गर्न नपरोस् । क्यासिनोले बर्दीसहितका बन्दुक बोकेका प्रहरीको तस्वीर पनि देख्न नपाओस् ।**

हाम्रो भनाइ के हो भने वैधानिक हिसाबले राज्यका सम्पूर्ण मापदण्ड अनुरूप सञ्चालन हुँदा पनि प्रहरीको सास्ती जुन हिजोआज क्यासिनोले खेपिरहेको छ, त्यस्तो कार्य तुरुन्त बन्द गराइनु पर्दछ र राज्यले जो सम्पन्न नेपालीहरू छन्, जो संसारको कुनै पनि देशमा गएर क्यासिनो खेल्छन्, हो त्यस्तालाई यही हाम्रै देशका क्यासिनोमा सहज ढङ्गले खेल्न पाउने कानुनी आधार राज्यले बनाओस् भन्न चाहन्छु । यति मात्र भयो भने पनि देशको पैसा विदेशिदैन, यहाँका क्यासिनोहरू अझ व्यवस्थित, स्थायित्व र सुरक्षाको महसुस गरी स्थायी तवरले सञ्चालन भइरहने छन् भन्न चाहन्छु ।

❖ **तपाइँको सङ्गठनले मजदुरका हक अधिकारका लागि के कति काम गर्‍यो त ?**

सर्वप्रथमतः क्यासिनोमा रहेको करार र ज्यालादारी प्रथाको अन्त्य गरी सबै मजदुर समान रूपमा स्थायी बनाउने काम गरियो, किनभने जो मजदुरहरूले २४० दिन काम गरिसकेका थिए, तिनीहरूलाई स्वतः स्थायी गराउने काम हाम्रो सङ्गठनबाट भयो । दोस्रो कुरा क्यासिनोमा गेस्ट रिलेसन (मार्केटिङ) मा काम गर्ने महिला मजदुरहरूलाई पहिलो पटक क्यासिनो र्‍याडमा स्थायी गराउने काम भएपछि त्यसैअनुरूप अन्य क्यासिनोमा कार्यरत महिला G.R.A. मजदुरलाई स्थायी बनाउने काम भयो । तेस्रो कुरा हाम्रो सङ्गठन आइसकेपछि पटक-पटक गरेर तलब भत्ता र बोनस बढाउने काम गर्दै हाल July First 2010 देखि क्यासिनो र्‍याडका मजदुरहरूलाई पनि खुद नाफाको २४ प्रतिशतका मालिक बनाउने सम्मका कामहरू हाम्रो गौरवशाली सङ्गठनबाट भएको छ । सम्पादक ज्यू यी लगायत थुप्रै सानातिना प्रगतिहरू भएका छन् जुन उल्लेख गरिसाध्य छैन ।

❖ **अन्त्यमा के भन्नुहुन्छ ?**

➲ हाम्रो गौरवशाली सङ्गठन मजदुरका हक, अधिकार रक्षाको निमित्त समयसापेक्ष परिवर्तित कालखण्डअनुसार लडिरहने छ, त्यसको लागि सम्पूर्ण मजदुर साथीहरूको साथ सहयोग निरन्तर हामीलाई चाहिने र अन्य सङ्गठनका साथीहरू हाम्रो सङ्गठनमा आउने क्रम भइरहेकाले बाँकी साथीहरूलाई पनि हाम्रो सङ्गठनमा आउन हार्दिक स्वागत गर्दछौं किनभने मजदुरको हकहितको लागि हाम्रो सङ्गठनबाहेक अर्को सङ्गठनको विकल्प नभएको कुरा पुष्टि भइसकेको छ । ००

# सगरमाथाका उत्पादनहरू

१. केसरानी तेल
२. ब्युटी फेश प्याक
३. तुलसी चिया
४. छाला रोगनासक मलहम
५. दन्त प्रभा दन्तमन्जन
६. पाचक चूर्ण
७. हिमाली तेल

उत्पादक:

**सगरमाथा हर्वल उद्योग**

धापासी–८, काठमाडौँ, नेपाल

फोन : ०१–६२२१४१२


१. ग्यास्ट्रिक हरण चूर्ण
२. हिमसागर तेल
३. वचा चूर्ण
४. अस्वगन्धा चूर्ण
५. जटामासी चूर्ण
६. त्रिफला चूर्ण
७. अविपतीकार चूर्ण
८. यष्ठीमधु चूर्ण
९. लवण मास्कर चूर्ण
१०. शिलाजीत पेस्ट
११. सितो पलादी चूण
१२. हिङ वाष्टक चूर्ण
१३. रोहित क्यादी चूर्ण
१४. आम लक्की चूर्ण
१५. निमवादी चूर्ण
१६. विलवादी चूर्ण
१७. सतावर्यादी चूर्ण

उत्पादक:

**सगरमाथा आयुर्वेदिक औषधी उद्योग**

नयाँपाटी –३, काठमाडौँ, नेपाल

फोन: ०१–४३८९०३१










हाम्रो उत्पादनहरू
ग्याष्ट्रिक हरण चूर्ण, अविपत्तिकर चूर्ण, यष्ठिमधु चूर्ण, हिङ्गवाष्टक चूर्ण, लवणभाष्कर चूर्ण, सितोपलादि चूर्ण, वचा चूर्ण, रोहितक्यादि चूर्ण, अश्वगन्धा चूर्ण, हिमसागर तेल, बिल्वादि चूर्ण, सतावर्यादि चूर्ण, आमलकी चूर्ण, सिलाजित, त्रिफला चूर्ण ।

Sagarmatha Ayurvedic Ausadhi Udhyog
P.O.Box: 19767
Nayapati-3, Kathmandu, Nepal
Tel No.: +977-1-4800978 (Factory), +977-1-6221412 (Office)
Fax: +977-1-4800982

## आयुर्वेद

के तपाइँको घर परिवारमा छारे रोग भएका रोगी छन् ? अब नआत्तिनुहोस् । यस रोगलाई निको पार्न अब आफ्नै गाउँघरमा पाइने जडीबुटी खोज गरी रोगको निदान गर्न सक्नुहुनेछ । छारे रोगको लागि चाहिने जडीबुटीहरू यसप्रकार छन् :-

| | |
|---|---|
| १. छुठ | २. अस्वगन्धा |
| ३. सिधेनुन | ४.अजमोदा |
| ५.सेतोजिरा | ६.कालोजिरा |
| ७.सुठो | ८. मरिच |
| ९. बाटुलपोत | १०.शंखपुष्पी |
| ११.बोजो | |

यी माथिका जडीबुटी खोजतलास गरी राम्रोसँग पानीमा पखाली घाममा सुकाउनुहोस् । राम्रोसँग सुकेपछि प्रत्येक जडीबुटी पाँच सय ग्रामका दरले मिसाउनु र मसला पिस्ने मिलमा पिस्नु ! राम्रो बट्टामा राख्नु र एक-एक चम्चा बिहान-बेलुका महसँग तीन वर्षसम्म खानु छारेरोग (मृगी) निको हुन्छ ।

**नोटः** माथिका जडीबुटी खोजमेल गर्ने कठिनाइ भएमा सगरमाथा आयुर्वेदिक औषधी उद्योगले बजारमा ल्याएको छ **वचाचूर्ण** खोजेर खानसक्नु हुनेछ । ००

## हाम्रो प्यारो सिजुवा



मोरङ जिल्लाकै नमुना गाउँ हो सिजुवा
रङ्गेलीबाट हाईवे बाटो पुगी भएको छ सुविधा

उर्लाबारीबाट केहीछिनमै पुगिन्छ छैन अलमल्ल
बिजुली बत्तीले भएको छ टोलटोल झलमल्ल

सिजुवा गाविसका बासिन्दा साह्रै रमाएछन्
विकास गरुँ भनेर कुटो कोदालो समाएछन्

मिली सबै सिजुवाली स्नातक क्याम्पस खोले बीबीएस्
पढ्न अन्य ठाउँका विद्यार्थी धाउन थाले

दुवै सडक किनारा बिरुवा रोपी हरियाली बनाऊँ
नमुना गाउँ हो सिजुवा पर्यटकलाई हामी चिनाऊँ

बाख्रा, माछा, कुखुरापालन विकासको मूल फुटाऊँ
चाहिने सबै स्रोत-साधन समयमै जुटाऊँ

परिश्रमी सिजुवाली दूध बेचेर साह्रै रमाए
पशुपालनबाट नगदका बिटा हात हातमा समाए ।

**संकलन : विनोद पौडेल**


# ADMISSION OPEN

## For Class XI

in

**Sci., Mgmt., Hum. & Edu**
**Morning & Day Shift**

# NIMS COLLEGE

**Affiliated to HSEB & TU (BBS, BA & B.Ed.)**
**Nepali Institute of Management & Science**
**Lagankhel, Laltipur**
**Phone- 5535872, 5540931, 5538017**



# पूर्वराजा ज्ञानेन्द्रको जन्मोत्सव भव्यताका साथ मनाइयो





पूर्वराजा ज्ञानेन्द्रको ६४ औं जन्मोत्सव भव्यताकासाथ मनाइयो । गत असार २३ गते निर्मल निवासमा पूर्वराजा ज्ञानेन्द्रको जन्मोत्सव मनाइएको हो । जन्मोत्सवका दिन ज्ञानेन्द्रलाई शुभकामना दिन राप्रपा नेपालका अध्यक्ष कमल थापा, पूर्वप्रधानमन्त्री मरिचमान सिंह, पूर्वमन्त्री रमेशनाथ पाण्डे, राप्रपा नेता भुवन पाठक शुभकामना दिन निर्मल निवास पुगेका थिए । छोरा पारस र नाति हृदयेन्द्रले पनि पूर्वराजा ज्ञानेन्द्रलाई शुभकामना दिएका थिए ।

शुभकामना दिन निर्मल निवास पुगेका सर्वसाधारणले ज्ञानेन्द्रलाई आफ्नो पीरमर्का मात्र सुनाएनन्, 'सरकार' भन्दै बिन्तीपत्र समेत बुझाएका थिए । कतिपयले आफूलाई न्याय दिन माग गर्दा पूर्वराजा ज्ञानेन्द्रले मुन्टो हल्लाएका थिए । 'सरकार, मलाई अन्याय पर्‍यो, न्याय दिलाइपाऊँ' एकजनाले यसो भनेलगत्तै अर्कोले भन्न थाले 'सरकार, सबै कुरा बिन्तीपत्रमा जाहेर गरेको छु ।' निर्मल निवासमा जन्मोत्सवको शुभकामना दिन पुगेका सर्वसाधारणले पूर्वराजा ज्ञानेन्द्रलाई यस्तै यस्तै भनेका थिए ।

जन्मोत्सव मनाउन निर्मल निवास पुगेका सर्वसाधारणले 'राजा आऊ देश बचाउँ' र 'हाम्रो राजा हाम्रो देश प्राणभन्दा प्यारो छ' भन्दै नाराबाजी गरेका थिए । पूर्वराजा ज्ञानेन्द्रलाई शुभकामना दिन पुगेका शुभचिन्तक र शुभेच्छुकको ठूलो सङ्ख्याले निर्मल निवास वरिपरिको आवागमन केही समय प्रभावित भएको थियो ।

ज्ञानेन्द्रलाई शुभकामना दिनेको लाम निर्मल निवासको उत्तरी कम्पाउण्डसम्म देखिन्थ्यो । लामको कारण सडकमा केही समय ट्राफिक व्यवस्थासमेत प्रभावित भएको थियो । निर्मल निवासभित्रको रौनक पनि बाहिरको भन्दा ज्यादै रमाइलो रहेको थियो । कलाकारको एउटा टोलीले निर्मल निवासभित्र गीत गाइरहेको थियो । मानौं कुनै गजल सुनाउने कार्यक्रम थियो त्यहाँ । 'बगेको छ छहरा रगतमा मेरो' बोलको गीतसँगै अर्कोतर्फ पञ्चैबाजा पनि घन्किरहेको थियो ।

सर्वसाधारण नागरिकले राजाप्रति आफ्नो आस्था बढ्दै गएको बताएका छन् । राजनीतिक दलहरूको खिचतानीले दिक्क भएका जनता 'राजा आउ देश बचाऊ' भन्न थालिसकेका छन् । पूर्व राजाले पनि जनताको चाहना नै हाम्रो कामना भएको बताएका छन् । ०० 

## दुःख व्यक्त

पूर्वराजा ज्ञानेन्द्र शाहबाट आफू सहभागी भएको भक्तपुरको चित्तपोल -७ भङ्गालमा आयोजित महायज्ञ समापन कार्यक्रमका बेला आफ्ना सुरक्षाकर्मीबाट सञ्चारकर्मीहरूमाथि गरेको कुटपिटसहितको दुर्व्यवहारप्रति दुःख व्यक्त गर्नुभएको छ । **पूर्वराजाका निजीसचिव डा. फणिराज पाठक**द्वारा जारी विज्ञप्तीमा सो कुरा उल्लेख भएको हो । महायज्ञबाट सहभागी भई फर्किने क्रममा सो घटना भएको थियो ।



# देशको नशा

– सुश्री भद्रकुमारी घले

जनजातिले मुक्ति चाहेको छ
मधिसेले अधिकार खोजेको छ
हामी नारी अलपत्र परेका छौं
अछुत भनेकाहरूले पनि टाउको उठाएको छ ॥१॥

आठ पार्टीले नानीलाई पापा देखाएको छ
माओवादीले अधिकार चिनाएको छ
सम्पूर्ण अधिकार-पीडित गर्जीए उठेर
आज यो राष्ट्रको नागरिकले अधिकार मागेको छ ॥२॥

मधेशमा मधिसे फोरमले आगो बालेको छ
जनजाति पनि आफ्नो क्षेत्रमा जागेको छ
आठ पार्टीले के निर्णय गर्ने हो
के कति अधिकार दिने निर्णय गर्ने छ ॥३॥

आजदेखि म मुक्तक लेख्न लागेकी छु
मनको भावनालाई कलमले खेलाएकी छु
सफल-असफल भगवानमा छोडी
म कलम धसिरहेकी छु ॥४॥

मुक्तक चार लाइनको लेखिँदो रहेछ
त्यस भावना बाँधिनु पर्दो रहेछ
तेस्रोलाई स्वतन्त्र छाडेर
चौथो तुकाबन्दी गर्नुपर्दो रहेछ ॥५॥

यस प्रकार चार लाइनमा कोरेको रचनालाई मुक्तक भन्दो रहेछ
यस चार लाइनमै आफ्ना भावना पोख्नु पर्दो रहेछ
जसरी भए पनि चार लाइनभित्र बसी
हामीले यसमा लेख्नु पर्दोरहेछ ॥६॥

मैले पनि मुक्तक लेख्न सिकिरहेकी छु
मुक्तक यस्तै त हुँदोरहेछ कलम धसेकी छु
पढ्नेले छुट्याउने छन् ठीक बेठीक के छ
मेरो काम लेख्ने हो लेखिरहेकी छु ॥७॥











यस **अग्निचक्र** राष्ट्रिय मासिक पत्रिकामा व्यावसायिक तथा शुभकामना विज्ञापन छपाइ आफ्नो व्यापार/व्यवसाय अभिवृद्धि गर्न चाहनुहुने महानुभावहरूले निम्न नम्बरमा सम्पर्क गर्नुहोला ।

**सम्पर्क नम्बरः ९८५१०४०३३०, ९८४१३०८८३४**

**Email: news@agnichakra.com.np , agnichakramasik@gmail.com**



# मजदुरहरूको सुविधा समयसापेक्ष बढाउँदै लैजानुपर्छ

**खिलबहादुर खनाल**

दोस्रो जनआन्दोलनपछि मजदुरहरूका आवाज घनिभूत रूपमा उठ्न थालेका छन् । पहिले मजदुर भनेका वस्तु हुन् भन्नेहरू अहिले मजदुरका हक, हित र अधिकारका पक्षमा खुलेरै वकालत गर्न थालेका छन् । मजदुरहरूलाई खुसी नतुल्याएसम्म उनीहरूबाट काम लिन सकिँदैन भन्ने भावनाको विकास भएको छ । सामन्तवादीहरूमा भएको यस्तो परिवर्तित सोचले मजदुरहरूलाई केही हदसम्म राहत पुग्ने अपेक्षा गरिएको छ । डर र त्रासमा वर्षौं बिताइसकेका मजदुरहरू आफ्ना अधिकारप्रति सचेत भएका छन् । लोकतान्त्रिक परिपाटीले उनीहरूलाई बुझ्ने मौका मिलेको हो । एकीकृत नेकपा माओवादी भूमिगत हुँदा मजदुरका हक-अधिकारका बारेमा जनचेतना जगाउने काम भयो । आफूलाई अन्याय पर्दा समेत डराउने मजदुरहरू आजभोलि विना हिच्किचाहट बोल्न सक्ने भएका छन् । मजदुरहरूमा यस्तो सोच वा चेतनाको विकास गराउने जस एनेकपा माओवादीको हो । माओवादीका भातृसङ्गठनहरूले पनि मजदुरलाई चनाखो बनाउने काम गरेका छन् ।

क्यासिनो क्षेत्रमा काम गर्ने मजदुरहरूलाई आफ्नो हक-हितको बारेमा जनचेतना जगाउने काम संसदमा रहेको सबैभन्दा ठूलो पार्टी एनेकपा माओवादीको भातृसङ्गठन क्यासिनो क्रान्तिकारी युनियनले गरेको छ । क्यासिनो सञ्चालन गर्दाको समयमा मजदुरहरू डर-त्रासमा हुन्थे । मालिकको चाकडी पुगेन भने जागिर गुमाउन विवश हुन्थे । कुन बेला कसको रोजीरोटी गुम्ने हो थाहा नै हुँदैनथ्यो । मजदुरका नेता भनिएका तथाकथित नेताहरू व्यवस्थापकले जता लाग् भन्यो त्यतै लाग्ने गर्दथे । मजदुरका समस्याहरू समाधानभन्दा पनि आफ्नो जागिर कसरी जोगाउने भन्नेतिर केन्द्रित भएका थिए ।

दोस्रो आन्दोलनपछि क्यासिनोका शोषित-पीडित मजदुरहरू आफ्नो पीडा र व्यथा बुझिदिने मजदुर नेताको खोजीमा थिए । दसवर्षे जनयुद्धकालमा त्यस्ता नेता जन्माउने काम एनेकपा माओवादीले गऱ्यो । त्यसबेलादेखि शोषित, पीडित, मजदुर किसानहरूका आवाजहरूलाई बुलन्द गर्ने कामको सुरुवात भयो । भूमिगतकालमा मजदुरहरूका आवाजलाई व्यवहारमा लागु गर्न कठिन थियो । सैद्धान्तिक रूपमा मजदुरहरूका हक-हित के के हुन् । तिनीहरूलाई पहिचान गर्ने मात्र काम गरियो । दसवर्षे द्वन्द्वकाल पछि मजदुरका हकहितका बारेमा व्यावहारिक तबरले उजागर गर्ने काम गरियो । मजदुरहरू विस्तारै आफ्ना सुविधा लिन सफल भए ।

*वार्षिक दुई करोडका दरले रोयल्टी बापत सरकारलाई कर तिर्ने यस्ता संस्थाप्रति सरकारले पनि उचित ध्यान दिनुपर्छ । उनीहरूको मानमर्दन गर्ने काम गर्नु हुँदैन, संरक्षण गर्नु जरुरी छ । क्यासिनो सञ्चालक वा व्यवस्थापक साथै मजदुरहरूका हकहित, सुविधाका बारेमा पनि सरकारले ध्यान पुऱ्याउँदै जानु पर्दछ ।*

एनेकपा माओवादी पार्टीको संरक्षण र पहलमा बनेको क्यासिनो क्रान्तिकारी युनियनले मजदुरहरूको हक-हितमा आवाज उठाउने गऱ्यो । मेरो कार्यकालमा १२ महिना काम गरेका मजदुरलाई १८ महिनाको सुविधा दिन सफल भए । मालिकहरू आउँछन्, जान्छन्, फेरिन्छन् तर मजदुरहरू जुनसुकै मालिकहरू आउँदा पनि उनीहरूका सुविधामा कटौती गर्नु हुँदैन भन्ने ध्येय हामीले लियौं । मजदुरहरूले पाउने सबै किसिमका सुविधाहरू हामीले पाउनुपर्छ, पाएका छौं र समयसापेक्ष त्यसलाई बढाउँदै लैजान दबाब पनि दिने छौं । पहिला-पहिला मजदुरहरूले समयमै तलब भत्ता पाउँदैनथे । महिनाको एक तारिख पाउनुपर्ने तलब महिनाको २७-२८ तारिख पाउने गर्दथे । तर, हामीले त्यसलाई परिवर्तन गरी महिनाको एक तारिखमै तलब ख्वाउन दबाब दियौं । अहिले मजदुरहरूले एक तारिखमै तलब पाउन थालेका छन् ।

नेपालमा हाल ९ वटा क्यासिनो सञ्चालनमा छन् । ती क्यासिनोका मजदुरहरूले मालिकको पीडा खेप्न नपरोस् भन्नेतर्फ हामी सचेत भएका छौं । विदेशी मुद्रा आर्जन गर्ने थलोको रूपमा क्यासिनोलाई लिइन्छ । विदेशी पर्यटकहरू क्यासिनो खेलको मज्जा लिन नेपाल आउँछन् । उनीहरूलाई भरपुर मात्रामा मनोरञ्जन र सन्तुष्टि दिइयो भने विदेशी मुद्रा सजिलै नेपालमा भित्रिन सक्छ । विदेशीहरूलाई नेपालप्रति आकर्षण वा विकर्षण बनाउने काम मजदुरको हातमा हुन्छ । उनीहरूप्रति सेवाभाव दर्शाउन सकियो भने उनीहरू नेपालमा लामो समय बस्न सक्दछन् र विदेशी मुद्रा प्रशस्त मात्रामा खर्च गर्न सक्दछन् । नेपाल सरकारले सन् २०११ लाई पर्यटन वर्षको रूपमा मनाउने घोषणा गरेको छ । यस्तो अवस्थामा त पर्यटकहरूलाई अझ तान्ने कोसिस गर्नुपर्छ । पर्यटकहरुलाई नेपालप्रति आकर्षण गराउने काम मजदुरको हातमा हुन्छ । यति धेरै शक्ति भएको मजदुरलाई अवमूल्यन गरिनु कदापि हुँदैन ।

मेरो कार्यकालमा क्यासिनो रोयलमा जे जति काम गरें त्यति नै काम अरू मजदुर सङ्गठनका नेताले गर्ने हो भने मजदुरले दुःख पाउने छैनन् । मजदुरहरुले मेरो कार्यकालको मूल्याङ्कन गरेकै हुनुपर्छ । वार्षिक दुई करोडका दरले रोयल्टी बापत सरकारलाई कर तिर्ने यस्ता संस्थाप्रति सरकारले पनि उचित ध्यान दिनुपर्छ । उनीहरूको मानमर्दन गर्ने काम गर्नु हुँदैन, संरक्षण गर्नु जरुरी छ । क्यासिनो सञ्चालक वा व्यवस्थापक साथै मजदुरहरूका हकहित, सुविधाका बारेमा पनि सरकारले ध्यान पुऱ्याउँदै जानु पर्दछ । ००

विभिन्न किसिमका गरगहना, राशि अनुसार पत्थरसहितका औँठीहरूको लागि हामीलाई सम्झनुहोस् ।

**वराह ज्वेलरी इण्डस्ट्रिज प्रा.लि.**

*धरान, सुनसरी,* *न्युरोड काठमाडौं, नेपाल* *लण्डन (युके)*

# वैदेशिक रोजगारका लागि भरपर्दो "निविदा"



विदेशमा कामदार पठाउने धेरै मेनपावर कम्पनीहरू छन् । तर, ती सबै मेनपावर कम्पनीहरू विश्वसनीय नहुन पनि सक्छन् । अहिले वैदेशिक रोजगारका लागि एउटा भरपर्दो मेनपावर कम्पनीको रूपमा चर्चामा आएको कम्पनी हो- निविदा कन्सर्न प्रा.लि. । यस कम्पनीका **प्रबन्ध निर्देशक नरेश वास्कोटा** हुन् । उनी पूर्वी नेपालको पाँचथर नागी -२ मा आजभन्दा ३६ वर्ष पहिले जन्मेका हुन् । बास्कोटा विगत १३ वर्षदेखि लगातार इमान्दार, कर्तव्यनिष्ठ, लगनशील, कुशल र अनुभवी व्यवसायीको रूपमा परिचित छन् उनले 'अग्निचक्र'सँग भने

NICO NIWIDA CONCERN PVT. LTD.
Govt. Licence No. 711/064/65
Web: www.niwidaconcern.com

'व्यवसायमा इमान्दारिताका साथ काम गरेकोले नै वैदेशिक रोजगारीमा जानेहरूले मलाई सम्झन्छन् ।'

लामो समय वैदेशिक रोजगारको अनुभव बटुलेका प्रबन्ध निर्देशक बास्कोटा बाहिरी एजेन्टहरू जो व्यवसायमा संलग्न छैनन्, तिनीहरूले ठगी गरेका कारण यो पेसा बदनाम भएको हो भन्छन् । उनले ठग्ने मान्छेले त ठग्छ नै तर ठगिने मान्छेको पनि यसमा अपरिपक्वता भएकै कारण धेरैजसो ठगिने गरेको बताउँछन् ।

उनको निविदा कन्सर्न प्रा.लि.ले गल्फ कन्ट्रीहरूमा नै बढी मानिसहरू पठाउँदै आएको छ । जसमा युएई, कतार, साउदी अरेबिया, ओमन, बहराइन आदि देशमा पठाइरहेको र छिट्टै नै लिबिया पठाउने सोच बनाएको पनि प्रबन्ध निर्देशक बास्कोटाले 'अग्निचक्र'लाई बताए । उनको मेनपावर कम्पनीले व्यक्तिको योग्यता, क्षमता र तालिमअनुसारको रोजगारी दिने गर्छ र त्यसैलाई आधार मानेर वैदेशिक रोजगारीमा पठाउने गरेको छ ।

वैदेशिक रोजगारमा गएका व्यक्तिले पठाएको रेमिट्यान्सको रकमले नेपालको अर्थतन्त्र धानिरहेको छ । यसलाई व्यवस्थित गर्न सकियो भने मात्र पनि नेपालको अर्थतन्त्र उकालो लाग्न सक्ने धारणा प्रबन्ध निर्देशकको छ । उनले सबै मेनपावर कम्पनीलाई कानुनको दायरामा ल्याई चुस्त, दुरुस्त बनाउन पनि सरकारसँग आग्रह गर्नुभयो । ००

# नाफामा ओम फाइनान्स

पोखराको न्युरोडमा व्यावसायिक कम्प्लेक्सको निर्माण गरी प्रधान कार्यालय बनाउने र कम्पनीलाई छिट्टै विकास बैंक बनाउने योजना रहेको ओम फाइनान्सले गत आर्थिक वर्षको १२ महिनामा रु. ५ करोड ४५ लाख सञ्चालन मुनाफा गरेको कुरा 'अग्निचक्र'लाई बताएको छ । भक्तपुरमा समेत नयाँ शाखा खोल्ने तयारी गरेको ओमले चाडै नै एटिएम र एसएमएस बैंकिङ सेवा सुरु गर्ने छ । फाइनान्सका अनुसार कम्पनीले जारी गरेको एक बराबर एकको हकप्रद शेयर पछि यसको चुक्ता पुँजी रु. २१ करोड हुनेछ । सञ्चालन मुनाफाको सोही अवधिमा कम्पनीले रु.एक अर्ब ५० करोड निक्षेप सङ्कलन गरी रु. एक अर्ब ४७ करोड कर्जा लगानी गरेको छ ।

# अन्नपूर्णको बचत खातामा १२ प्रतिशत ब्याज

बनेपामा प्रधान कार्यालय रहेको अन्नपूर्ण विकास बैंक लि.ले मुद्दतीको कुरै छोडौं बचत खातामै दैनिक १२ प्रतिशत ब्याज पाऊँ भन्ने नाराका साथ दैनिक मौज्दातमा ब्याज, त्रैमासिक ब्याज भुक्तानी निःशुल्क ABBS, ३६५ दिन बैकिङ्ग सुविधा, सन्ध्याकालीन काउन्टर तथा निःशुल्क गुडफर पेमेन्टजस्ता विशेषता ल्याएर ग्राहक वर्गमाझ आएको कुरा उक्त बैंकले जनाएको छ ।

# NCELL को १ रूपैयाँ ९९ पैसा

एनसेलका सिइओ पासी कोस्तिनेनले 'अग्निचक्र'लाई दिएको जानकारीअनुसार टेलिफोन सेवा सहज र थप प्रभावकारी बनाउन कम्पनीको लक्ष्यअनुसार महसुल दर घटाई अबदेखि Ncell को मोबाइलबाट फोन गर्दा प्रति मिनेट एक रूपैयाँ ९९ पैसा भन्दा बढी तिर्नुपर्ने छैन । उनका अनुसार यस अघि दूरसञ्चार सेवा प्रदायक कम्पनीअनुसार मूल्य फरकफरक रहेकोमा अब आइन्दादेखि जुनसुकै कम्पनीको नेटवर्कमा फोन गरे तापनि लाग्ने शुल्क एक रूपैयाँ ९९ पैसा मात्र (प्रतिमिनेट) लाग्ने छ । ००



## वैदेशिक रोजगारका लागि विश्वासिलो ठाउँ

# फजल इन्टरनेसनल प्रा.लि.

सिनामंगल, काठमाडौं ।

फोनः ४११०५४१, ४११०५४२, फ्याक्स : ४११०५४०

Email: fazal2007intl@hotmail.com




यहाँ सबै प्रकारका मोटरसाइकल सर्भिसिङ गर्नुका साथै
खरिद बिक्री पनि गरिन्छ ।

**प्रो. कृष्ण महर्जन**
सम्पर्क : ९८४१५३३६२१



# सागर मोटरसाइकल वर्क सप

रेडक्रसमार्ग, सोल्टीमोड
ग्रान्डहोटल अगाडि

## वैदेशिक रोजगारका लागि
## सुरक्षित र भरपर्दो ठाउँको खोजीमा हुनुहुन्छ ?

# मुगल इन्टरनेसनल

## सर्भिसेज प्रा.लि.

MIS
Govt. Lic. No.
470/060/061

नयाँ वानेश्वर, काठमाडौं, नेपाल ।

सम्पर्क : ९८५१०७९९४६, + ९७७ - ०१-४४८६१५५, फ्याक्सः +९७७-०१-४४७८९३५
पो.ब.नं ८९७३, ई.पी.सी. २९९

Email: msintl@wlink.com.np. Website: www.overseasofnepal.com

# tkf0{sf] of] dlxgf

ज्यो. राजनप्रसाद खतिवडा

## मेष (चू चे चो ला ली लु ले लो अ)

महिनाको प्रारम्भमा परेसानी अनिष्ट कार्य कार्यावरोध मानसिक चिन्ता हुनेछ । अरू दिन चिताएको काम पूरा हुनेछ । नयाँ कार्यको थालनी गर्दा राम्रो होला महिनाको अन्त्यमा अनावश्यक भ्रमण गर्नु पर्नेछ । उदर विकार, धन हानी, व्यापारमा असफल, आलस्यता बढ्नेछ ।

## वृष (इ उ ए ओ वा वी वु वे वो)

तपाईंको यो महिनाको प्रारम्भमा सामान्य रहे तापनि अन्य दिन शुभप्रद छ । मानसम्मान पाउनु हुनेछ । ख्यातिप्रति कार्य हुनेछ । आर्थिक लाभ, मन प्रसन्न रहला, भावना प्रदान काम हुनेछ । सर्वसिद्धि हुनेछ तर स्वास्थ्यमा गढबढी हुनेछ ।

## मिथुन (का कि कु घ ङ छ के को हा)

यो महिना तपाईंको सामान्य रहे तापनि धार्मिक कार्यमा अभिरुचि रहनेछ । कार्यसिद्धि हुनेछ । नयाँ मित्रसँग भेट, नयाँ समाचारले मन प्रसन्न रहला भने यात्रामा असफल चरित्रप्रदान कार्य होला, स्वास्थ्य पनि गडबडी रहला ।

## कर्कट (ही हु हे हो डा डि डु डे डो)

तपाईंको यो महिनामा प्रारम्भमा अनुकूलता, उद्योगव्यापारमा सफल, कार्यसिद्धि शुभ समाचार प्राप्ति भए तापनि अन्य दिन तपाईंको अनिष्टप्रद छ । आर्थिक व्यय, परेसानी, छातीमा दर्द, अनावश्यक यात्रामा घाटा आफ्नै क्रोधले काम बिग्रने छ ।

## सिंह (मा मि मू मे मो टा टी टु टे)

तपाईंको यो महिना धन नाश, सुखमा कमी, जिद्धिपनाले काम बिग्रने, अपव्यय होला अनावश्यक झगडा पर्नेछ । पितृवियोग, कठोर परिश्रम गर्नु परे तापनि महिनाको अन्तिममा समस्याको समाधान हुन सक्नेछ । शुभसमाचारले मन प्रसन्न रहला । पठनपाठनमा रुचि बढ्दै जानेछ ।

## कन्या (टो प पी पु ष ण ठ पे पो)

यो महिना तपाईंको भाग्योदय हुनेछ । कार्यसिद्धि होला । व्यापार धन्दामा राम्रो आम्दानी होला । शुभ एवं सुखद् समाचारले मन प्रसन्न रहला, शत्रुबाट विजयी पाउनु हुनेछ । आफन्तको सहयोगबाट नयाँ काम बन्ने छ ।

## तुला (र री रु रे रो ता ती तू ते)

तपाईंको यो महिनाको अन्तिममा अत्यन्त राम्रो छ । घरायसी सुख पाउनु हुनेछ । उज्ज्वल आर्थिक लाभ होला । बाँकी दिन मानहानी, निराधार व्यर्थ विवाद, मानसिक चिन्ता, आफन्तबाट नै अपव्यय सहनुपर्ला । पत्नी झगडा शरीरमा आलस्यता आउला, कठोर परिश्रम गर्नुपर्ला ।

## वृश्चिक (तो ना नी नू ने नो या यि यु)

यो महिनाको प्रारम्भ राम्रो छ । गृहस्थ सुखमय हुनेछ । पति-पत्नीमा प्रेम भाव बढ्नेछ, बाँकी दिन तपाईंको मानसिक चिन्ता गृहकलह, शत्रु वृद्धि, आलस्यता आउला । शारीरिक आपत्ति पनि आउला ।

## धनु (य यो भा भी भू ध फा ढ भे)

तपाइको यो महिनाको सुरुमा र अन्त्यमा शोक समाचार प्राप्त हुनेछ । कार्यसिद्धिमा बाधा रहला अनावश्यक भ्रमण गर्नु परे तापनि बाँकी दिन राम्रो छ । शत्रुबाट विजयी, आकस्मिक लाभ हुनेछ । मनमा प्रसन्न रहला, घरायसी सहयोग पाउनु हुनेछ ।

## मकर (जो जा जी खी खू खे खो गा गी)

यो महिना तपाईंको स्वास्थ्यमा गडबडी, लिङ्गपीडा, शोक समाचारले मन खिन्नता रहला । बाँकी दिन महिनाको अन्त्यमा सुखमा वृद्धि, स्वास्थ्यमा लाभ, शत्रु परास्त, पठनपाठनमा उन्नति एवं उद्योग व्यापारमा सफलता होला ।

## कुम्भ (गू गे गो सा सी सु से सो द)

यो महिनाको प्रारम्भ र अन्त्यमा अत्यन्त राम्रो छ । सुखमा वृद्धि स्वास्थ्यमा लाभ सम्मान पाउने योग छ । सन्धि-सम्झौता रहला शत्रु परास्त हुनेछ । बाँकी दिन घरायसी विवाद, रोग बढ्नेछ । सामाजिक मर्यादामा आँच आउनेछ ।

## मीन (दि दू थ झ ञ दे दो चा ची)

यो महिनाको प्रारम्भमा राम्रो छ । आफन्तबाट सहयोग पाउने, स्वास्थ्य लाभ घर जग्गाको कारोबार गर्ने योग छ । यात्रा सफल भए तापनि बाँकी दिन परेसानी, अनिष्ट कार्यावरोध यात्रामा सावधानी अपनाउनु होला । मानसिक चिन्ता हुनेछ ।

काठमाडौं महानगरपालिकाद्वारा सञ्चालित
मेट्रो एफ.एम. ९४ बिन्दु ६ मेगाहर्ज

बिहान ५ : ३० बजेदेखि राति १० बजेसम्म तपाईंको साथमा



# निखिल + सञ्चिता – कोपिला

नायक निखिल उप्रेती र नायिक सञ्चिता लुईंटेलले लामो समयदेखि विवाह बारेमा सञ्चार माध्यमबाट सास्ती खेपे पनि अन्ततः निखिल आफैले सञ्चितासँग बिहे भएको कुरा स्वीकारेको खबर हिजोआज मिडिया माझ व्यापक बन्दै गइरहेको छ । एक फिल्मी सञ्चारमाध्यमलाई इमेल मार्फत पत्र पठाई निखिलले सञ्चिताले भन्दै आएजस्तो दुई वर्ष अगाडि सर्लाहीको भुवनेश्वरी मन्दिरमा बाबुआमालाई साक्षी राख्दै र आफ्नी श्रीमती कोपिलालाई समेत थाहा दिई सञ्चितासँग बिहे गरेको कुरा स्विकारिसकेका छन् । हाल निखिल र सञ्चिता केही समयदेखि मुम्बइमा बस्दै आएका छन् । ० ०

## उद्धव पौड्यालाई फर्केर हेर्दा

नेपाली चलचित्र जगत्का पुराना हस्ती उद्धव पौड्यालद्वारा प्रस्तुत चलचित्र फ्ल्यासब्याक अर्थात् फर्केर हेर्दा देशभर एकैसाथ प्रदर्शनमा आएको कुरा निर्देशक पौडेलले अग्निचक्रलाई बताएका छन् । अनुभवी तथा सफल निर्देशक भनेर चिनिने गरेका निर्देशक दयाराम दाहालले निर्देशन गरेको "फर्केर हेर्दा" गोपीकृष्ण मुभिजको ब्यानरमा निर्मित तथा उज्वल⁄ निकिता⁄ निरज र निरक पौड्यालले निर्माण गरेका हुन् । चलचित्रमा नीर शाह, निखिल उप्रेती, रेजिना उप्रेती, आर्यन सिग्देल, युना उप्रेती, जेनिसा के.सी. लगायतका कलाकार मुख्य भूमिकामा छन् । फ्ल्यासब्याक (फर्केर हेर्दा) को सफलताको लागि 'अग्निचक्र'को पनि शुभकामना ॥ ००

SUMERU INTERNATIONAL REMIT PVT. LTD
Post Box No. 6251, New Baneshwor, Sumeru Corner House
Phone: 4490475, 4499574,4499386
Fax: 01-4490687
email:info@sumeruremit.com
URL:www.sumeruremit.com